२०औं वार्षिकोत्सव
यात्रा २१ औं वर्षको
मध्यान्ह

# सहन शक्ति

१२ माघ २०७९, बिहीबार । 26 January 2022, Thursday

# संकट थेग्ने सामर्थ्य



मदनकुमार श्रेष्ठ

आमनिर्वाचन-२०७९ बाट नेपाली कांग्रेस संसदको सवैभन्दा ठूलो दल बनेको छ। तर कुनैपनि दलले एकल बहुमत ल्याउन नसक्दा दोस्रो ठूलो दल नेकपा एमाले नेतृत्वमा सात दलीय गठबन्धन सरकार बनेको छ । सरकारको नेतृत्व भने तेस्रो ठूलो दल नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले गरेका छन्। संसदमा कांग्रेस र एमाले झण्डै हाराहारीको शक्ति बन्नुको लाभ तेस्रो शक्ति माओवादीले उठाएको हो। ३२ सिटको माओवादी सरकार निर्माणमा निर्णायक शक्ति बन्नुको लाभ एमालेका अध्यक्ष केपी शर्मा ओलीले उठाए। तर तीनै तहको चुनावमा गठबन्धन गरी साझा उम्मेदवारी दिएको माओवादी केन्द्रका अध्यक्ष प्रचण्डसँग सहमति जुट्न नसक्दा कांग्रेसले सरकार निर्माणको दावी गर्ने अवसर समेत पाएन ।

राष्ट्रपति विद्यादेवी भण्डारीले संविधानको धारा ७६ (३) बमोजिम संयुक्त सरकारको दावी गर्न दिएको एक साताको समय सकिने अन्तिम दिनसम्म देउवा र प्रचण्डले आफू पहिले प्रधानमन्त्री बन्नुपर्ने अडान लिए । राष्ट्रपतिसहित पहिलो प्रधानमन्त्री आफू बन्ने देउवाको अडानमा प्रचण्ड असहमत हुँदै एमाले कित्तामा पुगेका थिए । एमालेले भने प्रचण्डलाई पहिलो प्रधानमन्त्री स्वीकारेको छ भने राष्ट्रपति र सभामुख लिने सहमति छ । तर कांग्रेससँग जस्तै एमालेसँग पनि प्रचण्डले आलोपालो प्रधानमन्त्रीकै सहमति गरेका छन् । त्यो सहमति अनुसार, एमालेका ७९, माओवादी केन्द्रका ३२, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का २०, राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का १४, जनता समाजवादी पार्टी (जसपा) का १२, जनमत पार्टीका ६, नागरिक उन्मुक्तिका ४ र तीन स्वतन्त्र सांसदको समर्थनमा सत्ता समीकरण निर्माण भएको छ।

यो सरकारमा नयाँ राजनीतिक शक्तिका रुपमा उदाएका चारै शक्ति समेटिएका छन्। रास्वपा, राप्रपा, जनमत र नागरिक उन्मुक्तिको समर्थनमा सरकार बन्नुलाई एक हिसाबले जनादेशको सम्मानका रुपमा समेत लिन सकिन्छ । पहिलोपटक सांसद बनेकाहरुलाई लिएर प्रचण्डले सरकार बनाउनु पनि संसदीय राजनीतिमा उत्साहकै विषय हो। तर संसदको ठूलो दल भएर पनि कांग्रेसले राज्य सत्ता सञ्चालनका सबै पद गुमाउने अवस्था सिर्जना भएको छ। त्यही कारण कांग्रेस प्रमुख विपक्षी भूमिकामा रहने भन्दा पनि राज्य सत्तामा भागबण्डाको आशामा प्रधानमन्त्र प्रचण्डलाई विश्वासको मत दिने निर्णयमा पुगेको देखिन्छ।



तर प्रचण्ड नेतृत्वमा नयाँ सरकार बन्नुलाई मुलुक सामान्यकालतर्फ नै उन्मुख भएको मान्नुपर्छ। मुलुक, संविधान र जनताका लागि त यही सरकार नै पाँचै वर्ष टिक्नु उचित हुने हो। किनकि गठबन्धनको सरकार बन्नासाथ भागबण्डामा सरकार ढलिरहनु राम्रो होइन । बिगतको राजनीति सधैं संक्रमणमा रहने गरेकैले पाँच वर्ष सरकार टिक्न सकेको थिएन। २०७४ को चुनावबाट तत्कालीन वाम गठबन्धन र पछि बनेको नेपाल कम्युनिष्ट पार्टी (नेकपा) लाई पाँचै वर्ष सरकार चलाउने जनादेश थियो। तर नेकपाको आन्तरिक कलहकै कारणले पाँच वर्ष सरकार टिकेन ।

बरु राजनीतिक कोर्स असमान्य अवस्थातिर गयो । प्रधानमन्त्रीको हैसियतमा ओलीले संविधानमै नभएको अधिकार प्रयोग गरी दुई दुई पटक प्रतिनिधिसभा विघटनको निर्णय गरे। त्यसैकारण जनादेश नभएर पनि कांग्रेस सभापति देउवा प्रधानमन्त्री भए । नेकपाको एकता भत्कियो । फेरि एमाले र माओवादी केन्द्र पुनर्स्थापना भयो ।

एमाले विभाजन भएर नेकपा एकीकृत समाजवादी बन्यो। प्रधानन्यायाधीशले कार्यकारीसँग न्यायको सौदावाजी गर्दा सिंगो न्यायिक क्षेत्र अस्तव्यस्त हुने परिस्थिति बन्यो । तत्कालीन प्रधानन्यायाधीश चोलेन्द्रशमशेर जबराको सबैतिरबाट राजीनामा माग भयो ।

सर्वोच्चबाट पुनर्स्थापित प्रतिनिधिसभाले पनि प्रभावकारी ढंगले काम गर्न सकेन । निवर्तमान सभामुख अग्निप्रसाद सापकोटाको राजीनामा मागसहित एमालेका सांसदहरुले कीर्तिमानी संसद अवरोध गरे। २०५७ सालमा ५७ दिन लगातार संसद अवरोध गरेको एमालेले यसपटक ९ महिनासम्म संसद चल्न दिएन । संसद विघटनको निर्णय सदर गरेकै कारणले राष्ट्रपति विद्यादेवी भण्डारी विवादित बनिन्। भण्डारीको विरोध नेकपाकै कार्यकर्ताहरुले देशभर गरे ।

संवैधानिक निकायका पदाधिकारीहरु निर्विवादित रहन सकेनन्। संसदीय सुनुवाइ छलेर अध्यादेशबाट नियुक्त भएका संवैधानिक निकायका पदाधिकारीहरुविरुद्ध सर्वोच्चमा रिट पर्‍यो। उक्त रिटमाथि संवैधानिक इजलासमा सुनुवाइ हुने वातावरण समेत लगातार बिथोलियो । यसरी सम्पूर्ण राज्य संरचनामा हलचल हुँदा मुलुक फेरि अर्को संकटमा फस्ने भय देखिएको थियो । किनकि मुलुकलाई सम्हालेर लैजाने कुनै शक्ति बाँकी थिएन। त्यसैबेला नागरिक अर्को संकटमा फसिरहेका थिए। उत्तरी छिमेक चीन भएर फैलिएको विश्वब्यापी कोरोना महामारीले मुलुक आक्रान्त थियो। नागरिक जीवनरक्षाको लडाइँमा थिए। त्यसपछि सरकारले लगाएको देशब्यापी लकडाउनले गरिखाने वर्ग बाँच्नै नसक्ने अवस्थामा पुगेका थिए। विश्वव्यापी आर्थिक संकट देखिन थालेको थियो ।

त्यस्तो बेलामा सरकार र राजनीतिक नेतृत्वमा समेत चरम अविश्वास देखिनुले मुलुक कुन तहको संकटमा फसेको थियो भन्ने प्रष्ट हुन्छ। तर ती सबै संकटहरु मुलुकले एकसाथ पार गरे। जसका पछाडि नागरिक शक्तिले काम गरेको थियो। राजनीतिक नेतृत्वको बदमासीलाई निरन्तर प्रश्न उठाए भने सँगसँगै कयौं मामिलामा सरकारलाई साथ दिए । कोरोना महामारीको रोकथामका निम्ति सरकारले गरेको सबै निर्णय पालना गरेर नागरिकले नागरिकको राज्य दायित्व पूरा गरेका थिए। सर्वोच्च अदालतको निकासका निम्ति दिएको दबाव, प्रतिनिधिसभा पुनर्स्थापनामा व्यक्त धारणादेखि चुनावी जनादेशमार्फत समेत नागरिकले मुलुकलाई फेरि सामान्यकालतर्फ लैजान सहयोग गरे।

मंसिर ४ को निर्वाचनमा रास्वपा, राप्रपा, जनमत र नागरिक उन्मुक्तिले अप्रत्यासित मत पाए । जनमतमार्फत नयाँ दलहरुको उदय र पुराना दलहरुले शक्ति गुमाउनुको अर्थ मुलुकलाई सामान्यकालतर्फ लैजाने प्रयत्न नै हो। हुनत कतिपयले अहिलेको संसदीय समीकरण आफैमा अस्थिरताको कारण पनि भन्ने गरेका छन् । तर नेकपा बाहेक सरकार बन्न नसक्ने जनादेश हुँदा पनि मुलुकमा स्थीरता नदेखेका जनताले लिएको निर्णयमा कुनै त्रुटि देखिदैन । किनकि अहिले जस्तो संसदीय समीकरण तयार भएको छ, यसले मुलुकलाई पाँचै वर्ष सरकार दिने आधार पनि दिएको छ। त्यसो त एउटा सरकार ढल्दैमा अर्को सरकार निर्माण हुन नसक्ने परिस्थिति पनि अहिले छैन ।

तर निकट बिगतको नजीरले पनि मुलुक हरेक संकटबाट जोगिन सक्छ भन्ने आधार मिल्छ। यदि नागरिकको हित बिर्सेर राजनीतिक अस्थिरताको खेल शुरु भएमा नागरिकले आवश्यक निर्णय लिन कुनै आइतबार कुर्ने देखिन्न । अझ बितेको सय वर्ष राजनीतिक इतिहासमा नेपाली नागरिकमा विद्रोह चेत जुन तहमा देखिएको छ, त्यो भन्दा बढी मुलुकलाई संकटबाट जोगाउन आवश्यक सहनशक्ति देखिन्छ।

अझ नागरिक निर्णय र सहनशक्तिकै कुरा गर्दा त मुलुकले खेपेको प्राकृतिक प्रकोपहरु बिर्सन मिल्दैन । २०७२ सालको महाभूकम्प र त्यसबाट सिर्जित अन्य संकट अनि कोरोना महामारीबाट मुलुकलाई सामान्यकालतर्फ लैजान नागरिकले ठूलो जोखिम उठाएका छन्। अझ युक्रेन र रुसबीच भइरहेको युद्धका कारणले उत्पन्न संकटबाट मुलुकलाई जोगाउन पनि नागरिकले सचेत निर्णय लिएको देखिन्छ। हामी भन्दा बलिया दलहरु ठूलो संकटमा फसिरहँदा मुलुकको अर्थतन्त्र सामान्यकालमै अडिन सक्नु त्यसैको उदाहरण हो।

दक्षिण एसियाका श्रीलंका, पाकिस्तान लगायत मुलुकले समेत ठूलो आर्थिक संकट खेप्नुपरेको छ । श्रीलंकामा त राष्ट्रपति कार्यालय घेराउदेखि राजनीतिक परिवर्तनको जग नै आर्थिक संकट बन्न पुग्यो । तर हाम्रोमा भने मुलुक संकटमा परेको छ भन्ने बुझाइ हुनासाथ नागरिकले उल्टै सत्तालाई साथ दिने मनोविज्ञान देखिन्छ। सारमा नेपालीहरु जसरी क्रान्तिकारिता देखाउँछन्, उत्तिकै शान्त र सहनशील समेत भएकाले मुलुक सामु आइलाग्ने ठूला संकटहरु सजिलै पञ्छने गरेको देखिन्छ।

> नेपालीहरु जसरी क्रान्तिकारिता देखाउँछन्, उत्तिकै शान्त र सहनशील समेत भएकाले मुलुक सामु आइलाग्ने ठूला संकटहरु सजिलै पञ्छने गरेको देखिन्छ ।

हार्दिक बधाई

मध्यान्ह राष्ट्रिय दैनिक
२० वर्ष पुरा गरी २१ औं
वर्षमा प्रवेश गरेको अवसरमा बधाई तथा उत्तरोत्तर
प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

२०औं वार्षिकोत्सव
यात्रा २१ औं वर्षको

बाबुलाल मगर (नरेन्द्र)
संचालक तथा प्रबन्ध निर्देशक
एवं

The Global
Recruitment Agency Pvt. Ltd.

द ग्लोबल रिक्रुटमेण्ट एजेन्सी प्रा.लि., परिवार
महाराजगंज चक्रपथ, धारापाटी, काठमाडौं, नेपाल, फोनः ०१-४३६५२६४, ४३६५९८३

हार्दिक बधाई तथा शुभकामना

२०औं वार्षिकोत्सव
यात्रा २१ औं वर्षको

मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकाले विभिन्न आरोह
अवरोह पार गर्दै आफ्नो प्रकाशनको
२० औं वर्ष पूरा गरी २१ औं वर्षमा
प्रवेश गरेको सुखद अवसरमा यस मध्यान्ह राष्ट्रिय दैनिक
परिवारको उत्तरोत्तर प्रगतिको कामनासहित
हार्दिक मंगलमय शुभकामना
व्यक्त गर्दछौं ।

राम श्रेष्ठ
प्रबन्ध निर्देशक, तथा
हार्वेष्ट मुन ग्रुप
परिवार

गैरीधारा २, नक्साल, काठमाडौं, नेपाल, फोनः ०१-४४१५५७४

२०औं वार्षिकोत्सव
यात्रा २१ औं वर्षको
मध्यान्ह



# शुभकामना सन्देश

काठमाडौं, नेपाल

प्रधानमन्त्री

## शुभकामना सन्देश

राज्यको चौथो अंगको रुपमा रहेर समष्टिमा राष्ट्रिय हीतका लागि नागरिकलाई सुसूचित गराउँदै निष्पक्ष ढंगले समाजको विकास गर्ने लक्ष्यका साथ राजधानीबाट नियमित रूपमा प्रकाशित यस **मध्यान्ह राष्ट्रिय दैनिक**ले निरन्तर रूपमा राजनीतिक, आर्थिक, सामाजिक, खेलकूद, मनोरञ्जन, विकास निर्माणका साथै बैंकिङ, वैदेशिक रोजगार, रेमिट्यान्स र बिमा सम्बन्धी समाचार एवं सूचनाहरू प्राथमिकताका साथ सम्प्रेषण गर्दै आएको सर्वविदितै छ । यस राष्ट्रिय दैनिकले नेपाली सञ्चार क्षेत्रमा पुऱ्याएको योगदान र भूमिका प्रशंसनीय छ । विगत दुई दशकदेखि निरन्तर प्रकाशित हुँदै आएको **मध्यान्ह राष्ट्रिय दैनिक** प्रकाशनको २० वर्ष पूरा गरी २१ औं वर्षमा प्रवेश गर्दै गरेकोमा सर्वप्रथम नेपाल सरकारको तर्फबाट हार्दिक बधाइ तथा शुभकामना व्यक्त गर्दछु ।

लोकतन्त्र स्थापना र सामाजिक परिवर्तनका लागि नेपाली प्रेसले निर्वाह गरेको भूमिका महत्वपूर्ण छ । संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना, मानवअधिकार, विधिको शासन र सामाजिक रूपान्तरणका लागिसमेत सञ्चार क्षेत्रले अहम् भूमिका खेल्दै आएका छन् । जिम्मेवार र मर्यादित प्रेसले मात्रै समृद्ध र समुन्नत समाज निर्माणका लागि महत्वपूर्ण भूमिका खेल्न सक्दछन् । स्वतन्त्र प्रेसको अवधारणाले लोकतन्त्र, संविधानवाद, मानवअधिकार, महिला बालबालिका, शान्ति र सहिष्णुतालाई थप बढावा दिने भएकाले यसतर्फ विशेष चनाखो रहन सम्पूर्ण सञ्चार माध्यमहरूलाई विशेष आग्रह गर्दछु ।

आम जनसमुदायको आवाज मुखरित गर्न प्रेसले महत्वपूर्ण भूमिका निर्वाह गर्नुपर्दछ । स्वतन्त्र प्रेसको लक्ष्य समुन्नत समाज निर्माण गर्ने भएकाले वर्तमान सरकारले अगाडि सारेका विभिन्न नीति तथा कार्यक्रमसहितका साझा राष्ट्रिय सङ्कल्प साकार पार्न राज्यको चौथो अङ्गको रूपमा रहेको सञ्चार क्षेत्रले महत्वपूर्ण योगदान गर्न आवश्यक छ । सरकारको यस प्रयासमा तपाईहरूको प्रतिष्ठित सञ्चारमाध्यमले सकारात्मक र रचनात्मक भूमिका खेल्ने अपेक्षा गर्दछु ।

अन्त्यमा, फेरि एकपटक मध्यान्ह राष्ट्रिय दैनिकको वार्षिकोत्सवको पूर्ण सफलताको शुभेच्छा व्यक्त गर्दछु धन्यवाद ।

१० माघ २०७९

पुष्पकमल दाहाल प्रचण्ड
प्रधानमन्त्री

---

नेपाल सरकार

## सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

सिंहदरबार, काठमाडौं
नेपाल

मा. रेखा शर्मा
सञ्चार तथा सूचना प्रविधि मन्त्री

## शुभकामना

विक्रम संवत २०४६ सालको जन आन्दोलनपछि मुलुकमा भएको बहुदलीय प्रजातन्त्रको पुनर्उदयले सूचित हुने अधिकार र अभिव्यक्ति स्वतन्त्रताको सुनिश्चित गरेको सर्वविदितै छ । नेपालमा सूचना र सञ्चारको क्षेत्रले निजी स्तरबाट पनि फस्टाउने मौका पाएको परिवेशमा निस्पक्ष, स्वतन्त्र र सन्तुलित पत्रकारिता मार्फत जनता र आम पाठकलाई सुसूचित गर्ने उद्देश्यले प्रकाशन शुरु भएको मध्यान्ह राष्ट्रिय दैनिकले प्रकाशनको २०औं वर्ष पूरा गरी २१औं वर्षमा प्रवेश गर्न लागेको खबरले मलाई खुशी लागेको छ । यस अवसरमा यस दैनिकका प्रकाशक, सम्पादक, पत्रकार लगायत सम्पूर्ण परिवारलाई बधाई तथा शुभकामना दिन चाहन्छु ।

आगामी दिनमा मध्यान्ह दैनिकको थप प्रगति र सफलताको कामना गर्दै पुन: २०औं वार्षिकोत्सवको अवसरमा विगतमा जस्तै यस दैनिकले जनतालाई सुसुचित गराउने अभियानमा लागिरहने विश्वास व्यक्त गर्दछु ।

रेखा शर्मा
मन्त्री

---

नेपाल सरकार

## विज्ञापन बोर्ड

बबरमहल, काठमाडौं, नेपाल

email:-info@adboard.gov.np
सम्पर्क नं ०१-५९०९३५४
Website:-adborad.gov.np

### शुभकामना !

मध्यान्ह राष्ट्रिय दैनिकले प्रकाशनको २० वर्ष पूरा गरी २१औं वर्षमा प्रवेश गर्न लागेकोमा यस दैनिकका प्रकाशक, सम्पादकलगायत सम्पूर्ण टिमलाई बधाई दिँदै भविष्यमा थप सफलताको लागि शुभकामना व्यक्त गर्न चाहन्छु । मुलुकमा प्रजातन्त्रको पुर्नस्थापना भई प्रेस र अभिव्यक्ति स्वतन्त्रताको अभ्यास गर्ने क्रमसँगै यस पत्रिकाको प्रकाशन प्रारम्भ भएको हो । पत्रिका प्रकाशनको आरम्भकालदेखी हालसम्म निरन्तर जनतालाई सुसूचित गराउने अभियानमा मध्यान्ह दैनिकले पुर्याएको योगदानको म उच्च मुल्याङ्कन गर्न चाहन्छु ।

पछिल्लो समय सञ्चार क्षेत्रमा अभुतपूर्व प्रगति भएको छ । सञ्चार मानिसको दैनिकी बन्दै गएको छ। देशको जुनसुकै भुगोलमा बसे पनि सञ्चारमाध्यमले सबैलाई राष्ट्रिय एकताको सूत्रमा गाँसेको छ। अर्कोतर्फ प्रविधिमा आएको परिवर्तनसँगै छापामाध्यमको बारेमा विश्वभर बहससमेत प्रारम्भ भएको छ । वर्षौंदेखि प्रकाशनमा रहेका विश्वका ठुलाठूला अखबार डिजिटल प्रविधिमा रुपान्तरण भएका छन्। यसले गर्दा परम्परागत सञ्चारमाध्यमको रुपमा रहेको छापामाध्यमसामु अस्तित्वको चुनौती देखापरेको छ।

हालको विज्ञापन बजारले देशभर खुलेका यी सबै प्रकारका सञ्चारमाध्यमको व्यवस्थित सञ्चालन हुन सक्ने अवस्था छैन । यही गतिमा सञ्चारमाध्यम खुल्दै जाने र विज्ञापन बजारको विकास र विस्तार नहुने हो भने सञ्चार क्षेत्रले प्रतिकुल परिस्थितिको सामना गर्नुपर्ने देखिन्छ । यसखालको परिस्थितिबाट सञ्चार क्षेत्रलाई मुक्त गरी सञ्चारमाध्यमको प्रभावकारिता अभिवृद्धि गर्न नियामक निकायको गठन गरी काम थाल्नु आवश्यक छ ।

विज्ञापन बजारको विकास र विस्तार गरी सञ्चार क्षेत्रलाई थप प्रभावकारी र सशक्त बनाउनु उत्तिकै आवश्यक छ । विज्ञापन बजारलाई प्रतिस्पर्धी र पारदर्शी बनाई सञ्चारक्षेत्रको विकास र विस्तारमा काम गर्न विज्ञापन बोर्ड गठन भई कार्य प्रारम्भ गरिसकेको छ । विज्ञापन बजारलाई स्वच्छ, मर्यादित, पारदर्शी र उत्तरदायी बनाउन बोर्ड निरन्तर प्रयासरत रहने छ । उक्त कार्यमा विज्ञापनचक्रका सबै पक्षको सहयोगको आवश्यकता छ ।

अन्त्यमा, मध्यान्ह दैनिकका आगामी दिन अझ बढी फलदायी र उपलब्धिमूलक बनुन् भन्ने कामनासहित शुभकामना व्यक्त गर्दछु । धन्यवाद ।

मिति २०७९ माघ १२ गते

लक्ष्मण हुमागाईं
कार्यकारी अध्यक्ष
नेपाल सरकार, विज्ञापन बोर्ड

---

## नेपाल पत्रकार महासंघ
Federation of Nepali Journalists (FNJ)
केन्द्रीय समिति, सञ्चारग्राम, काठमाडौं, नेपाल

Ref No. :

नेपाल पत्रकार महासंघ केन्द्रीय समिति Central Committee Federation of Nepali Journalists

मिति : २०७९।१०।०६

### शुभकामना

काठमाडौंबाट प्रकाशित **मध्यान्ह दैनिक**ले प्रकाशनको २०औं वर्ष सफलतापूर्वक पूरा गरी २१औं वर्षमा प्रवेश गरेको खबरप्रति खुसी प्रकट गर्दछु । यस अवसरमा सम्पादकीय नेतृत्वलगायत सम्बन्धित सम्पूर्ण सञ्चारकर्मी मित्रहरुमा हार्दिक बधाई दिन चाहन्छु ।

नेपाली पत्रकारिता क्षेत्र चौतर्फी अभाव र चुनौतीलाई सामना गर्दै व्यावसायिक सफलताका लागि अगाडि बढिरहेको छ । यो परिप्रेक्ष्यमा **मध्यान्ह दैनिक**ले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताप्रति प्रतिवद्ध रही व्यावसायिक पत्रकारिताको अभ्यासमार्फत नागरिकलाई सुसूचित गर्दै हासिल गरेको यो उचाइ आफैंमा गौरवको विषय हो ।

यो **दैनिक**ले **www.madhyanhadaily.com** अनलाईन पोर्टल र फेसबुक पेज **Madhyanha News** सञ्चालनमा ल्याएर विश्वभरका पाठकसामु समाचार, विचार र विभिन्न सामग्रीहरू संप्रेषण गर्दै आएको छ, यो थप खुसीको कुरा हो ।

आगामी दिनमा पनि यो **दैनिक**ले नागरिकको सुसूचित हुने अधिकारको रक्षाका लागि व्यावसायिक पत्रकारिताको माध्यमबाट अझ सशक्त भूमिका निर्वाह गर्ने विश्वासका साथ पत्रिकाको उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछु ।

साथै, **मध्यान्ह दैकिक**को २०औं वार्षिकोत्वको अवसरमा थप रङ्गीन पृष्ठहरूसहित प्रकाशित हुने विशेषाङ्कले नेपाली पत्रकारिता क्षेत्रले भोगिरहेको समस्या र चुनौतीहरूसँग जुझ्न मद्दत पुऱ्याउनुका साथै प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको रक्षा र पत्रकारिताको संस्थागत विकासमा समेत योगदान दिन सफल रहोस भनी हार्दिक शुभकामना व्यक्त गर्दछु ।

विपुल पोखेल
अध्यक्ष

---

Advertising Association of Nepal
## नेपाल विज्ञापन संघ

जि. प्र. का. दर्ता नं. ...

श्री मध्यान्ह दैनिक
काठमाडौं ।

२०७९।१०।०८

### *बधाई तथा शुभकामना !*

लोकप्रिय, मध्यान्ह दैनिकले छापा सञ्चार माध्यम मार्फत राष्ट्रलाई पुऱ्याएको महत्वपूर्ण योगदानको कदर गर्दै आफ्नो स्थापनाको २०औं वर्ष सफलताका साथ सम्पन्न गरी २१औं वर्ष प्रवेश गरेको खुसियालीमा हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछु ।

मध्यान्ह दैनिकले बिगतका वर्षहरुमा जस्तै आगामी दिनमा पनि सञ्चार क्षेत्रमा जनतालाई सुसुचित गराउने तथा राज्यको चौथो अंगको रुपमा भुमिका निभाउने महान कार्यमा निरन्तरता दिदै जाओस ।

विज्ञापन चक्रका साझेदारहरु बिच घनिभुत सहकार्य,सदभाव जारी रहोस भन्ने विश्वासका साथ नेपाली विज्ञापन व्यवसायीहरुको छाता संगठनको तर्फबाट म स्वयम तथा नेपाल विज्ञापन संघ (आन) परिवार शुभकामना व्यक्त गर्दछु ।

Advertising Association of Nepal

सोम प्रसाद धिताल
अध्यक्ष तथा
नेपाल विज्ञापन संघ (आन) परिवार

say yes to advertising

Member
afaa | ASIAN FEDERATION OF ADVERTISING ASSOCIATIONS

Contact No.: +977-1-4107731, +977-1-4107563

मध्यान्ह १२ माघ २०७९, बिहीबार । 26 January 2022, Thursday

# आगो सहने नेपाली



दीपेन्द्रविक्रम तामाङ


> अभावभित्र पूर्णता देख्नु, तनावभित्र सिर्जना गर्न सक्नु र शून्यतामा समेत सम्भावना खोज्नु नेपालीको खास विशेषता बनेको छ । नेपालीले सहनै नसक्ने भनेको चाहिं तिरस्कार र थिचोमिचो हो ।

दक्षिण एसियाली देश नेपाल विश्वको मानचित्रमा भूगोल र जनसंख्यामा साना देशहरु मध्येमा पर्दछ । यति सानो देश भए पनि विश्वले नेपाललाई चिन्ने धेरै आधारहरु छन् । सगरमाथा, भगवान बुद्ध अनि वीर गोर्खा सेनाको देशका रुपमा शताब्दी अघिबाट चिनिदै आएको नेपाललाई पछिल्लो पटक विश्वले चिन्ने अर्को कारण छ, त्यो हो नेपालीहरुको सहनशक्ति ।

नेपालीहरु हरेक परिस्थितिलाई तुरुन्त आत्मसात गरेर त्यसभित्रै सम्भावना र खुशीको कण खोजेर आफूलाई खुशी राख्न खप्पीस छन् । त्यही खुशी उनीहरुको मुहारमा झल्किन्छ, व्यवहारमा छचल्किन्छ र उनीहरुको व्यक्तित्वमा प्रतिविम्वित हुन्छ । यही कारण हो, नेपाल पछिल्लो एक दशकमा वर्ल्ड ह्याप्पीनेस इन्डेक्स अर्थात् खुशी देशहरुको सूचीमा लगातार उकालो चढ्ने क्रममा छ । सन् २०१३ मा ४ दशमलव ८६ रहेको नेपालको खुशीको सूचांक एक दशकमा सुधार भएर सन् २०२१ मा ५ दशमलव ३८ पुगेको छ । यो सूचीमा विश्वका १४१ देश समावेश छ भने विश्वको सबैभन्दा खुशी देशको अंक ५ दशमलव ५७ छ ।

यो सूची किन पनि महत्वपूर्ण छ भने नेपाल विभिन्न जात, जाति, धर्म, संस्कृति मात्र होइन, भूगोलले समेत हिमाल, पहाड र तराईमा विभाजित मुलुक हो । यस्तो बहुलता भएको मुलुकमा आन्तरिक, वैचारिक वा राजनीतिक द्वन्द्व भइरहने खतरा प्रवल हुन्छ । तर नेपाल यस्तो विविधताभित्र पनि एक छ । एकले अर्काको विचार, अस्तित्व, संस्कृति र धर्मलाई सहजै स्वीकार्ने मात्र होइन, कतिपय अवस्थामा आफैं पनि घुलिदिनसक्ने नेपालीको बानी सहनशक्तिको अनुपम उदाहरण हो ।

विज्ञान र प्रविधिले चरम उधुम मच्चाइरहेको वर्तमान समयमा नेपाल अझै विकासोन्मुख चरणमै छ ।



गरिबी, रोजगारी, शिक्षा, स्वास्थ्य, राजनीतिक अस्थिरता, प्राकृतिक विपत्ति लगायतका अनेक समस्याका चाङ नेपाली सामू छन् । तर त्यसका वावजुद पनि स्थीर र धीर रहेर अनेक सम्भावना र खुशी निकाल्न सक्ने नेपालीको सहनशक्तिको विश्वले नै प्रशंसा गर्दै आएका छन् । राजनीतिकै कुरा गर्दा पनि नेपाली जनताले पछिल्लो शताब्दीको ८ दशकमा मात्र चार वटा ठूला ठूला परिवर्तनहरु देखे र भोगे । २००७ सालमा जनक्रान्तिको बलमा १०४ वर्षे जहाँनीय राणा शासनको अन्त्य गरेर प्रजातन्त्र भित्र्याएका नेपालीहरुले त्यसको एक दशकमै एक दलीय पञ्चायती शासनको सामना गर्नुपर्‍यो ।

अभिव्यक्ति स्वतन्त्रता समेत खोसिएको पञ्चायती व्यवस्था नेपाली जनताले झण्डै ३० वर्ष भोगे । त्यसबाट आजित नेपाली जनताले फेरि विद्रोह गरे र २०४७ सालमा राजासहितको बहुदलीय व्यवस्थायुक्त संविधान लेखियो । उक्त व्यवस्थाकैबीच तत्कालीन नेकपा माओवादी पार्टीले असन्तुष्टि जनाएर सशस्त्र विद्रोह शुरु गरे । विक्रम सम्वत २०५२ फागुनदेखि सुरु भएको सशस्त्र युद्ध दश वर्ष जारी रह्यो, त्यसबीचमा धेरै धनजनको क्षति भयो ।

तर त्यस्तो प्रतिकुल अवस्थामा पनि नेपाली जनताले रत्तिभर विचलित नभई पुनः शान्ति स्थापनाको कामना गर्दै मन्त्र जपिरहे । त्यही कामना र मन्त्रको जप र तापको प्रतापस्वरुप २०६२/०६३ मा देशमा फेरि लोकतान्त्रिक आन्दोलन छेडियो । तुलनात्मक रुपमा शान्तिपूर्ण अवस्थामा उक्त आन्दोलनको परिणाम निस्कियो । र, अन्ततः २३९ वर्षको राजतन्त्रको अन्त्य गरि गणतान्त्रिक नेपालको घोषणा भयो । त्यसपछिको झण्डै एक दशक लामो कसरत पछि नेपाली जनताले पहिलोपटक आफ्नो लागि आफैंले संविधान लेखे । दुई पटकको संविधानसभा मार्फत् लेखिएको नयाँ संविधानले तीन तहको सरकारको व्यवस्था मात्र होइन, स्थानीय तहबाटै सिंहदरवारबाट हुने काम र सेवा जनतालाई प्रदान गर्न थालियो ।

यसबीचमा बाढी पहिरो, २०४५ र २०७२ सालको विनाशकारी भूकम्प र देशमा हरेक वर्ष भइरहने प्राकृतिक प्रकोपले पनि नेपाली जनता प्रभावित भए । अहिले पनि प्राकृतिक प्रकोपसँग नेपाली जनताले हरेक वर्ष कुनै न कुनै रुपमा साक्षात्कार गर्नुपर्ने अवस्था छ । पछिल्लो तीन वर्ष यता विश्वसँगै नेपाल पनि कोभिड १९ महामारीबाट नराम्रोसँग प्रभावित बनेको छ । कोभिड महामारीले एउटा निश्चित क्षेत्रमा मात्र नभई राज्यका हरेक क्षेत्रलाई गाँजेको छ । सबैभन्दा बढी आर्थिक क्षेत्रले यसको प्रत्यक्ष मार खेप्न परेको छ । मुलुकको आर्थिक क्षेत्र रुग्न हुँदा हरेक जनताको दैनिकीसम्मै त्यसले प्रभावित पार्नु स्वभाविकै हो ।

यी यावत घटनाक्रम र अनेक आरोह अवरोहलाई नेपाली जनताको उच्चस्तरको सहनशक्तिले असामान्य हुँदा हुँदै पनि सामान्यकरण गरिदिएको छ । यसले गर्दा नेपाली समाजको परम्परागत हार्मोनीमा रत्तिभर पनि आँच आएको पाइदैन । यही नेपालीको असली चिनारी वा पहिचान बनेको छ । अभावभित्र पूर्णता देख्नु, तनावभित्र सिर्जना गर्न सक्नु र शून्यतामा समेत सम्भावना खोज्नु नेपालीको खास विशेषता बनेको छ ।

नेपालीले सहनै नसक्ने भनेको चाहिं तिरस्कार र थिचोमिचो हो । आफूमाथि हुने घृणा सहन राजी हुने तर अन्याय, तिरस्कार र थिचोमिचो कदापि सहन नसक्ने नेपालीको यो स्वाभिमानी स्वभावलाई स्वर्गीय गोपाल योञ्जनले लिपिबद्द गरेर संगीतवद्द समेत गरेका छन्-

*म आगो सहन्छु, अन्याय सहन्न*
*म तृष्णा सहन्छु, तिरस्कार सहन्न ।*

र, यो आम नेपाली जातिको राष्ट्रिय पहिचान नै बनिसकेको छ ।






# मध्यान्हको साक्षी

सम्पूर्ण ताजा घटनाको अपडेट र विश्लेषणका लागि आफू हरबेला तम्तयार रहनु पर्ने हुन्छ । तर प्रतिफलमा हात लाग्यो शून्य । त्यसैले त पत्रकारितामा निरन्तर साधना गर्न नसक्नेहरु ओझेलमा पर्ने गर्छन् ।



अच्युतप्रसाद पौडेल
'चिन्तन'

> उनीहरुले संगठन व्यवस्थापनको चुरो बुझेका सामुहिक एकता नै सफलता हो भन्ने सिद्धान्तलाई अंगिकार गरेको पाएको छु मैले । भन्नैपर्छ मैले, धन केही होइन मन ठूलो हो ।

संसारमा सबै बाँचेका हुन्छन्, तर सबैले उभिने आँट गर्दैनन् । सबैले उभिने प्रयास गर्छन् तर दौडन सक्दैनन् । सबैले दौडन प्रयास त गर्छन् तर गन्तव्यमा सबै पुग्न सक्दैनन् । हो, पत्रकारिता क्षेत्रमा पनि यस्तै छ । तर निरन्तर साहसिलो ढंगले नव उत्साहका साथ अगाडि बढ्ने प्रयत्न भने गर्नु पर्छ । यो मानव मात्रको धर्म हो, सबै क्षेत्रमा यो नियम लागू हुन्छ र त भगवान श्रीकृष्णले भगवत् गीतामा भन्नु भएको एउटा श्लोकको याद आउँछः कर्मण्येवाधिकारस्तुमा फलेषु कदाचन, अर्थात् कर्म गर्दै जाऊ निरन्तर, फल तिम्रो अधीनमा छैन । यसैलाई वेदले चरैवेति चरैवेति भनेको छ अर्थात् गर्दै रहू गर्दै रहू एकदिन सफलता हात लाग्छ, तर निराश कहिल्यै नहोऊ, भोलिको आशामा नै मानिस बाँच्ने हो । पूर्वीय धर्म, निष्ठा र व्यवहारलाई जीवनमा सकेसम्म उतार्ने एक सशक्त पत्रकार हुन् मदन श्रेष्ठ र श्रीमती सीता श्रेष्ठ । उनीहरुको निरन्तर साधनाबाट आज मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकाले आफ्नो गौरवमय २० औं वार्षिकोत्सव मनाउँदै छ । सरस्वतीको पावन जन्म जयन्तीकै दिन उदाएको यो दैनिक पत्रिकाले दुई दशकमा लोभलाग्दो विरासत बनाएको छ ।

बागबजारको एउटा पुरानो घरमा रहेको मध्यान्ह दैनिकको कार्यालयमा बेलाबखत पुग्थें म । भर्याङ चढ्दा लडिएलाको अनुभव हुन्थ्यो, तर अहिले यो परिवेश छैन । मध्यान्ह दैनिकले अहिले निकै तरक्की गरेको छ । त्यसो त कतिपय मिडिया हाउसहरुले लिफ्ट राखेर कैयन तला सहितको भवन बनाएका छन् । कसैले त पत्रिका, रेडियो, टिभी भनौं सञ्चारका सबै विधामा लगानी गरेका छन् । तर बजार भने निकै प्रतिस्पर्धी बनेको छ । अर्कोतिर पत्रिकाहरु बजारमै पाइन छोडेको छ । पत्रपत्रिका विक्री गर्ने पसलहरु धमाधम कि बन्द भएका छन् कि अर्कै पसलमा रुपान्तरण गरिएका छन् । म आफैं पनि पत्रिकामा लेखिरहन्छु । आफ्नो लेख प्रकाशन भएको बेला कहिलेकाहीं बजारमा किन्न जाँदा पत्रिका पसलमा फलानो पत्रिका छ ? भनेर सोध्दा धेरै पसलमा भनेको पत्रिका उपलब्ध नभएको अवस्था छ । समय कस्तो आयो पूरै व्यापारिक, सेवाको भाव पटक्कै छैन । जताततै मनिटरी भ्यालुको मात्र बजार, सुन्दा र भोग्दा दिक्कै लाग्छ, आखिर घाटमा जाँदा कात्रोमा बगली कसैको हुन्न । त्यसो त अहिले प्रविधिको विकाससँगै सबथोक परिवर्तित वा अपग्रेड भएको छ । पत्रिका पनि अब अनलाइन र इपेपरमा अपग्रेट हुन थालेका छन् । हात हातमा मोबाइलमै सबै समाचार र पत्रिका पढ्न मिल्ने प्रविधि छ । पछिल्लो प्रविधिलाई मध्यान्ह दैनिकले पनि प्रयोगमा ल्याएको छ तर यसले भौतिक रुपमै वितरणको दायरालाई पनि फराकिलो बनाउदै लगेको छ ।





कतिपय राष्ट्रिय दैनिक भनिएका पत्रिकाहरुमा मैले दशकौंसम्म नियमित स्तम्भ लेखें । तर सम्झनामा एउटा सम्मानपत्र समेत थमाएको नदेख्दा किन लेख्ने, केका लागि लेख्ने ? भन्ने लाग्छ अब । आखिर श्रम चाहियो, मिहिनेत त्यतिकै, अध्ययन, कम्फ्युटर, नेट, कागज, परिवार वा घरको टोकसो, नियमित लेखनमा बिसन्चो, चाडबाड, इष्टमित्र केही भन्नु नहुने, घरपरिवारलाई समेत समय दिन नसकिने हुन्छ । सम्पूर्ण ताजा घटनाको अपडेट र विश्लेषणका लागि आफू हरबेला तम्तयार रहनु पर्ने हुन्छ । तर प्रतिफलमा हात आयो शून्य । त्यसैले त पत्रकारितामा निरन्तर साधना गर्न नसक्नेहरु ओझेलमा पर्ने गर्छन् । कतिपय मिडियाका हस्तीहरुले श्रमको उचित कदर नपाएकोले आफ्नो स्थान पटक पटक परिवर्तन गरको देखेको छु मैले ।

प्रसँग मदन सीताकै छ । धेरै दौडधूप देखेको छु मैले उनीहरुको र उनका स्टाफहरुको । एक साता हेटौंडा पुगेको देख्छु, लगत्तै अर्को साता सुर्खेत, कतै चुनावमा सरिक भएको देख्छु त कतै के काम । निरन्तरको वेग वायुवेग जस्तै । विगत एक दुई वर्ष यता त उनीहरु दुवै धेरै समय विदेशतिर देखिए पनि, तर जहाँ रहे बसे पनि उनीहरुले मध्यान्ह दैनिकलाई शिथिल हुन दिएनन् अझ बढी गति दिलाए । बरु कोरोनाले थलिए मदनजी, महिनौं अस्पताल नै भर्ती भए । त्यस अघि र पछि पनि मदन-सीताको स्वास्थ्यमा पटक पटक समस्या भएको पाएको छु मैले । कतिपल्ट सीताजीले फोनमा भन्नु भएको याद आउँछ, गुरुजी हामी दुवै ओछ्यान परेका छौं । उनीहरु दुई चार दिन अपरेशनबाट आराम गर्दा सञ्चारकर्मीका नाताले पंक्तिकारलाई महिनौं लामो समय लागेको अनुभव छ । दैनिक पत्रिकाको व्यवस्थापकीय जिम्मेवारी लिएर मदन र सीताले देखाएको अनवरत सक्रियता र सहासको प्रशंसा गर्नैपर्छ । उनीहरु दुवैजना महिनौं विदेश हुँदा पनि अनवरत रुपमा पत्रिका नियमित प्रकाशन हुँदै आएको छ । कार्यालयका कर्मचारीहरुले उत्तिकै स्वस्फूर्त रुपमा कार्य गरिरहेकै देखिन्छ । महिनौंसम्म मदन र उनको परिवार विदेश हुँदा पनि अघिल्लो वार्षिकोत्सवमा निकै धेरै पृष्ठ सहितको मध्यान्ह विशेषांक प्रकाशित भएको स्मरण छ । यो मदन-सीताको चुस्त व्यवस्थापनको नतिजा थियो । मुकुन्द लामिछाने लगायत अरु सबै स्टाफहरुको सकियता देख्दा मदन सीताको टिम व्यवस्थापन पनि सुझबुझपूर्ण देखिन्छ ।

उनीहरुले संगठन व्यवस्थापनको चुरो बुझेका टिम बल नै सफलता हो भन्ने सिद्धान्तलाई अंगिकार गरेको पाएको छु मैले । भन्नैपर्छ मैले, धन केही होइन मन ठूलो हो । र, विश्वास अझ ठूलो हो । यसलाई मदन सीताको सरल व्यवहारले पुष्टि गर्दछ । उनीहरुको यो सादगी र उदारताको शैलीलाई अरुले पनि सिको गर्नुपर्छ । राम्रोलाई राम्रो भन्न सक्नु पर्छ, प्रशंसा पनि गर्न सक्नु पर्छ । आशा, भरोसा, ढाडस् अनि अशीर्वादले नै मानिसलाई थप जिउन सिकाउँछ । ईर्ष्या, कुण्ठा, क्रोध, हिँसा, तनाव, बेचैनीले जिन्दगी निराशामा परिणत हुन्छ र छिटै मृत्युको शिकार पनि । भनिन्छ एकमुठी सास रहुन्जेल मानिसले आशा मार्नु हुन्न, साहस नै जीवनको आधार हो, औषधि पनि भनौं संजीवनी ।

अन्त्यमा ज्ञान, सीपकी धनी सरस्वतीको प्रतीक वसन्त पञ्चमीको उल्लासमा जन्मिएको यो पत्रिका र यसको पूरै परिवारलाई वार्षिकोत्सवको समयमा धेरै शुभकमना छ । कंशको पराक्रम, मन्थराको जिब्रो, दुराचारी रावणको अत्याचार पनि सरस्वतीकै देन हो तर उल्टो पाटोको रुपमा । अन्ततः जुन खेर गयो । सरस्वतीको कृपा दुरुपयोग हुन जाँदा यस्तो भएको हो । सदुपयोग भए निर्माण र विकास हुन्छ । ज्ञान सँधै हाँस्दछ, मुस्कान छर्छ, सदाचार र सहयोग, सत्कृति दिन प्रयास गर्दछ । ज्ञानको साथमा विज्ञानलाई डो-याउन सके विज्ञान पनि यस्तै हुन सक्छ । सम्पूर्ण मानव जगत् भयरहित, क्रोधरहित, आवेगरहित, तनावरहित हुन सके विज्ञान कलात्मक बन्न पुग्छ । शुद्ध आचरण, नैतिकवान्, चरित्रवान व्यक्तिहरुबाट सामाजिक पुनरुत्थान, नव निर्माण हुनसक्छ । सिर्जनाकी देवीले वसन्त ल्याउन प्रेरित गर्छिन् हर मानव जीवनमा ! मान्छेमा मुखमा राम राम बगलीमा छुरा हुनु हुन्न । हर मानव चित्कारविहीन जीउन सक्नुपर्छ, त्यसका लागि एक अर्कामा सद्भाव जरुरी छ । मानव संस्कृति त्यहीँ जीउँदो हुन्छ । वसन्तपञ्चमीको प्रेरणा, मानव जीवनमा वसन्तको आगमन, नवीन ऊर्जाशैली, नयाँ किरण, नयाँ विहानी, नव पालुवाहरु, नवीनतम प्रयोग नै हो ! नवजीवन, कोमल जीवन, स्वस्थ जीवन, सरल जीवन, सौन्दर्ययुक्त जीवन, भयरहित जीवन अनि सौन्दर्ययुक्त समाज निर्माणको पहल गरौं सबैले । र, आआफ्नो कर्मक्षेत्रबाट राष्ट्र निर्माणमा समेत सरिक होऔं ।







# गर्न बाँकी काम



डा. चन्द्रमणि अधिकारी



हाम्रो संघीयता कार्यान्वयन निकै कमजोर ढंगले भयो । संघीयता कार्यान्वयनका लागि हामीले कुनै रोडम्याप नै तयार नगरेर पाँच वर्ष बितायौँ । संघीयताका सम्बन्ध स्रोत साधानको व्यवस्थापन, जनशक्तिको व्यवस्थापन, कानुन तथा नीति निर्माण, प्रविधि समेत तयार नगरेको अवस्थामा पाँच वर्षको कार्यकालमा निकै द्वविधाहरु सिर्जना गरेको देखिन्छ ।

यस्तो अवस्थामा प्रदेश सरकार सबैभन्दा बढी अलमलिएको देखियो । स्थानीय सरकार पनि अलमलमा नै देखियो । यी त नयाँ थिए केही अलमलमा देखिए तर केन्द्र सरकार पनि अलमलमा नै देखियो । संघीय सरकारको पनि स्पष्ट मार्गचित्र देखिएन । कतिपय अवस्थामा आयोजनाहरु तल्लो तहमा दिने र फेरि केहीले माथि ल्याउने कामहरु पनि भए । आयोजना त दिने त्यसका लागि आवश्यक पर्ने स्रोत साधन नदिएको अवस्था पनि यो पाँच वर्षको अवधिमा हामीले अनुभव गरेको कुरा हो ।

यस्तो कार्यले आयोजना दिएर दायित्व सिर्जना गर्ने काम मात्रै गऱ्यो । अहिले पनि संघीयता अनुसारको कानूनहरु निर्माण गर्न बाँकी छ । संघीय सरकारले नै कानून बनाउनु पर्ने छ । खास गरि साझा अधिकारको सम्बन्धमा संघीय सरकारले कानून बनाउन बाँकी नै रहेको छ । जसमा पर्यटन शुल्कको रोयल्टी बाँडफाट, प्राकृतिक स्रोतबाट प्राप्त हुने शुल्कहरु साझा अधिकारमा राखिएको छ । साझा अधिकारका लागि त पहिले संघले कानून बनाउनु पर्छ । संघले निर्माण गर्ने कानून अनुसार कसको भूमिका के हुन्छ र के दायित्व हुन्छ भन्ने निर्धारण हुनुपर्छ ।

कानून बनाएर कसले कर उठाउन सक्ने र कसले शुल्क उठाउन पाउने भन्ने विषयमा स्पष्ट पार्नुपर्ने आवश्यकता हाम्रा अघि टट्कारो रुपमा देखिएको छ । कानून बनाएर संकलन गर्ने र नियमन तथा कार्यान्वयन गर्ने भन्ने विषयमा खासगरी कानून नबनेको अवस्था छ । त्यसमा पनि प्राकृतिक स्रोत साधनको सञ्चालन र परिचालनमा कानून निर्माण हुन सकेको छैन । यसले गर्दा पनि राजश्वमा प्रभाव परेको छ ।

अर्कोतर्फ राजश्वको सम्बन्धमा प्रदेश र स्थानीय तहको सम्बन्धमा राजश्व के हो राजश्व किन उठाउने, राजश्व कति प्रकारका हुन्छन्, राजश्वमध्ये कर राजश्व र गैर कर राजश्वका महत्व के हो ? त्यस सम्बन्धी ऐन कानूनहरु कसरी निर्माण गर्ने, कार्यविधिहरु कसरी तयार गर्ने, कर परिचालनका लागि संगठन कस्तो हुनु पर्ने, जनशक्ति कस्तो हुनुपर्ने ? भन्ने यावत विषयमा अन्यौलको अवस्था देखियो ।

हामीलाई जनशक्ति समायोजन गर्नका लागि पनि समय लाग्यो । जसले गर्दा आशा गर्न सक्ने गरि राजश्व संकलन भने हुन सकेन । राजश्व संकलन गर्न नसक्ने समस्या एकातिर छँदै छ । अर्कोतर्फ खर्च व्यवस्थापन पनि गर्न सकिएन । ठूला-ठूला बजेट बनाउने तर कार्यान्वयन हुन नसक्ने अवस्था देखियो । यो अवस्था सिर्जना किन भयो भन्दा एउटा ज्ञान सिपको कमी देखियो । अर्को तीन तहका सरकारबीचमा समन्वयको अभाव देखियो ।

तीन तहको समन्वय र अन्तरसम्बन्ध सम्बन्धी ऐन २०७७ मा मात्रै बन्यो । जुन संघीयता कार्यान्वयनमा जानुभन्दा पहिले नै आउनु पर्ने थियो । यसको नियमावली अझै पनि आउन सकेको छैन । २०७७ मा बनेको ऐनका विषयमा कतिपयलाई जानकारी पनि छैन । अर्कोतिर तीन तहको बीचमा समन्वय पनि हुन सकेन ।

संघीयता कार्यान्वयका लागि जनशक्ति पनि पर्याप्त भएन । भएको जनशक्ति पनि निश्चित भएन । जनशक्तिमा अस्थिरता रह्यो । जनप्रतिनिधिमा कर के हो ? राजश्व कसरी लगाउने त्यसका सिद्धान्त के हुन् ? स्थानीय तहमा कस्तो कर लगाउँदा जनतालाई पनि प्रभाव पर्दैन र आवश्यक साधन पनि जुटाउन सकिन्छ भन्ने ज्ञान सिप र अनुभव पनि रहेन । यस्ता यावत विषयले गर्दा पाँच वर्षको अवधिमा खर्चको क्षमता पनि हामीले बढाउन सकनौं । आम्दानी प्राप्त गर्ने क्षमतामा पनि कुनै वृद्धि गर्न सकेनौं ।

संघीयतामा गएको अवस्थामा पनि प्रदेश र स्थानीय सरकारहरु संघीय सरकारमा नै निर्भर रहे । संघीय सरकारको पनि स्पष्ट भिजन देखिएन । कर कसले उठाउने भन्ने सन्दर्भमा सबैभन्दा पहिले यसका लागि उपयुक्त संरचनाको आवश्यकता पर्छ । जस्तो कि कृषि आयमा कर लगाउने भनेर प्रदेशलाई अधिकार दिएको छ । तर कृषि आयमा कर कसरी उठाउने त्यसको आधार के हो ? कसरी उठाउने ? दर कति हुने कसले उठाउने ? कहिले उठाउने भन्ने कुराको संरचना अझै पनि तयार हुन सकेको छैन् । जबकी हामीले संघीयता कार्यान्वयनमा गएर एक कार्यकाल पूरा गरिसकेको अवस्था हाम्रा अघि छ ।

> संघीयतामा गएको अवस्थामा पनि प्रदेश र स्थानीय सरकारहरु संघीय सरकारमा नै निर्भर रहे । संघीय सरकारको पनि स्पष्ट भिजन देखिएन ।

कृषि आयको कर संकलन गर्ने जिम्मेवारी कतिपयले कृषि ज्ञानकेन्द्रलाई दिएको अवस्था छ । कृषि ज्ञानकेन्द्र भनेको कृषि सम्बन्धी ज्ञान दिने संस्था हो । त्यो कर उठाउने संस्था होइन । फरक कामको अधिकार भएको संगठनलाई फरक काम दिदा कसरी प्रभावकारी बन्न सक्ला ? प्रश्न उठ्छ । सुदुर पश्चिम सरकारले कर लगायो तर उठाउन नसक्ने भनेर हटायो । कृषि आयमा कर लगाउन सक्ने अवस्था नै छैन अहिले । भारतमा समेत राज्यले कृषि आयोमा कर लगाएर कार्यान्वयन गर्न नसकेर हटाएको अवस्था छ । अर्को तर्फ संघीय सरकारले पनि कृषि आयकरमा पनि संस्थागत कर हाम्रै हो आय करमा नै पर्छ भनेर उठाउने । प्रदेशले पनि कुरा नबुझेर त्यहि अनुसार उठाउने । सोही अनुसारको नीति बनाउने । घर बहाल करमा स्थानीय करमा हेर्दा जनताले दुईतिर कर तिर्नुपर्ने अवस्था सिर्जना भएको छ । संस्थाले लगाएको संस्थागत बाहल करको सन्दर्भमा ।

संविधान र स्थानीय सरकार सञ्चालन ऐनले त्यसलाई स्थानीय कर नै हो भन्छ । स्थानीय तहले नै लगाउने र उठाउँछ भन्ने कुरा उल्लेख गरेको छ । तर संघीय सरकारको सम्बन्धित निकायको व्याख्या फरक छ । अनि जनतालाई गाह्रो परेको अवस्था छ । उनीहरु कहिले कता र कहिले कता कुद्नुपर्ने अवस्था सिर्जना भइरहेको छ । यस्तो अवस्थामा त्यहाँ विवाद समेत उत्पन्न भइरहेको छ ।

संघलाई ८ वटा कर जिम्मा दिएको छ । प्रदेशलाई ६ वटा र स्थानीय तहलाई पनि ८ वटा शिर्षकको कर जिम्मा दिएको छ । संघीय सरकारले उठाउने करले तीन वटै निकायले उठाउने करको ८५-८६ प्रतिशत हिस्सा ओगटेको छ । यस्तो अवस्थामा हामीले कर सम्बन्धी धेरै अधिकार पनि प्रत्यायोजन गरेका छैनौं । प्रत्यायोजित भएको धेरैजस्तो अधिकार पनि दोहोरो तेहेरो लाग्ने गरेको छ ।

हाम्रोमा घर जग्गा दर्ता शुल्क प्रदेशले लगाउँछ, स्थानीय सरकारले उठाउँछ । अनि बाँडफाट गर्नुपर्ने हुन्छ । त्यस्तै पर्यटन शुल्क, विज्ञापन कर पनि बाँडफाट गर्ने गरि भएको छ । यसलाई एउटैलाई दिएर उठाएर बाँड्ने गरेको भए पनि हुन्थ्यो । यो दोहोरो व्यवस्थाले पनि केही असहज भएको अवस्था छ । व्यवसाय कर भन्छ । केन्द्रले व्यवसायमा आय कर लिन्छ । मूल्य अभिवृद्धि कर पनि कारोबारमा लाग्छ । अनि स्थानीय तहले पनि व्यवसायमा कर लगाउने भन्छ संविधान र कानूनले । यसलाई केका आधारमा लगाउने ? थानको आधारमा लगाउने हो कि ? कारोबारको आधारमा लगाउने हो ? वस्तुको प्रकृतिको आधारमा लगाउने हो कि ? यसको सुनिश्चितता नभएको हुनाले स्थानीय निकाय पिच्छे फरक किसिमले लगाएका छन् । यसले गर्दा पनि दोहोरो करको मार परेको छ ।

विज्ञापन करमा पनि त्यस्तै छ । केन्द्रबाट मूल्य अभिवृद्धि कर पनि लाग्छ अनि आय कर पनि लाग्छ । विज्ञापनमा पनि कुन तहसम्म प्रदेशले लगाउने र स्थानीय तहले कस्तो किसिमको विज्ञापनमा कर लगाउने भन्नेमा स्पष्ट नभएको हुनाले द्विविधा उत्पन्न भएको छ । यी फरक किसिमका द्विविधामै पाँच वर्ष वित्यो ।

अब भने यसलाई समीक्षा गर्नुपर्ने बेला आएको छ । पाँच वर्ष पूरा गरिसकेकाले धेरै कर भए । २१ वटा कर तिर्नु पर्ने र १२ वटा शुल्क तिर्नुपर्ने अवस्था छ । यी कर तिर्ने स्थान, समय र सहजताको हिसावले पारदर्शिताको हिसाबले, तटस्थताको हिसाबले, न्यायको हिसावले तीनवटै तहको करको संरचनालाई पुनरावलोकन गरेर आमूल परिवर्तनको आवश्यकता रहेको छ ।

*(लेखक अधिकारी वरिष्ठ अर्थविद् हुनुहुन्छ। )*


## हार्दिक बधाई तथा शुभकामना

मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकाले विभिन्न आरोह अवरोह पार गर्दै निरन्तररुपमा आफ्नो प्रकाशनको २० औं वर्ष पूरा गरी २१ औं वर्षमा प्रवेश गरेको सुखद अवसरमा यस मध्यान्ह राष्ट्रिय दैनिक परिवारको उत्तरोत्तर प्रगतिको कामनासहित हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**कपुरकोट गाउँबासीमा अनुरोध**

- व्यक्तिगत घटना दर्ता समयमै गरौं । र, आफ्नो सन्तानको भविष्य सुनिश्चित गरौं ।
- गाउँपालिकाबाट इजाजत लिएर घरनक्सा पास गरेर मात्र घर निर्माण गरौं ।
- वैदेशिक रोजगारमा जाँदा आवश्यक सूचना प्राप्त गरेर मात्रै जाऔं ।
- साबुनपानीले हात धुने बानी बसालौं ।
- हावाहुरीबाट हुने आगलागीबाट बचौं । र, अरुलाई पनि सावधानी गराऔं ।
- सरसफाइमा ध्यान दिऔं । र, फोहोरमैला जथाभावी नफालौं ।
- कुपोषण न्यूनिकरण गर्न हरेकबार खानपानलाई प्रवर्द्धन गरौं ।
- लैंगिक हिंसाविरुद्धको आवाज बुलन्द पारौं । र, त्यसको अन्त्य गरौं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।

दुर्गा बहादुर पुन
अध्यक्ष

प्रकाश भरारी
उपाध्यक्ष

भरत कुमार वली
प्रमुख प्रशासकीय अधिकृत

कपुरकोट गाउँपालिका
कपुरकोट, सल्यान



## हार्दिक बधाई तथा शुभकामना

मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकाले विभिन्न आरोह अवरोह पार गर्दै निरन्तररुपमा आफ्नो प्रकाशनको २० औं वर्ष पूरा गरी २१ औं वर्षमा प्रवेश गरेको सुखद अवसरमा यस मध्यान्ह राष्ट्रिय दैनिक परिवारको उत्तरोत्तर प्रगतिको कामनासहित हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**हुप्सेकोट गाउँबासीमा अनुरोध**

- व्यक्तिगत घटना दर्ता समयमै गरौं । र, आफ्नो सन्तानको भविष्य सुनिश्चित गरौं ।
- गाउँपालिकाबाट इजाजत लिएर घरनक्सा पास गरेर मात्र घर निर्माण गरौं ।
- वैदेशिक रोजगारमा जाँदा आवश्यक सूचना प्राप्त गरेर मात्रै जाऔं ।
- साबुनपानीले हात धुने बानी बसालौं ।
- हावाहुरीबाट हुने आगलागीबाट बचौं । र, अरुलाई पनि सावधानी गराऔं ।
- सरसफाइमा ध्यान दिऔं । र, फोहोरमैला जथाभावी नफालौं ।
- कुपोषण न्यूनिकरण गर्न हरेकबार खानपानलाई प्रवर्द्धन गरौं ।
- लैंगिक हिंसाविरुद्धको आवाज बुलन्द पारौं । र, त्यसको अन्त्य गरौं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।

लक्ष्मीदेवी पाण्डे
अध्यक्ष

पुर्णसिंह रानामगर
उपाध्यक्ष

सुरेन्द्रप्रसाद बस्याल
प्रमुख प्रशासकीय अधिकृत


हुप्सेकोट गाउँपालिका
हुप्सेकोट, नवलपरासी, गण्डकी प्रदेश नेपाल





# सुध्रिएको बक्सअफिस

चलचित्र क्षेत्रमा लामो अनुभव बटुलेका भुवन केसीले चलचित्र विकास बोर्ड अध्यक्षको जिम्मेवारी सम्हालेपछि केही सुधारको संकेत देखाएका छन् ।
तर एकै वर्षमा सबै समस्या छुमन्तर होला र गति नै समाल्न नसकेको चलचित्र क्षेत्र अहिले नै दौडिन शुरु गर्छन् भन्नु हतारो हुन्छ ।



अञ्जना कोइराला

सरकारको सधैं उपेक्षामा पर्ने क्षेत्र हो, चलचित्र उद्योग । यसै पनि सानो बजार त्यसमाथि सरकारले पर्याप्त चासो नदिँदा नेपाली चलचित्र उद्योग सोचेअनुरुप विकास हुन सकिरहेको छैन । वार्षिक एक सयको हाराहारीमा चलचित्र निर्माण हुने गरेको छ नेपालमा । तर मुस्किलले एकदेखि दुई दर्जन चलचित्र मात्र बक्सअफिसमा सफल सावित हुन्छ । गहन अध्ययनबिनै चलचित्र निर्माणमा होमिँदा लगानीकर्ताहरुले लगानी उठाउनसम्म सकेका छैनन् । चलचित्र उद्योगका लागि सरकारले केही योजना ल्याउने तथा निर्माण पक्ष पनि अध्ययनसहित चलचित्र निर्माणमा लाग्ने हो भने चलचित्र उद्योगले गति समात्नेमा दुई मत छैन ।

यद्यपि अघिल्ला वर्षहरुको तुलनामा यस वर्ष भने चलचित्र उद्योगले केही राहत महसुस गरेको छ । यो वर्ष तुलनात्मकरुपमा संख्यात्मक हिसाबले बक्सअफिसमा सफल सावित भएका चलचित्रको संख्या धेरै छ । तर अघिल्ला वर्षहरुसँगको तुलनामा संख्या धेरै भए पनि यो नै चलचित्र उद्योगका लागि पर्याप्त भने होइन । समग्रमा हेर्दा अझै पनि लगाउने उठाउने भन्दा लगानी गुमाउने चलचित्रकै संख्या धेरै छ ।

> **"** अघिल्ला वर्षहरुको तुलनामा यस वर्ष चलचित्र उद्योगले केही राहत महसुस गरेको छ । यो वर्ष तुलनात्मकरुपमा संख्यात्मक हिसाबले बक्सअफिसमा सफल सावित भएका चलचित्रको संख्या धेरै छ ।

यस वर्षको शुरुवातमा जेठ १३ गतेबाट देशभर प्रदर्शन भएको चलचित्र 'कबड्डी ४' ले नेपालमा सर्वाधिक कमाइको रेकर्ड तोड्दै मेघाहिटको अर्को रेकर्ड राख्यो । साथै नेपाली सिनेमा पनि उत्कृष्ट हुन्छ भन्ने सन्देश दियो । रामबाबु गुरुङ निर्देशित यो चलचित्र 'कबड्डी'को सिरिज हो । 'कबड्डी' सिरिजलाई दर्शकले अत्याधिक रुचाएका थिए भने 'कबड्डी-४'लाई 'फाइनल म्याच' अर्थात् अन्तिम सिरिज भनेर प्रचार गरिएको थियो । जसका कारण 'कबड्डी-४' नेपालमा हालसम्म सर्वाधिक कमाइ गर्ने फिल्म बन्दै बक्सअफिसमा तहल्का पिट्यो । 'कबड्डी-४'लाई अन्तिम सिरिज भनिए पनि अहिले निर्देशक गुरुङ 'कबड्डी-५' बनाउने मनस्थितिमा पुगेका छन् । 'कबड्डी ४' नेपाली बक्स अफिसमा मात्रै साढे २३ करोड रुपैयाँ ग्रस कलेक्शन गर्न सफल भयो ।



यसै वर्ष 'प्रेम गीत-३', 'दुई नम्बरी', 'के घर के डेरा', 'झिँगे दाउ' पनि बक्सअफिसमा सफल सावित भए । 'प्रेम गीत-३' नेपालमा नेपाली र हिन्दी संस्करणमा प्रदर्शन भएको थियो । यी दुबै संस्करणबाट 'प्रेम गीत-३' ले नेपालमा मात्र १३ करोड ग्रस कमाइ गर्न सफल भयो । प्रदीप खड्का स्टारर यो चलचित्र भारतमा पनि हिन्दी संस्करणमा प्रदर्शन भएको थियो । जसबाट नेपाली चलचित्रको बजार विस्तारमा समेत टेवा पुगेको छ ।

यसै वर्ष रिलिज भएको अर्को सफल चलचित्र हो 'महापुरुष' । 'महापुरुष'ले पनि बक्सअफिसमा राम्रो ग्रस कलेक्सन गऱ्यो । यो चलचित्रले करिब ११ करोड रुपैयाँ कलेक्शन गरेको छ । निर्देशक प्रदीप भट्टराई निर्देशित यस चलचित्रमा मह जोडी अर्थात मदनकृष्ण श्रेष्ठ र हरिवंश आचार्यको अभिनय रहेको छ । यसै पनि निर्देशक प्रदीप भट्टराई निर्देशित चलचित्रहरु बक्सअफिसमा हिट सावित भएका छन् । उनले निर्देशन गरेका 'जात्रा', 'जात्रै जात्रा' र महापुरुष तीन वटै चलचित्रले ५१ दिन मनाउन सफल भयो ।

यही वर्ष केही आश गरिएको चलचित्रले भने सफलता प्राप्त गर्न सकेनन् । अभिनेता प्रदीप खड्काको अभिनय रहेको चलचित्र 'प्रकाश', अभिनेता आर्यन सिग्देलको अभिनय रहेको चलचित्र 'डिसेम्बर फल्स', हास्य कलाकार सन्तोष पन्तको 'हिजो आजका कुरा', अभिनेत्री प्रियंका कार्की र ऋचा शर्माको अभिनय रहेको 'चि मुसी चि' लगायतका केही आशा गरिएका चलचित्र हुन् । तर यी मध्ये केहीले मध्यम कमाइ गरे भने केहीले लगानी नै उठाउन सकेनन् ।

यसै वर्ष रिलिज हुन लागेका केही चलचित्रले पनि नेपाली चलचित्र क्षेत्रलाई चलायमान बनाउने अपेक्षा छ । रिलिज मिति घोषणा गरिसकेका चलचित्र 'छक्का पञ्जा ४', 'छड्के २' ले पनि बक्सअफिसमा तहल्का पिट्ने अनुमान गरिएको छ । हेमराज बिसीले निर्देशन गरेको 'छक्का पञ्जा ४' मा दीपकराज गिरी, केदार घिमिरेलगायत दीपक-दीपाको टिम रहेको छ । यो चलचित्र 'छक्का पञ्जा' को सिरिज हो । यसअघि 'कबड्डी ४'ले रेकर्ड नतोड्दासमम सर्वाधिक कमाइ गर्ने चलचित्रको रेकर्ड 'छक्का पञ्जा' सिरिजकै नाममा थियो । यस चलचित्रका सबै सिरिजले दर्शकको राम्रो साथ पाएको थियो । जसअनुसार सहजै अनुमान लगाउन सकिन्छ कि 'छक्का पञ्जा ४' ले पनि बक्सअफिसमा धमाका मच्चाउने निश्चित छ ।

यता अनमोल केसीको मुख्य भूमिका रहेको चलचित्र 'छड्के २' ले पनि दर्शक पाउनेमा कुनै शंका छैन । निगम श्रेष्ठले निर्देशन गरेको चलचित्र 'छड्के-२' अनमोल केसीकै कारण चर्चामा रहेको छ । अनमोलकै स्टारडमका कारण चलचित्र चल्नेमा दुई मत छैन ।

नेपाली चलचित्र उद्योगमा अघिल्ला वर्षहरुमा मुस्किले पाँच प्रतिशत चलचित्रले मात्र लगानी उठाउने गरेको तथ्यांक छ । तर यो वर्ष लगानी उठाउने चलचित्रको संख्या प्रतिशतमा केही बढ्ने देखिएको छ । यद्यपि सफल चलचित्रको तुलनामा असफल चलचित्र भने यस वर्ष पनि धेरै नै रहेको तथ्यांकले देखाएको छ ।

कोरोना महामारीका कारण शिथिल बनेको नेपालको चलचित्र उद्योग यस वर्ष यो अनुपातमा अघि बढ्ला भन्नेमा केही शंका नै थियो । तर अपेक्षित भन्दा बढी चलचित्र बक्सअफिसमा सफल हुँदा चलचित्र उद्योग हौसिएको छ । त्यसमा सरकारले पनि चलचित्र उद्योगका लागि उपयुक्त केही योजनाहरु ल्याउन सके नेपाली चलचित्र क्षेत्रले गति लिने अवस्था छ । यसले चलचित्रमा आश्रित हजारौं चलचित्रकर्मीहरु पनि लाभान्वित हुनेछन् । नेपाली सिनेमा हल चलाउन विदेशी चलचित्र कुर्नुपर्ने अवस्थाको अन्त्य गरेर नेपाली चलचित्र क्षेत्रलाई प्रोत्साहन गर्नु सरकारको अहिलेको मूख्य अभिभारा हो । यसमा नेपाली चलचित्र क्षेत्रमा लामो अनुभव बटुलेका अभिनेता भुवन केसीले चलचित्र विकास बोर्ड अध्यक्षको जिम्मेवारी सम्हालेपछि केही सुधारको संकेत पनि देखाएका छन् । तर बोर्ड अध्यक्ष जति नै अनुभवी भए पनि एकै वर्षमा सबै समस्या छुमन्तर होला र गति नै समात्न नसकेको चलचित्र क्षेत्र अहिले नै दौडिन शुरु गर्छन् भन्नु हतारो हुन्छ ।






# नयाँ सरकार, नयाँ संकेत



डा. डिल्लीराज खनाल

> नेपालमा औपचारिकताका लागि मात्रै नीति तथा कार्यक्रमहरु ल्याउने गरिएको छ । कार्यान्वयनको पाटो भने निकै कम मात्रै देखिन्छ । यो सरकारले पनि त्यस्तै गरेकोमा अर्थतन्त्र थप समस्यामा जान सक्छ ।

नयाँ सरकार बनेपछि निर्माण भएको नीति तथा कार्यक्रम सन्तुलित रुपमा नै आएको देखिन्छ। यो सरकारले ल्याएको नीति तथा कार्यक्रममा तीन वटा पक्ष निकै राम्रा रहेका छन् । पहिलो पटक अर्थतन्त्रमा समस्या भएको कुरा स्वीकार गरिएको छ । त्यस्तै सुशासनलाई सबैभन्दा अघि राखेर काम गर्नुपर्ने हुन्छ । जुन अहिलेको सरकारले सोही अनुसार काम गर्ने बताएको छ । तेस्रो भनेको कम्प्रीहृयान्सीप हो । यी कुरालाई सबैले मिलाएर अघि बढाउन सकेको खण्डमा अर्थतन्त्रलाई सहि बाटोमा ल्याउन सकिने अवस्था देखिन्छ ।

अर्कोतर्फ विगतबाट भ्काांगिदै आएको बजेटको आकार ठूलो हुने र परिणाम नआउने समस्याहरु पनि छन् । यो समस्यालाई प्रतिबद्धता अनुसार कार्यान्वयन गरेर परिणाममा रुपान्तरण गर्नुपर्ने आवश्यकता पनि छ । बजेट कार्यान्वयन गरेर परिणाम निकाल्ने विषयमा विगतमा देखिएका गम्भीर समस्याहरु जस्तो नीतिगत, संस्थागत र संरचनागत जुन कार्यान्वयनसँग जोडिएका सबै कुरालाई साहासिक रुपमा काम गर्नु पर्ने आवश्यकता छ ।

सुरुमा तत्कालीन अवस्थामा देखिएका समस्या समाधान गरेर दीर्घकालीन अवस्थामा सुधार गर्नेतर्फ लाग्नुपर्ने देखिन्छ । समृद्धिको मार्गमा हिड्नका लागि यसले महत्वपूर्ण भुमिका खेल्छ ।

धेरै पार्टीको सरकार बन्दा राजनीतिक दलहरु फरक फरक तरिकाले लाग्दा गारो हुन सक्छ । तर मिलेर अघि बढेको अवस्थामा भने अवस्था सुधार हुने विश्वास गर्न सकिन्छ । धेरै राजनीतिक दलहरु मिलेर सरकार बनाउँदा फाइदानै हुने हुनसक्छ । फरक फरक विचार र सिद्धान्तको मिश्रणबाट आएका दलहरुले गर्ने



कार्यबाट राज्यको अर्थतन्त्रमा सुधार आउने सम्भावना हुन्छ । तर अर्कोतर्फ सबै राजनीतिक दलको सिद्धान्त अनुसार नीति कार्यक्रमहरु तयार भएको अवस्थामा कार्यान्वयन कसरी हुन्छ भन्ने विषयमा ध्यान केन्द्रित गर्नुपर्ने देखिन्छ ।

धेरै पार्टीहरु मिलेर भर्खरै मात्र सरकार बनेको अवस्थामा अहिले नै शंका गर्नु उपयुक्त नहुन सक्छ। सबै मिलेर बनेको सरकारले सहज रुपमा काम गर्न सकेको खण्डमा निकै राम्रो पनि हुन सक्छ तर राजनीतिक दलहरु एक आपसमा द्वन्द्व गरेर अघि बढ्न खोज्दा देशको अर्थतन्त्रमा नकारात्मक असर पर्ने देखिन्छ। यो अवस्थामा देश सञ्चालन गर्नेहरुले सुझबुझपूर्ण ढंगले काम गर्नुपर्ने अवस्था छ । जसबाट अहिलेको जटिल अवस्थाबाट पार पाउनका लागि सहज हुन सक्छ ।

अहिलेको सरकारले पहिलो पटक अर्थतन्त्रमा समस्या छ भनेर स्वीकार गरेको अवस्थामा सुधारका लागि पनि काम हुने अपेक्षा गर्न सकिन्छ । यसअघि बिग्रेको अवस्थामा पनि अवस्था बिग्रेको भन्ने गरिएको थिएन । जसले गर्दा अर्थतन्त्र जटिल अवस्थामा पुग्दा पनि राज्यका निकायले अवस्थाका विषयमा जानकारी नदिने वा अवस्था राम्रै छ भनेर ढाकछोप गर्ने गरेको अवस्थामा यो सरकाले आफ्नो अवस्थालाई स्वीकार गरेको देखिन्छ । यसलाई सकारात्मक नै मान्नु पर्छ ।

यसले हाम्रो अर्थतन्त्रमा सुधार गर्नुपर्ने आवश्यकता महशुस भएको देखिन्छ। समस्या रहेको स्वीकार गरेको अवस्थामा सुधारको लागि पनि पहल हुने अपेक्षा यो सरकारसँग गर्न सकिन्छ। सरकारले ल्याएको नीति तथा कार्यक्रममा पनि विभिन्न विषयहरु समेटिएका छन् । यसको कार्यान्वय गर्नुपर्ने चुनौति पनि यो सरकारका अघि रहेको छ ।

नेपालमा औपचारिकताका लागि मात्रै नीति तथा कार्यक्रमहरु ल्याउने गरिएको छ। कार्यान्वयनको पाटो भने निकै कम मात्रै देखिन्छ। यो सरकारले पनि त्यस्तै गरेको खण्डमा अर्थतन्त्र थप समस्यामा जान सक्छ । सबैले मिलेर काम गरेको खण्डमा भने अर्थतन्त्रलाई जोगाउनका लागि असम्भव भने केही छैन ।

सरकारले ल्याएको बजेट खर्च समेत नहुने अवस्थामा सरकारले खर्च गर्ने प्रतिबद्धता जनाएर सोही अनुसार काम गरेको खण्डमा अवस्थालाई सुधार गर्नका लागि त्यति गाह्रो हुने अवस्था देखिदैन । यो सरकारले साहस भने गर्न सक्नुपर्ने देखिन्छ ।

प्रतिबद्ध भएर काम गर्नुपर्ने अवस्था रहेको छ । यदि त्यसो गर्न नसक्ने हो भने सरकाले अहिलेको अर्थतन्त्रलाई सुधार गर्न निकै चुनौतिको सामाना गर्नुपर्ने देखिन्छ। एकातर्फ अर्थतन्त्र कमजोर बनेको अवस्था छ भने अर्कोतर्फ संघीयताका कारण खर्च बढेको अवस्था छ । यसलाई व्यवस्थापन गर्नका लागि पनि सरकार सामु चुनौति छ ।

देश संघीयतामा गएपछि आर्थिक भार बढ्दा पनि अर्थतन्त्रमा नकारात्मक असर परेको छ । यसका लागि अनावश्यक समिति र बोर्डहरु हटाउनुपर्ने देखिन्छ। सानो संरचना भएर चुस्तदुरुस्त कार्य गर्नुपर्ने आवश्यकता छ । जसले राज्यको खर्च कटौति हुन्छ र खर्च जोगिन्छ। चालु खर्चलाई निश्चित मापदण्ड बनाएर काम गर्नु पर्ने आवश्यकता रहेको छ। अनुत्पादक क्षेत्रको खर्चमा व्यापक खर्च गर्न जरुरी देखिन्छ ।ठोस मापदण्ड बनाएर त्यस अनुसार कार्यान्वयन हुने कुरालाई बेसिक इन्डिकेटर बनाएर तिनको नियमित अनुगमन गर्दा पनि खर्च कटौतिमा सहयोग पुग्छ। प्राथमिकता दिएर काम गर्नुपर्ने र सोही अनुसारको काम पनि गर्नु पर्ने आजको आवश्यकता हो ।

*(लेखक डा खनाल वरिष्ठ अर्थविद् हुनुहुन्छ । )*






# पत्रकारितामा राजनीतिक प्रभाव





अर्जुन बिष्ट

> विज्ञापन, पुरस्कार, सम्मान र खादाले पुरिएका पत्रकारले कहिल्यै आलोचनात्मक समाचार लेख्न सक्दैनन् । यसरी स्वार्थमा बाँझिएको हाम्रो पत्रकारिताको गुणस्तरको अपेक्षा गर्न सकिन्न । मार्केटिङले समाचार लेख्ने, रिपोर्टरले विज्ञापनको डिल गर्ने ? अनि कसरी बढ्छ हाम्रो पत्रकारिताको गुणस्तर ?

पत्रकारिता राज्यको चौथो अङ्ग हो । जसलाई समाजको 'वाच डग'का रूपमा लिइन्छ । पत्रकार सक्षम र पत्रकारिता व्यवस्थित हुन सक्यो भने समाजका सबै पक्षमा परिवर्तन आउन सक्छ । भनिन्छ पत्रकारको कुनै रंग हुनुहुँदैन, पत्रकारको कुनै जात हुनुहुँदैन, पत्रकारको कुनै धर्म हुनुहुँदैन र पत्रकारको कुनै दल हुनुहुँदैन । पत्रकार सधैँ स्वत्रन्त्र हुनुपर्छ र समाजको पक्षमा हुनुपर्छ । तर, यि सबै भनाइमै सिमित रहे यहाँ त आजभोलि पत्रकारिता नै रंगिन छ । त्यति मात्रै होइन पत्रकारको जात हुन्छ, धर्म हुन्छ, दल हुन्छ पार्टीको सदस्य हुन्छ । पत्रकारिता र राजनीतिक दल केन्द्रीत बन्दै गएको छ । पत्रकार अर्थात् राष्ट्रको चौँथो अङ्ग । त्यही चौथो अङ्गलाई अङ्गभंग गर्ने कुराले पत्रकार स्वयम् र सामाजिक सञ्जालदेखि विभिन्न सञ्चारमाध्यमहरु समेत पछि परेका छैनन् ।

सामान्यतया: पत्रकारले नागरिकलाई सूचना दिने र सामाजिक बिसङ्गतिविरुद्ध आवाज उठाउने र सत्यतथ्यमा आधारित समाचार सम्प्रेषण गर्नुपर्छ भन्ने हामी सबैलाई थाहा छ । तर, पनि हामी आफ्नै पेशाप्रति बफादार छैनौं । राज्यका तीन अङ्ग कार्यपालिका, न्यायपालिका र व्यवस्थापिकाले गर्ने कामको निगरानी गर्ने जिम्मेवारी पाएकै कारण होला पत्रकारले आम नागरिकबाट चौथो अङ्गको सम्मान पाएको । तर, पछिल्लो समय नेपाली पत्रकार र पत्रकारिताले पाएको त्यो सम्मान नगुमाउला भन्न सकिँदैन । पत्रकार सत्ताको विपक्षमा उभिनुपर्छ भनि भजन गाउँनेहरुलेनै आज प्रेस जगतलाई बदनाम बनाउँदै गएका छन् ।

पछिल्लो समय जसरी नेपालको राजनीति हदैसम्मको सतही बन्दै गएको छ, त्यसरी नै प्रेस जगत पनि लम्किरहेको छ । पत्रकारले निष्ठावान् भएर सत्यतथ्य समाचार सम्प्रेषण गर्दा पनि विवादास्पद बन्नेगर्छ । जसको कारण राजनीति नै हो । आफ्नो पक्षमा समाचार लेखे स्याबासी र केही कमी कमजोरी औँल्याए गाली बेईज्जती व्यहोर्नु पर्ने अवस्था छ । काठमाडौं र बाहिर रिपोर्टिङ्गका क्रममा पंक्तिकारले यस्ता सयौँ रूप देखेको छ । रिपोर्टिङमै हुँदा तपाईं कुन पार्टीको पत्रकार ? कुन संगठनको पत्रकार ? लगायतका प्रश्नहरु कानका भित्तामा ठोक्किरहन्छन् । नागरिकको पत्रकार र पत्रकारिताप्रति विश्वास गुमेकै हो त ? गम्भीर प्रश्न खडा भएको छ ।

विश्वमा प्रविधिको विकाससँगै बढेको अनलाइन सञ्चार माध्यम नियन्त्रण बाहिर रहँदा र सामाजिक सञ्जालले आमसञ्चार माध्यलाई दिएको चुनौतीका कारण आज वास्तविक पत्रकारमाथि समस्या पैदा भएको छ । समस्या किन पैदा नहोस्, हाम्रो पत्रकारिता यस्तै छ । वास्तवमै पत्रकारिताको अवस्था आजभोलि निकै लाजमर्दो छ । हातमा क्यामेरा, नोटबुक र कलम बोकेर हिँड्ने पत्रकारले कुन पार्टीको झोला बोक्छ भनेर साधारण मान्छेले समेत भन्न सक्छ । यहाँ दलीय पत्रकारिता यतिसम्म झाँगिएको छ । पत्रकारहरू पार्टीको शपथ खानसम्म पछि पर्दैनन् । नियमनकारी निकायले बेलैमा चेत नपुऱ्याए पत्रकारितामाथि राजनीति झनझन हाबी हुनेछ ।

पत्रकारका संगठन दलका भातृ संगठन बनेकै कारण समाजको निगरानी आख्ने पत्रकार आज पार्टीको सदस्य भएर चिनिएको छ । हामी आफैले पत्रकारिताको धर्म र मर्म बिर्सिएर आफ्नै पेशालाई अपमान गरिरहेका छौँ । पत्रकार महासंघको चुनावको बेला होस् या पत्रकार संगठनको बेला होस् हामी पार्टीगत गुट र पार्टीले रुचाइएको व्यक्तिलाई जिताउन तछाडमछाड गर्छौं । त्यति मात्रै होइन्, टिकट किनबेचमा पनि पछि परिँदैन । अनि कसरी हुन्छ, त्यो संघ, संगठन स्वच्छ र स्वतन्त्र ? त्यसकारण हामीलाई आजभोलि पार्टीको पत्रकारको ट्याग लाग्न थालेको छ ।

नेपाली पत्रकारिताको पाइला अन्तकतै भड्किएको छ । लोकतन्त्रलाई रक्षा गर्न नसक्ने पत्रकारिताको विकास भैरहेको छ । यूट्युबमा आउने सनसनीपूर्ण भिडियोहरुले पत्रकारितामा थप चुनौती दिएको छ । क्यामेरा, कलम र बुम बोकेर हिँड्ने जो कोहीलाई पत्रकारको ट्याग लाउँदा देश दुर्घटनामा जाने निश्चित छ । नियमनकारी संस्था यसको समाधान तर्फ नलागे थप समस्या पैदा हुने देखिन्छ ।

भारतीय पत्रकार रवीश कुमारले भनेका छन्, "जब मिडिया नै नागरिकविरुद्ध हुन्छ, नागरिकले मिडिया बन्नुपर्छ ।" अहिले मिडिया नै नागरिकविरुद्ध छन् । अब नागरिकले मिडिया बन्नुपर्ने आवश्यकता देखिएको छ । पछिल्लो समय पत्रकारिता पेशाप्रति सबैभन्दा चुनौती तिनैबाट छ, जो आफुलाई पत्रकार भन्न रुचाउँछन्, तर पत्रकारिता गर्दैनन् ।

देशमा महासंकट कोरोना महामारीको समयमा सयौँ नक्कली पत्रकार समातिए, नक्कली परिचय पत्रको बिगबिगि नै चल्यो । तर, पत्रकारको छाता संगठनहरु चुपचाप बसिरहे । त्यस्ता कार्य सधैँका लागि बन्द गराउन तर्फ लागेनन् । पत्रकार भनेर चिनिने तर, पत्रकारिता नगर्ने पत्रकारको समूह बढ्दै जाँदा वास्तविक पत्रकारको भूमिका र योगदानलाई पनि ओझेल पार्दै छन् । पत्रकारितालाई देखाउने दाँत बनाएर राजनीति, दलाली र सौदाबाजी गर्नेहरू अनेक छन् । पत्रकारिता र समाजमा बेथिति बढेको गुनासो सरकारी र गैरसरकारी दुवै क्षेत्रबाट आइरहेको छ । पत्रकार महासंघको तथ्याङ्कमा १३ हजार बढी पत्रकारले सदस्या लिएका छन् । तर, मुस्किलले १३ सय पत्रकारले पनि पत्रकारिता गरिरहेका छैनन् ।

अर्कोतिर मिडिया व्यवस्थापनको कारण पनि हाम्रो पत्रकारिता खस्किँदै गएको छ । एक पटक काठमाडौंमा आफ्नो 'रिपोर्टिङ'मार्फत राष्ट्रिय पहिचान बनाइसकेका व्यक्तिसँगै पंक्तिकार पनि रिपोर्टिङ्गमा गएको थियो । ति व्यक्तिको चिनजानको मान्छे रहेछ । त्यहाँ विज्ञापनको सम्झौता भयो । रिपोर्टिङमा गएको पत्रकार विज्ञापनसमेत लिएर आए, मलाई अचम्म लाग्यो । त्यो उनको कमिशनको आश रहेछ । त्यसपछि तीनले त्यो संस्थाको आलोचनात्मक समाचारलाई प्रशंसा र प्रस्तुतिमा रूपान्तरण गरेर समाचार प्रकाशन गरे । विज्ञापन, पुरस्कार, सम्मान र खादाले पुरिएका पत्रकारले कहिल्यै आलोचनात्मक समाचार लेख्न सक्दैनन् । यसरी स्वार्थमा बाँझिएको हाम्रो पत्रकारिताको गुणस्तरको अपेक्षा गर्न सकिन्न । मार्केटिङले समाचार लेख्ने, रिपोर्टरले विज्ञापनको डिल गर्ने ? अनि कसरी बढ्छ हाम्रो पत्रकारिताको गुणस्तर ?

आवाजबिहीनहरुको आवाज बोल्छ पत्रकार, निर्भिक र निडरका साथ अगाडी बढ्छ पत्रकार, आफ्नो पेशालाई धर्मका रूपमा निर्वाह गर्दै कठिनाइसँग ग्रामिण बस्तीहरुको कन्दरामा पुगेको हुन्छ पत्रकार । तर पत्रकारिताको नाम भजाएर जीवन चलाउने नक्कली पत्रकारकै कारण श्रममा बाँचेको एउटा श्रमजीवी आफ्नो कर्मप्रति आरोप सहन बाध्य हुन्छ । दलीय पत्रकारिता राजनीतिक पक्षधरता र स्वार्थबाट निरपेक्ष र स्वतन्त्र पेशा हो । पत्रकारिताबाट राजनीति, कूटनीति वा प्राज्ञिक क्षेत्रमा प्रवेश गर्न नसकिने होइन । तर, पत्रकारिता पेशामा भएसम्म वैचारिक पक्षधरता प्रदर्शन गरेर पेशाको धज्जी उडाउनु नैतिकता गुमाउनु हो । पत्रकारिताको मर्म र आचारसंहिता पालना नगर्ने सञ्चार माध्यम र पत्रकार पनि नभएका होइनन् तर, ती एकदमै सिमित मात्रामा रहेका छन् ।

हार्दिक बधाई

मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकाले विभिन्न आरोह अवरोह पार गर्दै निरन्तररूपमा आफ्नो प्रकाशनको २० औं वर्ष पूरा गरी २१ औं वर्षमा प्रवेश गरेको सुखद अवसरमा यस मध्यान्ह राष्ट्रिय दैनिक परिवारको उत्तरोत्तर प्रगतिको कामनासहित हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

SGMC
SHERMAN GLOBAL MANAGEMENT CONSULTANTS PVT LTD
शेरमन ग्लोबल म्यानेजमेन्ट कन्सल्टेन्ट्स प्रा. लि.
परिवार
सिनामंगल-९, काठमाडौं, नेपाल, फोन: ४४७३७०५, ४४९४४५७

हार्दिक बधाई तथा शुभकामना

मध्यान्ह राष्ट्रिय दैनिक २०औं वर्ष पुरा गरी २१औं वर्षमा प्रवेश गरेको अवसरमा बधाई तथा उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

रवि सिंह
अध्यक्ष, एवम्
नेपाल निर्माण व्यवसायी महासंघ
Federation of Contractors' Associations Of Nepal-FCAN
परिवार

हार्दिक बधाई तथा शुभकामना

मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकाले विभिन्न आरोह अवरोह पार गर्दै निरन्तररूपमा प्रकाशित गर्दै आफ्नो २० औं वर्ष पूरा गरी २१ औं वर्षमा प्रवेश गरेको सुखद अवसरमा यस मध्यान्ह राष्ट्रिय दैनिक परिवारको उत्तरोत्तर प्रगतिको कामनासहित हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

मदन कुमार महत
अध्यक्ष, तथा
HIMALAYAN JOB EXPLORER
हिमालयन जब एक्स्प्लोरर प्रा. लि., परिवार
पाटनढोका, ललितपुर, फोन नं.: ०१-५५२००८०, ५५२००८१
Email: info@himalayanjob.com.np

काठमाडौं महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बागमती प्रदेश

काठमाडौं महानगरपालिका क्षेत्रभित्रका सहकारी संस्थाहरूलाई संस्था सञ्चालनसम्बन्धी अत्यन्त जरुरी सूचना

१. कार्यालयले तोकिदिएको कार्यक्षेत्रभन्दा बाहिरका व्यक्तिहरूलाई शेयर सदस्य बनाई कारोबार नगरौं ।
२. त्यस्तै प्रकृतिको अन्य संस्थामा सदस्य नभएका, कालो सूचीमा नपरेका र नेपाली नागरिकता लिएका व्यक्तिहरूलाई मात्र सदस्य बनाऔं ।
३. गैर सदस्यसँग कारोबार नगरौं ।
४. अन्य कुनै पनि सरकारी संस्थाको सञ्चालन वा लेखा समितिमा बसेका व्यक्तिलाई सञ्चालन तथा लेखा समितिमा नराखौं ।
५. संस्थाले प्रदान गरेको ऋणमा लाग्ने ब्याजलाई मूल कर्जामा पुँजीगत गरी सोको आधारमा ब्याज हिसाब नगरौं ।
६. मुद्दती खाता नखोलौं, ३ वर्षभन्दा कम अवधिको आवधिक निक्षेप मात्र स्वीकार गरौं ।
७. सदस्यले गरेको लगानी र बचत रकमको आधारमा उनीहरूबीच कुनै विभेद नगरौं ।
८. संस्थालाई सुधारमुखी तुल्याउन लेखा समितिलाई सक्रिय बनाऔं ।
९. ऋणमा र बचतमा दिने ब्याजदरको अन्तर ६ प्रतिशतभन्दा बढी नगरौं ।
१०. समयमै प्रगति प्रतिवेदन एवं अन्य विवरण पठाउन र लेखापरीक्षण गराउन नभुलौं ।
११. कानूनको उल्लंघन ठहरिने अन्य कार्यसमेत नगरी दण्ड सजायबाट बचौं ।

"स्वस्थ, स्वच्छ, सुन्दर, हराभरा सहर, रोपौं रूख, बनाऔं सेप्टिक ट्यांकी सहितको घर"
"साँस्कृतिक सहर, काठमाडौं महानगर"

# नयाँ नेतृत्वप्रति व्यवसायीका अपेक्षा



रेशमराज पौडेल

> नयाँ नेतृत्वले साधारणसभाले सिर्जना गरेको राप र ताप सेलाउनु अघि नै समस्या समाधानको पहलकदमी बढाउनुपर्ने बुद्धिमानी हुनेछ ।

व्यवसायीहरूले सानाठूला गरी करीब डेढ दर्जन समस्याको समाधान खोज्दै नेपाल वैदेशिक रोजगार व्यवसायी संघमा नयाँ नेतृत्व स्थापित गरेका छन् । व्यवसायीहरूले विशुद्ध व्यवसायिक एजेन्डा भन्दा राष्ट्रिय राजनीतिका प्रमुख दलगत निकट रहेर प्रचारप्रसार गरे संघको नेतृत्वमा पुग्न सहज देखे । संघको निर्वाचन यसपटक पनि दलीय रूपमा नै सम्पन्न भयो । नेपाली कांग्रेस निकट व्यवसायीहरूमा व्यवसायीका मुद्दा भन्दा को आधिकारिक ? भन्ने विषयले प्रधानता पायो । दलगत आधारमा व्यवसायीका मुद्दा ओझेलमा परेका कतिपय व्यवसायीको चिन्ता भएपनि निर्वाचनमा देखिएको प्रतिस्पर्धा र जित्नका लागि व्यवसायीहरूले गरेको दौडधुप र भेटघाटले वैदेशिक रोजगार राष्ट्रिय राजनीतिको केन्द्रमा प्रवेश पायो । नेपाल वैदेशिक रोजगार व्यवसायी संघको २९ साधारणसभा उद्घाटनको लागि प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले व्यस्तता पन्छाउँदै सम्वोधन गर्न आउनुपऱ्यो । साधारणसभा प्रधानमन्त्री, मन्त्री र सचिवको उपस्थिति संघ तदर्थ समितिको सक्रियता र व्यवसायी प्रतिस्पर्धाले ल्याएको उपलब्धिका रूपमा अर्थ्याउन सकिन्छ । नयाँ नेतृत्वले साधारणसभाले सिर्जना गरेको राप र ताप सेलाउनु अघि नै समस्या समाधानको पहलकदमी बढाउनुपर्ने बुद्धिमानी हुनेछ ।

यो पंक्तिकारले वैदेशिक रोजगार क्षेत्रमा कलम चलाउन शुरू गरेको डेढ दशकभन्दा बढी भइसक्यो । वैदेशिक रोजगार क्षेत्रलाई सुरक्षित,व्यवस्थित र मर्यादित बनाउने आवाज त्यसबेला देखि अहिलेसम्म एउटै स्तरमा छ । आजपनि  वैदेशिक रोजगार क्षेत्रमा अपेक्षित रूपमा सुधार हुन सकेको छैन भन्ने आवाज उठिरहेको छ । भारत, पाकिस्तान, बंगलादेश र श्रीलंकाका  व्यवसायीसँग प्रतिस्पर्धा गरिरहेका व्यवसायीहरू वैदेशिक रोजगार प्रशासनमा अपेक्षित सुधार ल्याउन सके नेपालले पाउने रेमिट्यान्स अहिलेको तुलनामा गुणात्मक रूपमा वृद्धि हुने



बताउँछन् ।  वैदेशिक रोजगार यस क्षेत्रलाई व्यवस्थित गरेर मर्यादित र सुरक्षित बनाउन  वैदेशिक  वैदेशिक रोजगारीमा जाने नेपाली श्रमिकलाई सुरक्षित र मर्यादित तरिकाले गन्तव्यमा पुऱ्याउने, उनीहरूको आय र श्रमको सम्मानको व्यवस्था गर्ने तथा उचित ज्याला भुक्तानी गराउने, करार अवधि सकिएर नेपाल फर्किसकेपछि पुनःस्थापना गर्ने वा मर्यादापूर्वक जीवनयापन गर्ने वातावरण बनाउने उदेश्य रोजगार ऐन २०६४ ले बोकेको छ । कामदारपक्षीय आवाजलाई सरकारी तथा गैरसरकारी क्षेत्रले गम्भीरताका साथ सुनेको तर मुलुकमा वार्षिक करीब १२ खर्ब रेमिट्यान्स भित्र्याउने निजी क्षेत्रका व्यवसायीहरूको सामाजिक सम्मान हुन नसकेको व्यवसायीको गुनासोको विषय यसपटकको निर्वाचन केन्द्रमा थियो । भाषा र प्राथमिकताको भिन्नता भएपनि व्यवसायीले मुलतः वैदेशिक रोजगारमा कामदार पठाएवापत व्यवसायीले पाउने सेवा शुल्क नेपालका छिमेकी भारत,पाकिस्तान, बंगलादेश वा श्रीलंकाका व्यवसायीले लिए सरह कम्तीमा एक कामदारले एक महिनामा पाउने तलब बराबरको रकम सेवा शुल्क लिन पाउनुपर्ने, ईजाजतपत्र नवीकरण गर्न वार्षिक सय कामदार पठाउने प्रावधान हटाउने,वैदेशिक रोजगार कल्याणकारी कोषको प्रभावकारी परिचालन ,विमाको व्यवस्था गर्ने वैदेशिक रोजगार रहेका  सिन्डिकेटहरुको अन्त्य गर्ने, उजुरी सुनुवाइमा संघ प्रतिनिधित्व सुनिश्चित गर्नुपर्ने, मागपत्र प्रमाणिकरण  कुटनीतिक नियोग तथा दुतावासमा र श्रम स्वीकृतिमा  रहेको झन्झट अन्त्य, वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणालीमा (फेमिस) मा देखिएका समस्याको समाधान, धरौटी वृद्धिपछि पनि छुट्टाछुट्टै इजाजतपत्र लिनुपर्ने व्यवस्थाको अन्त्य, गन्तब्य मुलुकहरुसँग श्रम सम्झौता गर्ने तथा न्युनतम पारिश्रमिकको सुनिश्चितता गरिनुपर्ने जस्ता एजेन्डा देखिए । वैदेशिक रोजगार क्षेत्रमा जाने कामदारको संख्यामा भएको वृद्धिसँगै यस क्षेत्रमा समस्याहरूको बढोत्तरी चिन्ताको विषय बनेको छ । सोही चिन्ता हटाउन वैदेशिक रोजगार ऐन २०४२ लाई परिवर्तन गरि वैदेशिक रोजगार ऐन २०६४ जारी भयो  तर त्यसमा २०७५ सालमा गरिएको संसोधन र विना अध्ययन ल्याईएको फ्रि भिसा फ्रि टिकट सम्बन्धि निर्णयले वैदेशिक रोजगार व्यवसाय व्यवस्थित गर्ने भन्दा नियन्त्रित बन्ने अवस्थामा पुगेको गुनासाहरूको घेरामा छ । वैदेशिक रोजगारबाट प्राप्त हुने रेमिट्यान्सलाई दीर्घकालीन पुँजी निर्माणका लागि लगाउने र रेमिट्यान्सलाई राष्ट्रिय आर्जनको हिस्सा ठान्ने भन्दा रेमिट्यान्सले देश बन्दैन भन्दै नाक खुम्च्याउने प्रवृत्तिले पनि अर्थतन्त्रका सबै पक्षमा योयदान दिएको वैदेशिक रोजगार क्षेत्र सुरक्षित नभएको गुनासो पनि सँगसँगै छ ।

वैदेशिक रोजगारमा जाने  कामदारकै लागि भनेर वैदेशिक रोजगार बोर्ड बन्यो । त्यसमा विदेश जाने कामदाहरूबाट थोरै थोरै गरेर हाल १० अर्ब रूपैयाँभन्दा बढी जम्मा भइसकेको बताईएको छ । तर त्यसको उपयोगिता सहि ढंगले भएको देखिँदैन । विदेशमा समस्यामा परेका  कामदारलाई त्यो रकम सदुपयोग गर्न सक्नुपर्थ्यो । त्यस्तै सीप तालिमको कुरा पनि छ ।  हरेक प्रदेशमा ठूला ठूला सीप सिकाइ केन्द्र (ट्रेनिङ सेन्टर) र कलेजहरू स्थापना गरे त्यसले सीप विकासमा योगदान दिने अवस्था छ । आज श्रमिकका रूपमा काम गर्न कतार वा मलेसियामा गएको व्यक्तिको सन्तान केही वर्षपछि इन्जिनिएर वा अन्य दक्ष पेशामा जान सकून् भन्ने सोच्न जरुरी छ । वैदेशिक रोजगार वा  माईग्रेसन (आप्रवासन) मानव सभ्यताको अंग हो । कृषि युगको शुरूवात अगाडिबाटै मानवजाति एकठाउँबाट जिविकाका लागि अर्को ठाउँमा सर्दै आएको हो । भविष्यमा पनि मानव जाति उपयुक्त रोजगारी, शिक्षा वा अन्य अवसरको खोजीमा एक देशबाट अर्को देशमा जानेछ भन्ने तथ्यलाई आत्मसात गरियो भने सुधारका निम्ति सहज हुनेछन् ।

वैदेशिक रोजगार क्षेत्रमा सुधारका लागि नीतिको खाँचो होइन । अहिलेको चुनौती भनेकै भएका नीतिको कार्यान्वयन हो ।  नीति छ, कानून छ । श्रमिकसँग जोडिएका अन्तर्राष्ट्रिय कानून र हकअधिकारका व्यवस्था पनि छन् । अन्तर्राष्ट्रिय श्रम संगठन (आइएलओ) ले बनाएको मापदण्ड छ । तर यी सबैलाई अभ्यासमा ल्याउन सकिएको छैन । त्यसैले संघको  निर्वाचित नयाँ कार्यसमितिले भएका नीति नियम अभ्यासमा ल्याउन के बाधा छन् भनेर खोजबिन गर्ने र सोहीअनुसारका आगामी कार्यदिशा तय गर्नुपर्नेछ ।

त्यसमा नीति पुनरावलोकन गर्नुपर्ने पहिलो कुरा हो । अर्को महत्वपूर्ण  भनेको नेपाल चाहेर वा संवैधानिक वाध्यताले संघीयतामा गइसकेको छ ।
















संवाहक

२० औं वार्षिकोत्सव
यात्रा २१ औं वर्षको

१२ माघ २०७९, बिहीबार | 26 January 2022, Thursday
मध्यान्ह

# नागरिक शक्ति



अम्बिका खड्का

> लोकतन्त्र सामाजिक न्याय र नागरिक सर्वोच्चताको पक्षमा सधैंभरि वकालत गर्न, राज्यद्वारा नागरिकका लागि ग्यारेन्टी गरिएका हक अधिकारको व्यावहारिक कार्यान्वयनको पक्षमा पहलकदमी गर्दै आवश्यक परेमा दबाब दिन नागरिक शक्ति अझ शक्त हुनुपर्ने छ ।

पछिल्लो तीन दशकयता नेपाली समाजमा निकै चलेको र बहस भएको विषय हो-राजनीतिक स्थिरता । २००७ सालमा आएको प्रजातन्त्र २०१७ सालमा खोसियो । प्रजातन्त्र पुनर्बहालीका लागि नेपालीहरूले ३० वर्ष मिहेनत गर्नुपर्यो । २०४६ साल यता नागरिकस्तरमा प्राप्त अधिकारको संस्थागत गर्ने र राजनीतिक स्थिरता कायम गर्नुपर्ने विषयमाथिको चासोले एकछत्र राज गरेको पाइन्छ । चियापसलदेखि चोक-गल्ली, प्रभातकालीन हिँडाइ र सार्वजनिक जीवनका विविध स्थानमा राजनीतिलाई कसरी अगाडि बढाउन सकिन्छ, कस्तो हुनुपर्छ राजनीति, विकास र समृद्धि कसरी प्राप्त हुन्छ भन्ने विषय मात्रै चलेन, समाजवादमा पुग्ने आधार र आयामबारे पनि छलफल चलिरहेका छन् । बरु यसबीचमा नेताहरुप्रतिको वितृष्णा अलि बढी नै देखा पर्यो । दल र नेताहरूले जनमुखी कार्यशैली अंगीकार नगर्दा सर्वसाधारण नागरिकबाट यस्ता टिप्पणी आउनु अनौठो पनि होइन । तर, तीन दशकदेखिको आम छलफलको प्रभाव चुनावमा देखिन थालेको छ । नागरिकले गत आम चुनावबाट नयाँ दल र अनुहारलाई समेत जिताएर संसदमा एउटा जवरजस्त शक्तिका रुपमा स्थापित गरिदिएका छन् । चुनावको केही महिना अगाडि मात्रै उदाएको राष्ट्रिय स्वतन्त्र पार्टीले संसदमा २० सिट जित्यो । रास्वपाबाटै गृहमन्त्रालयको नेतृत्व भएको छ । शिक्षा जस्तो जनतासँग प्रत्यक्ष जोडिएको मन्त्रालयको नेतृत्व नयाँ दलबाटै निर्वाचित प्रतिनिधिले गरेका छन् । स्वास्थ्य मन्त्रालयमा पनि राज्यमन्त्रीका रुपमा नयाँ अनुहार पुगेका छन् । अर्थात, जनतासँग प्रत्यक्ष जोडिएका मन्त्रालयको नेतृत्वमा नयाँ दलका प्रतिनिधि छन् । साथसाथै उपसभामुखमा पनि नयाँ अनुहार पुगेका छन् । समाज सेवामा नाम कमाएर राजनीतिमा आएकी इन्दिरा राना उपसभामुख भएर राज्य सञ्चालनको उच्च संयन्त्र संवैधानिक परिषद सदस्य भएकी छन् ।

संवैधानिक परिषद् त्यस्तो निकाय हो, जसले प्रधानन्यायाधीश, महालेखा परीक्षक र १२ वटा संवैधानिक आयोगका ६० जना पदाधिकारी नियुक्तिका लागि सिफारिस गर्छ । प्रधानमन्त्रीको अध्यक्षतामा रहने परिषदमा प्रधानन्यायाधीश, प्रतिनिधिसभाका सभामुख, राष्ट्रिय सभाका अध्यक्ष, प्रतिनिधिसभाको विपक्षी दलका नेता र प्रतिनिधिसभाका उपसभामुख सदस्य रहन्छन् । अर्थात, यो विशिष्ट पदमा नयाँ अनुहारलाई नागरिकले पुर्याइदिएका छन् । शिक्षित, सूचनामा पहुँच भएका, सरकारी वा गैरसरकारी संस्थाहरूमा जिम्मेवारीमा रहेका वा रहिसकेका लगायतका ठूलै तप्काका नागरिक वृत्तलाई राजनीतिक नेतृत्वमा सुधारको खाँचो छ भन्ने परेपछि राजनीतिक ठूला दलहरुको हातमा मात्रै नरहने गरी चुनावी परिणाम आयो र इन्दिरा राना जस्ता व्यक्ति उपसभामुख हुन सकिन् । यो नागरिक शक्तिको पछिल्लो उदाहरण हो । यस्ता उदाहरण विगतमा अनेक पटक देखा परेका छन् । एउटा हदसम्म छलफल र बहस गर्ने, नकारात्मक विषयहरु सहेर पनि सकारात्मक भविष्य खोज्ने अन्यथा विकल्प खोज्ने अभ्यास विगतमा थुप्रै पटक भएका छन् ।

०४६ सालको परिवर्तनपछि मुलुकले विश्व समुदायमा आफ्नो जबरजस्त उपस्थिति देखाउन सक्ने परिस्थिति बनेको थियो । तर, राजनीतिक दलका नेताहरु, तत्कालिन राजतन्त्रका पक्षधर, पंचायत पक्षधर र तत्कालिन राजाकाबीच भएको शक्तिमाथिको पहुँच चलखेलका कारण २०४७ सालको संविधान पूर्णत जनताको पक्षमा हुन सकेन । दक्षिण एसियाकै उत्कृष्ठ भनिएको उक्त संविधानभन्दा माथि राजा थिए । यही प्रमुख कारण थियो मुलुकले बेहोरेको माओवादी १० वर्षे शसस्त्र युद्ध- जनयुद्ध । २०५२ साल फागुन १ गते तत्कालिन माओवादीको नामबाट राजनीतिक परिवर्तन गर्ने भन्दै जनयुद्ध घोषणा भयो । तत्कालीन श्री ५ को सरकार र माओवादीबीचको द्वन्द्वमा पनि नागरिकले सकारात्मक फलको आश राखे । मुलुक आक्रान्त बन्न थालेपछि नागरिकहरु नै राजतन्त्रको विपक्षमा देखा परे । नागरिक समाजको रुपमा माओवादी बेगर पनि राजतन्त्रको विपक्षमा आवाज उठ्न थाल्यो । नागरिक समाजको नाममा जनताको पक्षमा वकालत गर्दै तत्कालिन राजा र द्वन्द्वरत दुबै पक्षबीच सामन्जस्यता कायम गर्न महत्वपूर्ण भूमिका खेल्ने कार्य इतिहासमा प्रष्ट छ । आमुल परिवर्तनका लागि माओवादीले सञ्चालन गरेको सशस्त्र युद्धमा दश वर्षभित्र सयौं नेपालीले ज्यान गुमाए । र पनि राजतन्त्र फाल्ने आन्दोलनमा माओवादी सहितका सात राजनीतिक दलहरु र आम नागरिक एकै ठाउँ भए । २०६२/०६३ सालको त्यही नागरिक शक्तिको आन्दोलनसामु गद्धीमा बसिरहेका तत्कालिन राजा राजदरवार छाड्न तयार भए । तत्कालीन सरकार र माओवादीवीच सम्पन्न भएको शान्ति सम्झौतापछि द्वन्द्वकाल अन्त्य भएको घोषणा गरियो । शान्ति सम्झौतापश्चात हालसम्म माओादीको नेतृत्वमा तीन पटक सरकार गठन भएको छ । अर्थात, युद्धबाट आएको माओवादीलाई तीन पटक नेतृत्व नै गर्नेगरी शक्तिमा नागरिकले नै पुर्याएका हुन् । यसबीचमा माओवादी सत्ता बाहिर सायदै रहेको छ । यो पनि नागरिकको शक्ति नै हो । तर, फेरि पनि माओवादी नेतृत्वको सरकारले जनताका बीचमा देखिने गरी परिवर्तनको अनुभूत गराउन सकेन भने इतिहास दोहोरिन सक्ने अर्थात, भविष्यमा माओवादी राज्य सत्तामा शक्तिहीन हुन सक्नेमा स्वयम माओवादी नेताहरु कन्भिन्स छन् । अर्थात, नागरिक शक्तिसँग राज्यको बागडोर सम्हालिरहेको राजनीतिक शक्ति सजग देखिन्छ ।

विगतमा जनताको पक्षमा सही रुपमा शासन नगर्दा वा आफूलाइ संविधान भन्दा माथिको अधिकार छ भनी त्यसको दुरुपयोग गर्दा राजदरवारबाट राजा हटेको इतास ताजै छ । नागरिक शक्तिका अगाडि युद्ध भन्दा शान्तिपूर्ण बाटो ठीक ठान्नुपर्ने नागरिक सुझावका आधारमा माओवादी शन्तिपूर्ण राजनीतिमा आउन तयार हुँदा मुलुकले गणतन्त्रको बाटो समात्यो । र, मुलुक अहिले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थामा अभ्यासरत छ । संघीय लोकतान्त्रिक शासन व्यवस्थामाथि प्रश्न उठाउनेहरु पनि छन् । तर, यो नागरिक शासनको उच्चतम अभ्यास हो । यसकारण यसलाई सही ढंगले चलाउन पनि नागरिक शक्तिको दवाव र प्रभाव आवश्यक छ । धेरथोर गएको चुनावमा पुराना दल र पुराना अनुहार भन्दा नयाँ दल र नयाँ अनुहारप्रतिको आशा र भरोसा केही हदसम्म नागरिकमा देखिनुले यही पुष्टि गर्छ । तथापि, फेरि पनि नागरिक शक्तिको उत्तिकै खबरदारीको आवश्यकता महसुस हुन्छ । लोकतन्त्र सामाजिक न्याय र नागरिक सर्वोच्चताको पक्षमा सधैंभरी वकालत गर्न, राज्यद्वारा नागरिकका लागि ग्यारेन्टी गरिएका हक अधिकारको ब्यावहारिक कार्यान्वयनको पक्षमा पहलकदमी गर्दै आवश्यक परेमा दबाब दिन नागरिक शक्ति अझ शसक्त हुनुपर्ने छ । नेपाल सरकारद्वारा नागरिकलाई प्रदान गरिने सेवा सुविधा सरल तथा सहज भेदभावरहित ढंगले प्रदान भइरहेको छैन । विषयगत निकायलाई आफ्नो सेवा प्रवाह प्रभावकारी बनाउन ध्यानाकृष्ट गर्न, पारदर्शिता, सुशासन, उच्च सामाजिक मूल्यका पक्षमा सरकारलाई बढी जिम्मेवार बनाउनेतर्फ पहल गर्न, सबैखाले अनियमिता, भ्रष्टाचार विकृतिबिरुद्ध जनताको आवाज बुलन्द गर्न कालागि पनि नागरिक शक्तिको उत्तिकै महत्व छ ।

नागरिकमाथि राज्यबाट हुन सक्ने शक्ति दुरुपयोगको खतरा यथावत त छँदैछ । आफ्नो र पार्टीको आन्तरिक विवादमा प्रतिनिधिसभा विघटन गर्ने जस्ता कार्य अघिल्लो संसदको कार्यकालमा भयो । तथापि, नागरिकको कडा खबरदारीका बीच राष्ट्रपतिले समेत राजनीतिक दलको लाभ हानी हेरेर सदर गरेको विषयलाई सर्वोच्च अदालतले रोक्यो र संविधान जारी भएपछिको पहिलो प्रतिनिधिसभाले आफ्नो पूरा कार्यकाल पार गर्न पायो । अर्थात, नागरिकको उच्चतम भनिएको संघीय लोकतान्त्रिक गणतन्त्रमार्फत जन्मिएका नेताहरुबाट समेत शक्तिको दुरुपयोगको प्रयास भएको थियो । फेरि पनि यस्तो प्रयास नहोला भन्न सकिन्न । तर, नागरिक शक्तिका अगाडि इतिहासका सबै प्रकारका गलत शासकहरु गलेका छन् । नागरिकमैत्री राज्य व्यवस्था निर्माणको लागि प्रयत्न गर्न, नागरिकको आर्थिक, भौतिक, सामाजिक, शैक्षिक, सांस्कृतिक लगायत सबै क्षेत्रको विकास र समृद्धिका पक्षमा पहल गर्न, नागरिकहरुको हकाधिकार संरक्षण सम्वर्द्धन गर्नका लागि अझै पनि नागरिकमा जागरुकता आवश्यक छ । सरकारले नागरिकलाई उपलब्ध गराउने सेवा सुविधा प्रभावकारीढंगले पुर्याउन र संविधानप्रदत्त मौलिक हक कार्यान्वयन गराउन वाचडगको रुपमा उभिनुपर्ने नै छ । समाज परिवर्तन वा रुपान्तरणका लागि नागरिकले खेल्न सक्ने यस्ता भूमिकाबारे विमर्श हुनु आवश्यक छ । आमतवरमा सचेतना पुग्न नसक्दा नागरिक कर्तव्यबाट विमुख हुन सक्छन् । यसलाई ख्याल गर्दै दलहरू र नेताहरूमा विचलन आउँदा वा राज्यका निकायहरु प्रभावकारी नहुँदा नागरिकले समाजलाई गति दिन खेल्नुपर्ने भूमिकाबारे रचनात्मक बहस निरन्तर जरुरी छ र हुन्छ । किनभने, अहिलेको राज्यको अवधारणामा शासन सञ्चालनमा सरकारको मात्र एकल भूमिका रहेको हुँदैन, नागरिक समाज, बजारजस्ता संस्थाको पनि प्रभाव रहन्छ । कुनै पनि विषय समाजको परिधिबाहिर अलग र स्वतन्त्र रहन सक्दैन । नागरिकको सरोकार नभएको सायदै कुनै विषय हुन सक्ला । वास्तवमा नागरिकको भूमिकाको प्रभाव समाजमा र समाजको मूल्य-मान्यताको प्रभाव नागरिकको आचरण-व्यवहारमा परिरहेको हुन्छ । नागरिककै माझबाट नै केही प्रभावशाली क्षमता भएकाहरू समाजको नेतृत्व बन्न पुग्ने हुन् । नागरिक, समाज, नेतृत्व र समाजमा हुने परिवर्तन एकअर्कामा अन्तरसम्बन्धित हुन्छन् । यस्तो अवस्थामा समाजको एउटा संस्थाले मात्रै समाज परिवर्तनको जिम्मेवारी वहन गर्न सक्ने अवस्था हुन सक्दैन । परिवर्तन हासिल गर्न र यसलाई संस्थागत गर्न नागरिकको तदनुरूप भूमिका, त्यहीअनुरूपको समाजमा मूल्य-मान्यताको विकास र नेतृत्वले नागरिक र समाजसँग एकाकार भएर परिवर्तनलाई अपेक्षित दिशातर्फ डोर्याउने जिम्मेवारी वहन गरेको हुनुपर्छ । नेताहरूले सही भूमिका निर्वाह गर्न नसकेको अवस्थामा नागरिक तहबाट हुने पहलकदमीले काम गर्न सक्छ । खासगरी, दलहरूप्रति जनताको विश्वास गुमेको वेला नागरिक अगुवाहरूको पहलमा आमनागरिक र दलहरूबीच विश्वासको वातावरण बन्ने गरेको अनुभव नेपालीहरुसँगै छ ।

लोकतन्त्र नागरिकको चाहना र आवश्यकताका आधारमा चल्ने शासन प्रणाली हो । यही कारण सार्वभौम जनताको मान्यता बनेको हो । सार्वभौम जनता नै निरीह बन्ने भाष्यको निर्माण हुन गयो भने समाजमा दिगो परिवर्तन नभएर विशृंखलताले स्थान पाउँछ । नेपालको हालसम्मको लोकतन्त्रको अभ्यासले नागरिकको भूमिका निर्वाचनको वेलामा मात्र सीमित गरिदिएको टिप्पणीलाई स्वमं नागरिकले चिर्नुपर्नेछ । नागरिकले अब आफ्नो भूमिकालाई पाँच वर्षमा एकपटक चुनावको दिनमा मात्र सीमित राख्नु हुँदैन र राख्ने छैनन् पनि ।

चुनावअघि र पछि पनि नागरिकले सशक्त भूमिका खेल्न आवश्यक छ । खास-खास समयका राजनीतिक आन्दोलनमा बढी प्रयोग भएको वा देखा परेको नागरिक शक्ति त्यही तवरले सामाजिक रूपान्तरणमा प्रयोग गर्नुपर्ने खाँचो टड्कारो छ । नागरिकले राजनीतिक आन्दोलनमा दल र नेतालाई साथ दिने तर त्यसपछिको समाज परिवर्तनको काममा भूमिका निर्वाह नगर्ने अवस्था रहिहुँदैन । यसको नेतृत्व फेरि पनि स्वयम राज्यका निकायहरु, राजनीतिक दलहरु वा समाजका अगुवाहरुले पनि गर्न सक्छन् । अन्यथा, जनता विकल्प नखोज्नेहरुकै विकल्प खोज्न बाध्य हुनेछन् ।

**बेसीशहर नगरपालिकाको**

**जनहितमा जारी सन्देश**

१. बाल विवाहलाई निरुत्साहित गरौं र विवाह गर्ने उमेर २० बर्ष पछि मात्र गरौं/गराउन पहल गरौं ।
२. सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
३. निर्माण सामाग्री र चौपाया सार्वजनिक राजमार्गमा नराखौं/नछौढौं ।
४. सार्वजनिक जग्गामा घर टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
५. कर तिर्नु सबै नागरिकको कर्तव्य हो । "कर तिरौं सभ्य नागरिकको परिचय दिऊँ" ।
६. सार्वजनिक स्थलमा धुम्रपान, मद्यपान नगरौं/नगराऊँ ।
७. हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरुलाई पनि सावधानी गराऊँ ।
८. लैङ्गिक हिंसा विरुद्धको आवाज बुलन्द पारौं र त्यसको अन्त्य गरौं ।
९. वैदेशिक रोजगारिमा जाँदा आवश्यक सूचना प्राप्त गरेर मात्र जाऊँ ।
१०. वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रुपमा स्वास्थ्य पक्षिण गराऊँ ।
११. अपरिचित व्यक्तिले दिएका खानेकुरा नखाऊँ/खान नदिऊँ ।
१२. सद्भाव, भाइचारा, सहिष्णुता र स्वच्छ नैतिक सामाजिक सम्बन्धको विकासमा ध्यान दिऊँ ।
१३. ध्वनी प्रदुषणलाई नियन्त्रण गरौं कसैलाई पनि असर नपर्ने हिसाबबाट ध्वनी सन्तुलन कायम गरौं ।
१४. शहरी यातायातलाई व्यवस्थित र संरक्षित बनाउन ट्राफिक नियमको पालना गरौं ।

**जोशीपुर गाउँपालिकाको**

**सूचना सूचना सूचना**

१. बाल विवाहलाई निरुत्साहित गरौं र विवाह गर्ने उमेर २० बर्ष पछि मात्र गरौं/गराउन पहल गरौं ।
२. सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
३. निर्माण सामाग्री र चौपाया सार्वजनिक राजमार्गमा नराखौं/नछौढौं ।
४. सार्वजनिक जग्गामा घर टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
५. कर तिर्नु सबै नागरिकको कर्तव्य हो । " कर तिरौं सभ्य नागरिकको परिचय दिऊँ " ।
६. व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततीको भविष्य सुनिश्चित गरौं ।
७. खुल्ला ठाउँमा दिसा पिसाब नगरौं र खुल्ला दिसा पिसाब मुक्त नगर अभियानमा सहयोग गरौं ।
८. साबुन पानीले हात धुने बानी बसालौं र अरुलाई पनि सिकाऔं ।
९. वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रुपमा स्वास्थ्य पक्षिण गराऊँ ।
१०. कुपोषण न्युनिकरण गर्न "हरेक बार खाना चार" लाई प्रर्वधन गरौं ।
११. सार्वजनिक स्थलमा धुम्रपान, मद्यपान नगरौं/नगराऊँ ।
१२. हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरुलाई पनि सावधानी गराऊँ ।
१३. लैङ्गिक हिंसा विरुद्धको आवाज बुलन्द पारौं र त्यसको अन्त्य गरौं ।
१४. वैदेशिक रोजगारिमा जाँदा आवश्यक सूचना प्राप्त गरेर मात्र जाऊँ ।

**झापा गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**टाघनडुब्बा, झापा**
**प्रदेश नं. १, नेपाल**

**उपभोक्ता हित संरक्षणमा जारी सूचना**

**उद्योग तथा व्यवसायका लागि :**

१. बिक्रेताले बिक्री वितरण हुने समानको मुल्यसूची स्पष्टरुपमा देखिने गरी बिक्री कक्षमा राख्नुपर्नेछ ।
२. नापतौल यन्त्र खरिद गरेको ३५ दिन भित्र अनिवार्य रुपमा नापतौल कार्यालयबाट अनुमतिपत्र लिई मात्र प्रयोग गर्ने ।
३. आफुले प्रयोग गरेको नापतौल तथा नाप्ने, तौलने यन्त्रहरु (ढग, काँटा, लिटर, मिटर) तोकिएको समयमा जाँच तथा नवीकरण गराउने ।
४. नापतौल तथा नाप्ने तौलने यन्त्रहरु बिक्री गर्नु परेमा अनिवार्य रुपमा सम्बन्धीत नापतौल कार्यालयबाट इजाजत पत्र लिएर मात्र बिक्री वितरण गर्ने ।
५. खरिद गरेको सामानको नाप वा तौल शंका लागेमा पुन: तौल गर्न लगाउने ।
६. नापतौल सम्वन्धी कुनै शंका वा गुनासो भए गुणस्तर तथा नापतौल कार्यालयमा जानकारी/उजुरी दिने ।
७. होटल व्यवसायमा खानेकुराको सम्पर्कमा आउने सम्पूर्ण उपकरण, भाँडा, वर्तन तथा सतहलाई खानामा प्रयोग गर्ने सकिने जीवाणुनासक वस्तु (सेनिटाईजर) र तातोपानी प्रयोग गरी सरसफाई गर्नुपर्ने छ ।
८. किट (हानिकारक जीव)हरुको नियन्त्रण गर्ने पर्याप्त व्यवस्था हुनुपर्ने छ ।
९. बिमारी परेका वा झाडापखाला लागेका भनिएका कामदारहरुलाई पछिल्लो पटक त्यस्तो लक्षण देखिएको दिन देखि ४८ घण्टासम्म काममा नलगाउने ।
१०. खाने (पकाउने) तेल एउटा पदार्थ पकाईसकेपछी नियमितरुपमा फेरवदल गर्नुपर्नेछ ।
११. खानेकुरालाई कम्तिमा ७५ डिग्री सेल्सियस तापक्रममा पुग्ने गरि राम्ररी पकाउनु पर्नेछ ।
१२. बासी सडेगलेका, अस्वाभाविक गन्ध, रंग तथा स्वाद भएका खाद्यपदार्थ उपभोग नगरौं ।
१३. मासु, दुग्ध पदार्थ, माछा तथा अण्डा लगायत छिटो सडीगली जाने खानेकुराहरुलाई ५ डिग्री सेल्सियस वा सो भन्दा तलको तापक्रममा रेफ्रिजेनेरेटरमा भण्डारण गर्ने र त्यसमा भण्डारण मिति तथा समय ठिकसँग लेवल लगाउनु पर्नेछ ।
१४. पकाएको खानेकुरालाई छोपेर जतिसक्दो चाडो २ घण्टा भित्र ५ डिग्री सेल्सियसको तापक्रममा राख्नु पर्नेछ ।
१५. तोकिएको परिधिभित्र मात्र खाद्य रंग तथा अन्य प्रयोग गर्ने स्वीकृत योगशील प्रयोग गर्ने ।
१६. स्वच्छ पानी र स्वच्छ कच्चा पदार्थको प्रयोग गर्ने ।
१७. ढाँटी झुक्काइ कम गुणस्तरको खाद्य वस्तु बिक्री वितरण नगर्नु र अभिलेख व्यर्वास्थित तवरले राख्ने ।
१८. दुग्ध उत्पादक संकलनकर्ता, प्रशोधनकर्ता, उद्योगी र बिक्रेताले दुध तथा दुग्धपदार्थको स्वच्छता एवं गुणस्तर सम्बन्धी निर्देशिका, २०७५ मा व्यवस्था भएका स्वच्छता एवं गुणस्तर सम्बन्धी मापदण्डहरु पालना गरेर मात्र दुध तथा दुग्ध पदार्थको उत्पादन, संकलन, प्रशोधन र बिक्री वितरण गरौं ।
१९. उद्योग व्यवसाय सञ्चालनका लागि अनिवार्य सरकारी निकायबाट अनुमति लिनुपर्ने छ र अनुमति ग्राहक तथा उपभोक्ताले देख्नेगरी राख्नु पर्नेछ ।

**वस्तु तथा सेवामा समान पहुच, गुणस्तरीय वस्तुको छनौट, मुल्य परिणाम, परिणाम शुद्धता र गुणस्तर स्वस्थ्यमा हानि पुर्याउने वस्तु तथा सेवाको बिक्री वितरणबाट सुरक्षा अनुचित व्यापारिक तथा व्यवसायजन्य क्रियाकलाप विरुद्ध उजुरी प्रयोग गरिएका वस्तुबाट भएको हानि नोक्सानी विरुद्ध क्षतिपूर्ती अधिकार प्राप्त अधिकारीबाट सुनुवाई र उपभोक्ता शिक्षा पाउने तपाईको अधिकार हो । आफ्नो कर्तव्य र अधिकारप्रति सचेत रहौं ।**

**क्व्होलासोथार गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**मालिङ, लमजुङ**
**गण्डकी प्रदेश, नेपाल**

**हातिपाइले रोग सम्बन्धी जनहितमा जारी सन्देश**

**हात्तीपाइले रोग कसरी सर्छ ?**

- ★ लामखुट्टेले हात्तीपाइले रोग भएको मानिसलाई टोकेर उसमा भएको परजीवी आफूमा लिन्छ र अरू स्वस्थ मान्छेलाई टोकेर ती परजीवी त्यसलाई सारीदिन्छ ।
- ★ यसरी लामखुट्टेले हात्तीपाइले रोग एक व्यक्तिबाट अर्को व्यक्तिलाई सार्ने काम गर्दछ ।

**हात्तीपाइले रोग लक्षणहरु:**

- ★ ज्वरो आउनु ।
- ★ जाडो लाग्नु ।
- ★ शरीरमा विभिन्न भागहरूमा गिर्खा आउनु, दुख्नु ।
- ★ हात गोडाहरूमा निला र काला धर्साहरू देखापर्नु ।
- ★ महिलाहरूलाई यो रोग लागेको भए स्तन फुलेर ठूलो हुनु ।
- ★ पुरुषहरुलाई यो रोग लागेको भए अण्डकोष ठूलो हुन वा हाइड्रोसिल हुनु ।
- ★ बिरामीका यौन अंगहरू सुन्निनु ।
- ★ रोग पुरानो हुँदै गएमा गोडा फुलेर हात्तीको जस्तो ठूलो हुनु ।
- ★ बिरामीको पिसाब सेतो रंग वा दही जस्तो हुनु यो रोगले शारीरिक असमर्थता पनि हुने भएकोले मानसिक तनाव बढी भई कामकाज गर्न सकिँदैन ।

**हात्तीपाइले रोगबाट बच्ने उपायाहरु**

- ★ सुत्ने बेलामा सधै झुल प्रयोग गरी सुत्ने ।
- ★ पुरा बाहुला भएको लुगा र सम्पुर्ण शरीर छोप्ने लुगा लगाउने ।
- ★ घरबाहिर बस्दा वा सुत्दा शरीरको कुनै भाग खुला रहने भएमा लामखुट्टेले नटोक्ने मलम लगाउने ।
- ★ लामखुट्टे भगाउने धुप बाल्ने लामखट्टे नियन्त्रणका लागि घर वरिपरि पानी जम्ने खाल्डाखुल्डी पुर्ने ।
- ★ झ्यालढोकामा मसिनो जाली लगाउने ।
- ★ गाउँ नजिकै पोखरी भएमा लामखुट्टेले फुल (लार्भा) नपारोस् भन्नाका लागि लार्भा खाने माछा पाल्ने ।

**साथै**

**मध्यान्ह राष्ट्रिय दैनिक २० वर्ष पुरा गरी २१ औं वर्षमा प्रवेश गरेको अवसरमा बधाई तथा उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।**

# योजनामा निकासीको पाटो



डा.सुमनकुमार रेग्मी

सन् १९७१ मा नेपाल अति कम विकसित राष्ट्र भएको संयुक्त राष्ट्र संघले उल्लेख गरेको थियो । सन् २०१७ हुँदा पनि अति कम विकसित राष्ट्रमै रहेको थियो । तर सन् २०२१ सम्म आउँदा विकासशील दर्जाको करिब करिब प्रतिव्यक्ति आम्दानी डलर १३ भन्दा बढी भएको देखिन्छ । वि.सं. २०२१ तिर नेपालको वैदेशिक व्यापार नेपालको पक्षमा थियो । तैपनि निकासी बढ्न नसक्दा नेपाल विश्वका गरिब देशहरुमा पर्दै गएको छ । गरिबीका अप्रत्यक्ष कारणहरुमध्ये भूपरिवेष्ठित अर्थतन्त्र, सानो आकारको वैदेशिक व्यापार र आयातमा बढी जोड प्रमुख हुन् ।

२०७८ मार्ग पश्चात वस्तु आयातमा गरिएका कडाईका साथ देशको अर्थतन्त्र सुधारोन्मुख देखिदै आएको छ । गएका वर्षहरुमा विदेशी विनिमय सञ्चितिमा कमी आएसँगै विलासी वस्तुका आयातमा कडाइ गरेको थियो । आयातमा गरेको कडाइसँगै विदेशी विनिमय सञ्चितिमा वृद्धि भएको अवस्था छ । यस आ.व.का पछिल्ला महिनामा वैदेशिक रोजगारीबाट प्राप्त अर्थात रेमिट्यान्स रकम पनि बढदै गएको छ । यसले गर्दा देशको शोधानन्तर स्थिति वचतमा देखिएको छ । तर व्यापार घाटामा पनि कमी आएको छ । सोहीकारण देशको अर्थतन्त्र सकारात्मक देखिएको छ । रेमिट्यान्स आयमा शोधनान्तर बचत दखिए पनि मूल्य बृद्धि आम साधारणले सहजै धान्न सकिने खालको छैन । केही सूचांकमा सुधारले अर्थतन्त्रको बाटो सुधारतर्फ गएको भन्न मिल्छ त ? यसमा सबैको धारणा समान पाइदैन ।

आ.व. २०७९/८० को पाँच महिनामा देशको व्यापार घाटा ५ खर्ब ९७ अर्ब पुगी रु. ६ खर्बको हाराहारीमा पुगेको छ । २०७९/८० को पाँच महिनामा आयात २० दशमलव ७१ प्रतिशत र निर्यात ३४ दशमलव ६१ प्रतिशतले घट्को छ । २०७९ मार्गसम्म ६ खर्ब ६४ अर्बको ७४ करोडको रुपैयाँको मात्र नेपालले वस्तु आयात गरेको छ । तर ६७ अर्ब ३० करोडको वस्तु निर्यात गरको छ ।

निर्यातभन्दा आयात बढी हुँदै आएकोले नेपालको व्यापार घाटा बढदै आएको छ । २०७९/८० मा भएका कुल व्यापारमा निर्यात हिस्सा ९ प्रतिशत मात्र रहेको छ । त्यसैगरी आयात हिस्सा ९१ प्रतिशत रहेको छ । सबभन्दा बढी व्यापार घाटा भारतसँगै रहदै आएको छ । भारतसँग मात्र पाँच महिनामा ३ खर्ब ५२ अर्ब ८० करोड २९ लाख ६७ हजारको व्यापार घाटा भएको छ । समग्रमा व्यापार घाटाको ६० प्रतिशतभन्दा बढी हिस्सा भारतले ओगटेको छ । अधिक व्यापार घाटा हुने दोश्रो देशमा चीन परे पनि चीनसँग व्यापार घाटा ९४ अर्ब ३३ करोड ६३ लाख मात्र रहेको छ ।

> वि.सं.२०२१ तिर नेपालको वैदेशिक व्यापार नेपालको पक्षमा थियो । तैपनि निकासी बढ्न नसक्दा नेपाल विश्वका गरिब देशहरुमा पर्दै गएको छ । गरिबीका अप्रत्यक्ष कारणहरुमध्ये भूपरिवेष्ठित अर्थतन्त्र, सानो आकारको वैदेशिक व्यापार र आयातमा बढी जोड प्रमुख हुन् ।

नेपालमा योजनाबद्ध विकासको थालनी २०१३ सालदेखि भए पनि योजनाबद्ध व्यापार प्रबर्द्धन धेरै पछि अर्थात चौथो योजनादेखि मात्र भएको देखिन्छ । प्रथम योजनाको उदेश्य र प्राथमिकतामा वैदेशिक व्यापारका शब्द उल्लेख भएको देखिदैन । बरु प्राथमिकतामा उद्योग चाहिँ परेको देखिन्छ । तर दोश्रो योजनाकालसम्म नेपालको वैदेशिक व्यापार सन्तुलन नेपालको पक्षमा भएको देखिन्छ । दोश्रो योजनाको उदेश्य र प्राथमिकतामा वैदेशिक व्यापार परेको छैन । तर यस योजनामा औद्योगिक क्षेत्रको उत्पादन वृद्धि गर्ने भनि उद्योगलाई प्राथमिकतामा समेटिएको छ ।

वि.सं २०२०-२१ सम्म अर्थात दोश्रो योजना कालमा पनि नेपालको भारतसँगको व्यापारमा नाफा घाटाको सन्तुलन नेपालको पक्षमा थियो । यो वर्ष नेपालको पक्षमा रु. ३ करोडको व्यापार नाफा सन्तुलनमा थियो । यस भन्दा अघि पनि सन् १९१३-१४ मा पनि अर्थात राणा कालमा नेपालको भारतसँगको व्यापार नेपालको पक्षमा थियो अर्थात त्यो बेला नेपालका व्यापार सन्तुलन नेपालको पक्षमा थियो ।

तेश्रो योजनाको उदेश्यमा भने वैदेशिक व्यापारमा विविधता ल्याउने उल्लेख छ । तर वैदेशिक व्यापारको लागि प्राथमिकतामा भने राखिएको देखिदैन । चौथो योजनामा व्यापार विविधिकरण र व्यापार विस्तारमा अधिक महत्व प्रदान गर्ने उदेश्य राखिएको थियो भने यस योजनादेखि वाणिज्यलाई पनि प्राथमिकतामा राखिएको थियो । यतिसम्म कि सरकारले नेपालमा उत्पादन सामाग्री निर्यात गरी व्यापार घाटा कम गर्न चौथो योजनामा नै व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र खोलेको ५२ वर्ष नाघेको छ । तर व्यापार घाटा वर्षेनी बढ्दो छ । देशको निर्यात सम्भावना बोकेका उत्कृष्ट वस्तुहरुका सूची तयार पारी निर्यात र प्रबर्द्धनात्मक कार्यमा चौधौं योजनामा पनि केन्द्रले सहयोग गर्दै आएको थियो ।

पाँचौ योजनाको उदेश्यमा व्यापार-वाणिज्यबारे केही उल्लेख छैन । तर प्राथमिकतामा वाणिज्य क्षेत्र समेटिएको छ । त्यस्तै पाँचौं योजनाको नीतिहरुमध्ये एकका रुपमा भारतसँग मात्र केन्द्रीकृत भइरहेको वैदेशिक व्यापार विविधिकरण गर्दै लगिनेछ । तर यसो नीति भन्दा भारतसँगको व्यापार सन्तुलन नेपालको पक्षमा राखी अरु तेश्रो देशहरुसँग नेपालको व्यापार विविधिकरण गरिनेछ भनिएको भए राम्रो हुन्थ्यो ।

छैठौं योजनामा व्यापारको कुरा उदेश्य र प्राथमिकतामा उल्लेख नै थिएन । तर नीतिमा निकासी व्यापार र पर्यटनको विकासमा जोड दिने भनिएको छ । छैटौं योजनादेखि रणनीति थपिएको छ तर रणनीतिमा व्यापार-वाणिज्य क्षेत्र छोएको थिएन ।

सातौं योजनामा पनि उदेश्य र प्राथमिकतामा वाणिज्य क्षेत्र उल्लेख थिएन । तर यस योजनाको नीतिमा निकासी व्यापार प्रवर्द्धनको लागि अधिक जोड दिने भनिएको थियो ।

आठौं योजनामा प्रमुख लक्ष्यमा व्यापार क्षेत्र समेटिएको थिएन । तर यी लक्ष्यहरु पूरा गर्न निकासी प्रबर्द्धन तथा विविधिकरण उदेश्य राखिएको थियो । साथै यस योजनाको प्राथमिकतामा निर्यात विस्तार र विविधिकरण भनी राखिएको थियो । तर फेरि यस योजनाको क्षेत्रगत नीतिहरु मध्ये लाभदायक र निर्यातमूलक कृषि उपजको व्यावसायीकरण र विविधिकरण भनि पारिएको थियो ।

नवौं योजना २०५८-२०५९ सम्म कायम थियो । यस योजनाको उदेश्यमा वैदेशिक व्यापार समेटिएको छैन तर प्राथमिकतामा औद्योगीकरण,पर्यटन विकास र अन्तराष्ट्रिय व्यापार परेको थियो । यस योजनाको नीतिहरु मध्ये एउटामा वैदेशिक व्यापारमा निकासी व्यापारलाई अधिकतम प्रोत्साहित गरिने र व्यापार विविधिकरणको नीति अनुशरण गर्दा तुलनात्मक लाभ र प्रतिस्पर्धात्मक वातावरण तयार गर्न कानुनी र संस्थागत पूर्वाधार विकास गर्दै लगिने भनिएको देखिन्छ । दशौ योजना २०६२/६३ सम्म चलेको थियो । यस योजनामा १२ वटा विशेष जोड दिएका क्षेत्रहरुमध्ये एउटामा निजी क्षेत्रको भूमिकामा पर्यटन,जलस्रोत, सूचना प्रविधि तथा औद्योगिक एवम् व्यापारिक क्षेत्रहरुको विकास गर्ने रहेको थियो । त्यस्तै यस योजनाको उदेश्य र रणनीतिमा व्यापार-वाणिज्य क्षेत्रको उल्लेख भएको पाईदैन । एघारौं अन्तरिम योजना २०६४/६५ देखि २०६६/६७ सम्म चलेको थियो । यस योजनामा व्यापार क्षेत्र न उदेश्यमा उल्लेख छ न त प्राथमिकतामा ।

बाऱ्हौ त्रिवर्षीय योजना २०६७/६८ देखि २०६९/७० सम्म चलेको थियो । वि.सं. २०१३ सालमा शुरु भएको नेपालको योजनाबद्ध विकास प्रयासले यस योजना अवधिमा साढे पाँच दशक पार गरिसकेको थियो । यस योजना अवधिसम्म नौ वटा पञ्चवर्षीय योजना र २ वटा त्रिवर्षीय योजना कार्यान्वयन भईसकेका थिए । यस योजनामा दीर्घकालीन सोंच, लक्ष्य, उदेश्य रणनीति, प्राथमिकता क्षेत्रहरु राखिएका थिए । तर यिनीहरु मध्ये प्राथमिकतामा मात्र निर्यात व्यापारलाई पनि महत्व दिई रोजगारी सिर्जना र आर्थिक वृद्धि गर्ने भनिएको छ । तेऱ्हौं योजना २०७०/७१ देखि २०७२/७३ सम्म चलेको थियो । नेपाल अझै पनि कम विकसित देशको रुपमा रहेकै छ । कडा परिश्रम गरेमा मात्र नेपाललाई अति कम विकसित देशबाट मध्यम आय भएको विकासशील देशको सूचीमा स्तरोन्नति गर्न सकिने सम्भावना रहेको भनिएको थियो । सहस्राब्दी विकास लक्ष्य एवम् दक्षिण एसियाली क्षेत्रीय सहयोग संगठनको विकास लक्ष्य हासिल गर्ने र दिगो विकासलगायतका विषयहरुलाई सम्बोधन गरी केन्द्रीत गरिएको छ । यस योजनाको अठार वटा लक्ष्यहरुमा निकासी क्षेत्र परेको छैन । यस योजनाको रणनीतिमा व्यापार क्षेत्रको विकास भनि पारिएको छ ।

चौधौं योजना २०७३/७४ देखि २०७५/७६ सम्म कायम थियो । यस योजनाको समग्र सोंच, लक्ष्य र उदेश्यमा निकासी परेको थिएन । यस योजनाको रणनीतिमा पनि निकासी क्षेत्र समेटिएको देखिदन । तर वाणिज्य क्षेत्रको क्षेत्रगत सोंच, लक्ष्य र रणनीतिमा उल्लेख थियो । वाणिज्य क्षेत्रको सोंचमा वाणिज्य क्षेत्रको विस्तार गरी निकासी प्रबर्द्धनमार्फत आर्थिक समृद्धि भनेर उल्लेख थियो । त्यसैगरी आन्तरिक तथा अन्तराष्ट्रिय निर्यात व्यापार प्रबर्द्धन गरी कुल गार्हस्थ उत्पादनमा निर्यात व्यापार र निर्यातमा आधारित रोजगारी बृद्धि गर्दै लैजाने भनिएको थियो । त्यसैगरी आन्तरिक तथा बाह्य निर्यात व्यापार प्रबर्द्धन गर्दै स्थानीय कच्चा पदार्थ, स्रोत,साधन र सीप बढी प्रयोग हुने वस्तुका निकासी प्रर्द्धनमार्फत प्राप्त हुने लाभलाई ग्रामीण तहसम्म विस्तार गर्नु र तुलनात्मक लाभका वस्तु तथा सेवाको मूल्य र गुणस्तरलाई प्रतिस्पर्धी बनाई व्यापार घाटा कम गर्नु रहेको थियो ।

यस योजनामा वाणिज्य क्षेत्रको रणनीतिमा वाणिज्य क्षेत्रलाई अर्थतन्त्रको प्रमुख अंशका रुपमा स्थापित गर्न यस क्षेत्रलाई अर्थतन्त्रमा मूल प्रवाहीकरण र विदेशी एवम् स्वदेशी व्यापार र लगानीलाई एकीकृत दृष्टिले सहजीकरण गर्ने, वाणिज्य नीति र नेपाल व्यापार एकीकृत रणनीतिले पहिचान गरेका निर्यात हुने वस्तु तथा सेवाको उत्पादकत्वमा बृद्धि गर्न उत्पादनशील आयात, मूल्य अभिबृद्धि र मूल्य श्रृंखला व्यवस्थापनमा जोड दिँदै निर्यात प्रबर्द्धन गर्ने, निर्यात व्यापारका लागि पहिचान गरिएका र गरिने वस्तुको देशगत एवम् वस्तुगत व्यापार विविधिकरण गर्ने र वाणिज्य सम्बद्ध तथा सुदृढीकरणमा जोड दिंदै यसको अधिकतम उपयोग गर्ने भनिएको थियो । साथै उद्योग क्षेत्रको लक्ष्यमा औद्योगिक क्षेत्रको विकास र विस्तारद्धारा रोजगारीमा बृद्धि, निर्यात प्रबर्द्धन र आयात प्रतिस्थापन गरी राष्ट्रिय अर्थतन्त्रको अभिबृद्धि गर्ने उल्लेख थियो । त्यस्तै उद्योग क्षेत्रको उदेश्यमा औद्योगिक वस्तुहरुको निर्यात बृद्धि गरी व्यापार घाटामा कमी ल्याउने भनिएको थियो ।

पन्ध्रौ योजना २०७६/७७ देखि २०८०/८१ सम्म कायम रहेको छ । हाल चालु २०७९/८० पन्ध्रौ योजनाको चौथो वर्ष रहेको छ । योजनाको पहिलो दुई वर्षमा नेपाललाई विकासशील देश बनाउने, वि.सं २०८७ सम्ममा सम्पूर्ण नागरिकलाई निरपेक्ष र वहुआयामिक गरिबीको अवस्थाबाट मुक्त गर्दै दिगो विकासको लक्ष्य हासिल गर्ने तथा मध्यम आयस्तर भएको देशमा स्तरोन्नति गर्ने र वि.सं २१०० सम्ममा समुन्नत देशको स्तरमा पुर्‍याउन २५ वर्ष अवधिको दीर्घकालिन सोंच निर्माण गर्ने राखिएको छ । पहिलो पटक नेपालको इतिहासमा पन्ध्रौं योजनामा अन्तिम वर्ष अगाडि नै राखिएको निकासी लक्ष्य २०७७/७८ र २०७८/७९ मा पूरा अर्थात रु.एक खर्ब भन्दा बढीको निकासी हासिल भई प्राप्ति भएको छ ।

माथि उल्लेखित निकासीका लागि प्रयास कार्यान्वयन नभएकाले यद्यपी देशको व्यापार घाटा चुलिदै जाने क्रमतर्फ कसैको ध्यान नगएको देखिन्छ । आन्तरिक उत्पादन तथा उत्पादकत्व अभिबृद्धि गरी आयात प्रतिस्थापन गर्ने तथा देशको प्रतिस्पर्धात्मक क्षमता बढाई अन्तर्राष्ट्रिय बजारमा औद्योगिक वस्तु एवम् सेवाको पहुँच विस्तार गरी निर्यात प्रबर्द्धनको माध्यमबाट बढ्दो व्याापार घाटा न्यूनीकरण गर्दै व्यापार सन्तुलन स्थापित गर्ने र लगानीमैत्री वातावरण सिर्जना गरी नेपाललाई आकर्षक लगानीस्थलको रुपमा स्थापित गर्नेजस्ता उदेश्यहरु विदेशी लगानी नीति २०७१ ले लिएको थियो त्यस्तै २०७२ को व्यापार नीति र २०७३ को एकीकृत व्यापार रणनीतिले निकासी व्यापक विस्तार गर्ने यथेष्ट स्थान देखिन्छ । एघारौं योजनामा आएको वाणिज्य नीति २०६५ र रणनीती २०१० पनि कार्यान्वयनमा आएको देखिदैन ।

आन्तरिक उत्पादन तथा उत्पादकत्व अभिबृद्धि गरी आयात प्रतिस्थापन गर्ने तथा देशको प्रतिस्पर्धात्मक क्षमता बढाई अन्तर्राष्ट्रिय बजारमा औद्योगिक वस्तु एवम् सेवाको पहुँच विस्तार गरी निर्यात प्रबर्द्धनको माध्यमबाट बढ्दो व्यापार घाटा न्यूनीकरण गर्दै व्यापार सन्तुलन स्थापित गर्ने र लगानीमैत्री वातावरण सिर्जना गरी नेपाललाई आकर्षक लगानीस्थलको रुपमा स्थापित गर्नेजस्ता उदेश्यहरु विदेशी लगानी नीति २०७१ ले लिएको छ । त्यस्तै २०७२ को व्यापार नीति र २०७३ को एकीकृत व्यापार रणनीतिले निकासी व्यापक विस्तार गर्ने यथेष्ट स्थान देखिन्छ ।

***(लेखक व्यापार तथा निकासी प्रबर्द्धन केन्द्रका पूर्व नायव कार्यकारी निर्देशक हुनुहुन्छ ।)***











# सहनशक्तिले जोगाएको चलचित्रकर्म



विजयरत्न तुलाधर

> चलचित्र क्षेत्र भनेकै चर्चा र विवादको हो । कहिले राम्रो चर्चा त कहिले नराम्रो चर्चा । कहिले चाहिने चर्चा त कहिले नचाहिने चर्चा । अनि बेलाबखत विवादहरु भइरहने क्षेत्र हो, यो ।

सहनशीलता एउटा असल स्वभाव हो । यो स्वभावले सदमार्ग देखाउँछ। कुनै पनि क्षेत्रमा सहनशील स्वभावले सकारात्मक परिणाम नै ल्याउँछ जस्तो लाग्छ। नेपालको चलचित्रकर्मको चर्चा गर्ने हो भने यहाँ सहनशीलताको अझ बढी भूमिका रहँदै आएको छ। नेपालको पहिलो चलचित्र भनिएको "आमा"देखि नै सहनशीलताको चलन आरम्भ भईसकेको थियो भन्दा केही फरक पर्ला जस्तो लाग्दैन । "आमा" चलचित्र बनेर वि.सं.२०२२ साल असोज १५ गतेका दिन प्रदर्शनमा आयो । यस हिसाबले नेपालमा चलचित्र निर्माणको यात्राले छ दशकको समय पार गर्दैछ । सो लचचित्रमा नायकको रुपमा अभिनय गरेका शिवशंकर मानन्धरले प्रथम नायकको दर्जा पाए । सोही चलचित्रमा नायक शिवशंकरकी प्रेमिकाको रुपमा अभिनय गर्ने भुवन थापा (अहिले भुवन चन्द) ले प्रथम नायिकाको दर्जा हासिल गरिन् । एवम रितले "आमा" चलचित्रमा हाँस्य भूमिका निर्वाह गरेकी बसुन्धरा भुसालले प्रथम हाँस्य अभिनेत्र र खल अभिनय गर्ने उत्तम नेपालीलाई प्रथम खल अभिनेता भनियो। तर त्यही आमा चलचित्रमा शीर्ष भूमिका अर्थात आमा बनेकी चैत्यदेवी सिंहलाई भने नेपाली चलचित्र जगतकी पहिलो आमा भनेर सम्बोधन गरिएन ।

"आमा" चलचित्रमा बकायदा चैत्यदेवी सिंहले नायक शिवशंकरकी आमाको भूमिकमा अभिनय गरेकी छिन् । उनको श्रीमानको भूमिकामा सोही चलचित्रका निर्देशक हिरासिंह खत्री थिए। यति हुँदाहुँदे पनि चैत्यदेवी सिंहलाई कहींकतै पनि नेपाली चलचित्र जगतकी पहिलो आमा भनेर सम्बोधन गरिएको देखिएन । यस विषयमा अभिनेत्री चैत्यदेवीले कहिल्यै पनि यसको विरुद्ध आवाज उठाइनन् । यो उनको सहनशीलता हो भन्दा कुनै फरक पर्दैन । नेपाली चलचित्रको इतिहास लेख्नेहरुले पनि उनलाई चलचित्र "आमा" की आमा भनेर कहींकतै लेखेको पाइदैन । बरु उनलाई नेपालको पहिलो रंगीन चलचित्र "कुमारी" की नायिकाको रुपमा मात्र लिएको देखिन्छ । नेपालको पहिलो रंगीन चलचित्र "कुमारी" मा चैत्यदेवीले शीर्ष भूमिका निर्वाह गरेको पनि सही हो तर यो भन्दा महत्वपूर्ण कुरा त "आमा" चलचित्रमा उनले निर्वाह गरेको आमाको भूमिका हो । हलिउडको उदाहरण दिने हो भने "द गड फादर" चलचित्रमा छोटो नै भएपनि गडफादरको रुपमा अभिनय गर्ने अभिनेता मार्लन ब्राण्डोलाई त्यस चलचित्रको शीर्ष अभिनेता मानिन्छ । नेपालकै चर्चा गर्ने हो भने पनि "श्रीस्वस्थानी" चलचित्रमा श्रीस्वस्थानी माताको भुमिकामा देखिएकी अभिनेत्री जल शाहलाई त्यस चलचित्रमा शीर्ष भूमिका निर्वाह गर्ने अभिनेत्रीका रुपमा लिइन्छ । त्यसैले "आमा" को सन्दर्भमा पनि त्यस्तै हुनु जरुरी छ ।

"आमा" चलचित्रमा अभिनय गरेका वा अरु पक्षमा काम गरेका सबैले प्रथम चलचित्रमा काम गरेको श्रेय हासिल गरे भने चैत्यदेवी बाहेक यस चलचित्रमा एक महत्वपूर्ण भुमिका निर्वाह गरेकी विमला श्रेष्ठलाई पनि चलचित्र इतिहासमा त्यति याद गरेको देखिंदैन । तर विमला श्रेष्ठले यसबारेमा कहिल्यै कुनै गुनासो गरिनन् । यसर्थमा उनले पनि सहनशीलता अपनाइन् कहिल्यै केही बोलिनन् ।

यसरी सहनशीलताबाटै शुरु भएको नेपाली चलचित्रकर्ममा आज पर्यान्त त्यही संस्कृति हाबी रहेको देखिन्छ । कुरा केही समय अगाडिको कुरा हो निर्माता माधव वाग्ले "चङ्गा चैट" शीर्षकको चलचित्र बनाइरहेका थिए । यही चलचित्रको प्रयोजनार्थ उनको चलचित्रमा हजार रुपैयाँका नक्कली नोटहरु प्रयोग भएको थियो । त्यसै नक्कलीमध्येका केही नोटहरुको अपचलन भएपछि निर्माता वाग्ले पक्राउ परे र केही दिन थुनामा परे । पछि उनी धरौटीमा छुटिए । उनले यस मामिलामा निकै राम्रो सहनशीलता देखाए। कानूनी कार्वाही र कानूनी अनुसन्धानमा सघाए ।




यस्तै गरी एक जना लोकप्रिय अभिनेता पल शाह नाबालिकामाथि देह शोषण अभियोगमा अझै थुनामा छन् । उनले पनि यसमा सहनशीलता देखाएर कानूनी प्रक्रिया पूरा गर्ने कार्वाही अगाडि बढाउन सघाए। अहिले उनले आफू विरुद्धको मुद्धामा एउटा अदालतबाट सफाइ पाइसकेका छन् भने अर्को एक अदालतमा मुद्धा पुनरावलोकनको प्रक्रियामा छ। नायक पल शाह विरुद्ध अभियोग लगाउने नाबालिग गायिकाले पनि यसमा आफ्नो सहनशीलता प्रदर्शन गरेकी छिन् । पलविरुद्ध अन्य कुनै आरोपप्रत्यारोपतिर नलाग्नु उनको सहनशीलतासँगै बुझक्कीपन हो ।

यसरी सहनशीलता देखाएकै कारण चलचित्र इतिहासमा देखिएका केही जटिल समस्याहरु पनि सहजीकरण भएका छन् । त्यतिबेला शोबिजको चर्चामा रहेकी अभिनेत्री नम्रता श्रेष्ठले एमएमएस लिक भएपछि अनेक विवाद, आलोचना र आक्षेप खेपेर सहनशीलताको राम्रो उदाहरण प्रस्तुत गरिन् ।

यो काण्डपछि उनलाई समाजमा साक्षात्कार गर्न समेत समस्या परेको थियो तर उनले यति राम्रो सहनशीलता देखाइन् कि त्यस दुर्घटनालाई उनले सुरक्षित ढंगले पार लगाइन्। त्यसपछि नम्रता नेपाली चलचित्र क्षेत्रमा अझ बढी सक्रिय बनिन् । यसभन्दा अघि श्रीषा कार्कीको यस्तै एउटा नग्न फोटो प्रकाशनमा आउँदा उनले सहनशीलता अपनाउन नसक्दाको परिणाम कसैबाट लुकेको छैन ।

चलचित्र क्षेत्र भनेकै चर्चा र विवादको हो। कहिले राम्रो चर्चा त कहिले नराम्रो चर्चा । कहिले चाहिने चर्चा त कहिले नचाहिने चर्चा। अनि बेलाबखत विवादहरु भईरहने क्षेत्र हो यो । यस्तो अवस्थामा विवाद समाधान गर्न विभिन्न उपाय अपनाउन र प्रक्रियामाजना जरुरी त छ नै । यस्तो अवस्थामा संयमतता र सहनशीलता अपनाउन एकदम जरुरी हुने निर्माता तथा अभिनेता गणेश लामा बताउँछन्। अभिनेता लामाले निर्माताको रुपमा "शिरिषको फूल" निर्माणमा हात हाल्दा धेरै समस्या र विवादहरुको सामना गर्नुपरेको अनुभव छ ।

सुप्रसिद्ध साहित्यकार पारिजातको कालजयी कृतिमा आधारित यो "शिरिषको फूल" चलचित्र निर्माणको शुरु गर्दा नरेश केसी निर्देशकका रुपमा रहेका थिए तर केही दिनको शुटिंग पश्चात निर्माण समूह र निर्देशकबीच केही कुरामा मनमुटाव भएपछि शुटिंगको काम नै अवरुद्ध हुन पुग्यो । यसरी रोकिएको शुटिंग लामो समयसम्म शुरु नै हुन पाएन । यो मामिलामा निर्माता बनेका अभिनेता गणेश लामाले निकै ठूलो सहनशीलता देखाए। उनले निर्देशकविरुद्ध कुनै लाञ्छना लाउने वा अन्य कुनै खालको आरोप लगाउने कार्य गरेनन् । निर्देशक केसीले पनि निर्माता लामाविरुद केही बोलेनन्। यसरी सहनशीलता दृखाएकै कारण साम्य हुन पुगेको विवाद फेरि कहिल्यै चर्किन पाएन । त्यसको केही समय पछि निर्माता अभिनेता गणेश लामाले जापानी निर्देशक तोशीआकी इतोको निर्देशनमा "शिरिषको फूल" चलचित्र निर्माण सम्पन्न गरे । चलचित्रको निर्माण त सम्पन्न भयो तर समस्याबाट भने निर्माण समूह मुक्त हुन सकेनन्। "शिरिषको फूल" चलचित्रलाई पारिजात स्मृति प्रतिष्ठानले अवलोकन गरी नो अब्जेक्शन पत्र बिना प्रदर्शन नगराउने कुरा बाहिर आएपछि फेरि एकपटक समस्याको भुमरीमा परेका गणेश लामाले यहाँनेर पनि राम्रै सहनशीलता अपनाए। उनले बिना कुनै आग्रह पुर्वाग्रह "शिरिषको फूल" पारिजात स्मृति प्रतिष्ठानलाई अवलोकनार्थ सुम्पिदिए ।

निर्माता अभिनेता गणेश लामाले देखाएको सहनशीलताको प्रभाव पारिजात स्मृति प्रतिष्ठानमा पनि सकारात्मक नै परेको देखियो । शुरुमा चलचित्रको प्रस्तुति पारिजातको कुति विपरित भयो भनि विवाद उठाएको प्रतिष्ठानले पछि गएर चलचित्रको निर्दिष्ट केही भाग निर्देशकको नितान्त नीजि सम्प्रेषण हो यो पारिजातको मूल कृतिसँग सरोकोर राख्दैन भन्ने उदगार राख्ने शर्तमा चलचित्र प्रदर्शन गर्ने अनुमति प्रदान गरिएको थियो । यहाँ प्रस्तुत गरिएका उदाहरणहरु त प्रतिनिधि घटना र सन्दर्भ मात्र हुन्। नेपालको चलचित्र क्षेत्र र चलचित्रकर्ममा यस्ता घटनाहरु सामान्य जस्तै बनिसकेका छन् । तर यस लेखमा छुटाउनै नमिल्ने कुरा चाहिं के हो भने नेपालमा वर्षेनी झण्डै ५० देखि एक सयवटाको संख्यामा चलचित्र निर्माण हुन्छन्। तर त्यसमध्ये मुस्किलले ५ वटा चलचित्रसम्मले आफ्नो लगानी सुरक्षित गर्न सफल हुन्छन् । गजबको कुरा त के हो भने त्यसरी व्यवसायिक रुपमा असफल भएका धेरै निर्माताहरुले अर्को फिल्ममा पनि लगानी गरेको देखिन्छ। यो व्यवसायिक सहनशक्तिको बेजोड उदाहरण हो । सफलता र असफलता नितान्त मार्केटिङसँग सम्बन्धित छन् । यही सहनशक्तिले अत्यन्त नाजुक अवस्थामा पुगेको नेपाली चलचित्र क्षेत्रलाई जोगाएको हो । र, अहिले पनि निर्माताहरुले सहनशक्ति प्रदर्शन गरिरहेकै छन् ।

***(लेखक विजयरत्न तुलाधार वरिष्ठ चलचित्र पत्रकार तथा चलचित्र निर्देशक हुन् । )***



















# सफलता जोगाउन चुनौती



दिवाकर अधिकारी

अन्तर्राष्ट्रिय क्रिकेट परिषद् (आईसीसी)ले २०७३ साल वैशाखमा नेपाल क्रिकेट संघ (क्यान)लाई निलम्बन गऱ्यो । सरकारी हस्तक्षेप, विवादास्पद साधारण सभापछिको निर्वाचन, आर्थिक पारदर्शितालगायतका आरोप लगाउँदै क्यानलाई आईसीसीले निलम्बन गरेको थियो । लामो समय निलम्बनमा परेको क्यानलाई आईसीसीले गत जेठ ३० गते क्यानमाथिको आर्थिक प्रतिबन्ध हटाउँदै पूर्णरुपमा निलम्बन फुकुवा गरेको थियो । क्यानलाई निलम्बन गरे पनि आईसीसीले नेपाली क्रिकेट टोलीलाई अन्तर्राष्ट्रिय प्रतियोगितामा भने खेल्न दिएको थियो ।

नेपाली क्रिकेट क्षेत्रका लागि यो निकै ठूलो क्षति थियो । तर जसो तसो निलम्बन फुकुवा भयो, तर अहिलेको क्यानको गतिविधिका कारण पुनः आईसीसीले निलम्बन गर्ने हो कि भन्ने आशंका बढ्दै गएको छ । क्रिकेट संघको नेतृत्वले जिम्मेवारपूर्ण काम गर्न नसक्दा चौतर्फी आलोचना खेप्दै आएको छ । झनै पछिल्लो समय नेपाल टी-२० लिग आयोजनामा देखिएको विवादले क्यान नेतृत्व कति गैरजिम्मेवार रहेछ भन्ने पुष्टि नै गरिदिएको छ । क्यान आफैंले आयोजना गरेको नेपाल टी-२० लिगमा 'स्पट फिक्सिङ'को आरोप लागेको छ । यससम्बन्धमा नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी)ले अनुसन्धान नै गरिरहेको छ ।

आफैंले आयोजना गरेको लिगमा 'फिक्सिङ'जस्तो गम्भीर अपराधको आरोप लाग्नु क्यानका लागि लज्जाबोधको विषय हो । 'फिक्सिङ'सँगै खेलाडीले सम्झौताअनुसार पारिश्रमिक नपाएको, विदेशी खेलाडीको श्रम स्वीकृति नलिइएको लगायतका व्यवस्थापकीय पक्ष कमजोर हुँदा क्यान नेतृत्वको क्षमतामाथि प्रश्न उठ्नु स्वभाविक नै हो ।

क्यानले नेपाल टी-२० लिग आयोजना गर्नका लागि भारतीय कम्पनी सेभेन थ्री स्पार्ट्सलाई रणनीतिक तथा व्यावसायिक साझेदार बनाएको थियो । शुरुवातदेखि नै यस विवादित कम्पनीसँग साझेदारी गर्ने क्यानको निर्णय विवादमा परेको थियो । झनै प्रतियोगितामा देखिएका कमी कमजोरी तथा 'फिक्सिङ'जस्तो गम्भीर अपराधको आरोपले क्यानसँगै देशकै प्रतिष्ठामाथि आँच आउने अवस्था आएको छ । अध्यक्षमा निर्वाचित भएलगत्तै चतुरबहादुर चन्दले नेपाल टी-२० लिग आयोजना गर्ने घोषणा गरेका थिए । तर चन्दकै नेतृत्वको कमजोरीका कारण यतिबेला नेपाली क्रिकेट क्षेत्र पुनः संकटमा फस्दै गएको देखिन्छ ।

नेपालमा फ्रेन्चाइज लिगले विगतमा आर्जन गरेको प्रतिष्ठालाई क्यानले जोगाउन सकेन । यसअघि नेपालमा आयोजना भएका एभरेष्ट प्रिमियर लिग, धनगढी प्रिमियर लिग लगायतका फ्रेन्चाइज लिग गर्न नदिने निर्णय गर्दै क्यानले आफैं आयोजना गर्न नेपाल टी-२० लिगको घोषणा गरेको थियो । तर ती लिगले बढाएको नेपाली क्रिकेटको छवि नेपाल टी-२० लिगले घटाइदिएको छ ।

लिगमा भएको भनिएको स्पट फिक्सिङबारे सीआईबीले अनुसन्धान जारी राखेको छ । यदि लिगमा स्पट फिक्सिङ भएको पुष्टि भएमा क्यान पुनः संकटमा पर्ने देखिन्छ । फिक्सिङजस्तो अपराध भएको पुष्टि भए आईसीसीले क्यानलाई फेरि निलम्बन नगर्ला भन्न सकिने अवस्था छैन । आरोप लागेकै बेला पनि आईसीसीका प्रतिनिधि त्यसबारे बुझ्न नेपाल आएका थिए ।



> खेलाडीहरु नै विभिन्न गुटमा विभाजित भएपछि प्रशिक्षकले चाहेर पनि खेल सन्तुलन मिलाउन र खेल स्तर सुधार्न सक्दैन । खेलाडीको हरेक पक्षको अध्ययन गरेर समस्या समाधान गर्ने जिम्मा क्यानको हो ।

## विवादको घेरामा राष्ट्रिय टोली

नेपाली राष्ट्रिय क्रिकेट टोलीमा पनि विवाद नै विवाद रहेको छ । क्यानको असक्षमता लिगमा मात्र होइन राष्ट्रिय टोलीमा पनि प्रष्टै देख्न सकिन्छ । नेपाली राष्ट्रिय क्रिकेट टोलीको मुख्य प्रशिक्षक बनेकाहरु लामो समय टिक्न नसक्दा खेल स्तर खस्किँदै गएको छ । गत दुई वर्षमा ४ पटक राष्ट्रिय क्रिकेट टोलीको मुख्य प्रशिक्षक फेरिएका छन् । जसका कारण पनि लामो समयसम्म क्रिकेट टोली प्रशिक्षकविहीन अवस्थामा रहनु परेको छ ।

२०७६ माघ तेस्रो साता नेपाली राष्ट्रिय क्रिकेट टोलीको मूख्य प्रशिक्षकबाट उमेश पटवालले बिदा लिएका थिए । आठ महिना राष्ट्रिय टोलीको प्रशिक्षण बागडोर सम्हालेका थिए पटवालले । त्यसपछि ९ महिना राष्ट्रिय टोलीको प्रशिक्षक बनेका डेभ ह्वाटमोरले २०७८ साल भदौ दोस्रो साता बिदा लिए । त्यसपछि आएका पुबुदु दसानायकेले राष्ट्रिय टोलीबाट २०७९ साल साउनमा बिदा लिए । उनी ८ महिना मात्र राष्ट्रिय टोलीसँग रहे । त्यसपछि आएका मनोज प्रभाकरले २०७९ मंसिर अन्तिम साता मूख्य प्रशिक्षकबाट राजीनामा दिए । कार्यभार सम्हालेको चार महिनामा नै उनी टोलीबाट बिदा भए ।

यसबाट पनि प्रष्ट बुझ्न सकिन्छ कि नेपाली राष्ट्रिय क्रिकेट टोलीमा प्रशिक्षक दीगोरुपमा बस्न सक्ने वातावरण नै छैन । यसमा राष्ट्रिय क्रिकेट टोलीका सदस्यसहित क्यानको पनि कमजोरी रहेको छ । केही प्रशिक्षकले टोलीबाट बिदा लिएर जाने बेलामा नै टोलीमा गुट रहेको खुलासा गरेका थिए । खेलाडीहरु नै विभिन्न गुटमा विभाजित भएपछि प्रशिक्षकले चाहेर पनि खेल सन्तुलन मिलाउन र खेल स्तर सुधार्न सक्दैन । खेलाडीको हरेक पक्षको अध्ययन गरेर समस्या समाधान गर्ने जिम्मा क्यानको हो । तर क्यान नेतृत्व जिम्मेवार नबन्दा राष्ट्रिय टोलीमा समस्या निरन्तर बढ्दै गएको देखिन्छ ।

यतिबेला राष्ट्रिय क्रिकेट टोलीलाई आफ्नो एकदिवसीय मान्यता जोगाउने चुनौती छ । तर क्यानले यसका लागि कुनै पनि किसिमका तयारी गरेको देखिँदैन । नेपालले आगामी महिना फेब्रुअरीमा घरेलु मैदानमा आईसीसी पुरुष क्रिकेट विश्वकप लिग टु अन्तर्गतको एकदिवसीय सिरिजका खेलहरु खेल्दै छ । आईसीसी क्रिकेट विश्वकप लिग-२ प्रतियोगिता विश्वकप छनोट खेल हो । यस खेलबाट नेपाललाई आफ्नै एकदिवसीय मान्यता जोगाउने चुनौती पनि छ । तर नेपाली टोली लामो समयसम्म प्रशिक्षकविहीन भएको छ । जसका कारण आगामी खेलका लागि न रणनीति बनेको छ न त खेलाडीले प्रशिक्षण नै पर्याप्तरुपमा गर्न पाएका छन् ।

राष्ट्रिय टोलीका लागि समयमा प्रशिक्षक नै नियुक्त गर्न नसक्नु क्यानको ठूलो कमजोरी हो । यसै पनि पहिलेदेखि नै खेलाडीले उचित पारिश्रमिक, सेवा, सुविधा नपाएको विवाद त छँदै थियो । अहिले त्यसमा पनि अनेकौं समस्या थपिँदै गएको छ । आईसीसीले क्यानलाई निलम्बन गरेको अवस्थामा पनि नेपालले अन्तर्राष्ट्रिय क्रिकेट भने खेल्न पाएको थियो । त्यही समयमा नै खेलाडीहरुको उच्च प्रदर्शनका कारण नेपालले एकदिवसीय मान्यता पाएको थियो । निलम्बनको अवस्थामा नेपालले पाएको त्यो ऐतिहासिक सफलता अहिले क्यानको गैरजिम्मेवार कार्यहरुले गुम्ने खतरा बढेको छ ।

विश्वकप लिग २ अन्तर्गत ९ सिरिजमा ४-४ खेल गरी कुल ३६ खेल खेल्ने नेपालले अहिलेसम्म ६ सिरिजका २४ खेल खेलिसकेको छ । लिग-२ मा सहभागी ७ टिममध्ये नेपाल छैटौं स्थानमा छ । शीर्ष तीन भित्र परे एकदिवसीय विश्वकप छनोटमा पुगिनेछ भने शीर्ष तीन भित्र पर्न नसके प्लेअफ खेल्नुपर्नेछ ।

लिगमा ३२ खेल खेलेको स्कटल्यान्ड ४६ अंकसहित शीर्ष स्थानमा छ । आफ्ना सबै ३६ खेल खेलेर ४४ अंक जोडेको ओमान दोस्रो स्थानमा रहदा नामिबिया ३० खेलबाट ३७ अंक जोड्दै तेस्रो स्थानमा छ ।

सबै ३६ खेल खेलिसकेको अमेरिका ३५ अंकसहित चौथो स्थानमा छ । पाँचौ स्थानको यूएईको २६ खेलबाट २७ अंक छ । नेपाल २४ खेलबाट १८ अंक जोडेर छैटौं स्थानमा छ । अन्तिम स्थानको पपुवा न्युगिनीको २८ खेलबाट ५ अंक छ ।

यस्ता विभिन्न समस्याका बाबजुद पनि क्यान नेतृत्वमा आफ्नो जिम्मेवारीबोध नहुँदा नेपाली क्रिकेट क्षेत्र नै संकटमा फस्ने सम्भावना बढेको छ । त्यसैले अहिलेको गैरजिम्मेवारपन हेरेर सरकारले क्यानमाथि हस्तक्षेप गर्न कमसेकम अब ढिलाइ गर्नु हुँदैन । समग्र नेपाली क्रिकेट क्षेत्रलाई सुधार्न क्यान नेतृत्वले पनि अब सोच्नै पर्ने बेला आएको छ । यदि सुध्रिन नसक्ने हो भने क्यान नेतृत्वले मार्गप्रशस्त गर्नुपर्छ । यी सबै समस्याको समाधान नखोज्ने हो भने खेलाडीहरुले आफ्नो अथक मिहेनतपश्चात नेपाली क्रिकेट क्षेत्रलाई दिएको योगदान बालुवामा पानी हाले सरह हुने छ ।

नेपाली क्रिकेट क्षेत्रको देखिएको संकटबाट खेलाडीहरु अनविज्ञ मात्र होइन अछुतो पनि छैन । तर उनीहरुले आफ्नो आत्मबललाई भने कम हुन दिएका छैनन् । खेलाडीहरुको यही आत्मबल मैदानमा हुने खेलमा प्रदर्शन हुने हो । त्यसैले खेल राजनीतिले निम्त्याएको हरेक संकटलाई सहेर उत्कृष्ट प्रदर्शन गर्छु भन्ने उनीहरुको सहनशक्ति र उर्जालाई बढाउन नसके पनि जोगाइराख्नु क्यान र सरोकारवालाको दायित्व हो ।







# पत्रकारिताले दिलाएको उचाइ



तिलु शर्मा पौडेल

गत नोभेम्बर २० बाट सुरु भएर डिसेम्बर १८ तारीकमा समापन भई कतारमा फिफा वर्ल्डकप सकियो । इतिहासमै सर्वाधिक सफल वर्ल्डकप सम्पन्न गरेको कतारले नयाँ नयाँ कीर्तिमान बनायो । खाडी राष्ट्र र गर्मी अत्यधिक हुने भनेर आलोचना खेपे पनि सुन्दर मौसममा उसले खेल खेलाएर सक्षमता देखायो । कतारले वर्ल्डकपको आयोजना गर्नु पूर्व नै केही पश्चिमा मिडिया कतार बिरुद्धमा थिए, ती आज पनि विरुद्धमै छन् । जब फिफा वर्ल्डकपको बिट कतारले जित्यो तब कतार माथि विश्वको नजर गढ्यो । के कसो र कसरी गर्ला भनेर अनेक लाञ्छना सहितको विष बमनको नजर र आरोप चिर्दै कतार शक्तिशाली र सफल आयोजक राष्ट्र बनिसकेको छ ।

यही मध्यपूर्वको सानो देश कतारमा म विगत १८ वर्षदेखि कार्यरत छु । १८ वर्ष पहिले क्याम्पस पढ्न पोखरा आउँदै गर्दा भविष्यमा शिक्षक या प्रहरी मध्ये एक हुन्छु भनेर लक्ष्य लिएको थिएँ । तर पैसाले किताब, कापी, रासन र डेरा भाडा तिर्ने बेला लुकामारी खेलेपछि आफ्नो हैसियत बदल्न कतार हुइँकिदा म मात्र १७ वर्षको किशोर थिएँ । त्यसबेला कतारले मेरो भविष्य बनाउँछ, बनाउँदैन मात्र होइन मलाई जिउँदो फर्काउँछ त भन्ने प्रश्नको उत्तर आफैसँग थिएन । त्यो बेला पोखरामा भर्खर खुलेका एफएममा समाचार वाचन गर्नेहरूको आवाज सुन्दा म नि यसैगरी बोल्न पाए भन्ने लाग्थ्यो तर बाटो देखाइदिने कोही भए पो ! धेरै सोंच र सपनालाई थाती राखेर ३ कार्तिक २०६१ मा कतार एयरवेजको जहाज चढेर पैसाको गरिबी हटाउन कतार छिरेको म यो लेख लेखिरहँदासम्म पनि पत्रकार बनें कि बनिनँ आफैं अनुत्तरित छु । मलाई कतारले धेरै थोक दिलाएको छ । यही आएर मैले पत्रकारिताको सपनालाई पूरा गर्ने अवसर पाएँ । मैले कतारबाट विक्रम सम्वत २०७१ साल असोज ११ गते एक नेपाली लोकल अनलाइनका लागि पहिलो समाचार लेख्दै पत्रकारितामा पाइला राखेको थिएँ । त्यो समाचार मैले मेरो सामाजिक उत्तरदायित्व प्रेरित भएर सम्प्रेषण गरेको थिएँ ।

त्यही दिनबाट सुरु भएको मेरो सामाजिक उत्तरदायित्वको पत्रकारिता आजसम्म चलेको छ र निरन्तर चल्नेछ । पत्रकारिता नपढी समाचारहरू पढेकै भरमा समाचार लेख्न सिकेको मलाई आफैंले लेखेको समाचारले चित्त बुझाउदैन थियो । सम्पादकले कति समाचार प्रकाशितै गरिदिएनन्, कतिपटक हुन्छ भनेर ढाँटे ।

मैले गर्ने सामाजिक उत्तरदायित्व पत्रकारिता व्यवसायिक हुने कुरै थिएन । त्यसमाथि कतार एक राजतन्त्रात्मक देश भएकोले यहाँको कानून तुलनात्मक रुपमा कडा छ । यहाँ बस्ने जोकोहीले उक्त कानूनको पूर्ण पालना गर्नु अनिवार्य छ । यस कारण यहाँ सनसनी खुलासा, कतिपय देखेका मद्दामामिला र कतिपय अवस्थामा श्रमिककै समस्या पनि मिडियामा ल्याउन सकिँदैन । किनभने कतारमा रहेका म लगायत ३ लाख ७० हजार नेपाली श्रम गर्न मात्र आएका हौं । कतारमा रहेका करिब सक्रिय ७०/८० वटा संस्थाले गर्ने विभिन्न गतिविधिका बारेमा मात्र लेख्ने गरेको हुँदा मेरो पत्रकारिता सामाजिक उत्तरदायित्व हो भन्दा मलाई अप्ठ्यारो लाग्दैन । तर जब कोरोनाले विश्व आक्रान्त पार्‍यो तब विश्व नै स्तब्ध भयो । हवाइ उडान ठप्प भए, त्यो बेला कतारबाट ५१ वटा चार्टर फ्लाइट भए । ती फ्लाइटमा कोरोनाका कारण रोजगारी गुमाएका देखि अङ्गभङ्ग भएका र मृत्युवरण समेत भएका विषयमा मैले कलम चलाएपछि मेरो पत्रकारिता केही फराकिलो बन्न थालेको सत्य हो । ठ्याक्क मिति त याद भएन तर म मध्यान्ह राष्ट्रिय दैनिकसँग जोडिन पुगेको यही बेला हो । यसरी विभिन्न स्थानीय अनलाइन, चिनेका सहकर्मीका अनलाईन पत्रिका हुँदै मध्यान्ह दैनिकको कतार संवाददाता भएर जोडिने बेला सम्म म राष्ट्रिय मूलधारका मिडियासम्मको यात्रा तय गर्न सफल भएको छु ।

कोरोनाको सङ्क्रमणकालीन समयमा स्वास्थ्यको पर्वाह नगरी दैनिक एयरपोर्ट पुगेर श्रमिकका समस्या सुन्ने र जे हो त्यो खुलस्त जस्ताको त्यस्तै लेखेर पठाउँथें । समाचार लेखेरै कतिपय ठाउँमा बेथिति समेत चिरेको अनुभव छ । ४/५ वटा फ्लाइटमा महँगोमा टिकट बेचेर बिल नदिने हिमालयन एयरलाइन्सको ज्यादती विरुद्ध लेखेपछि र नेपाली नियोगका जिम्मेवार व्यक्तिलाई घचघचाएपछि पैसा मात्र घटाएन बिल पनि दिन सुरुवात गर्दा समाचारले ठूलो प्रभाव पारेको बुझेको छु । तिनै फ्लाइटका बारेमा एयरपोर्ट पुगेर स्थलगत रिपोर्टिङ सँगै विभिन्न भाषिकदेखि आर्थिक रूपमा पनि समस्यामा परेका र पिसिआरमा पनि परेका हरेक अप्ठेरोमा समेत निडर भई समाचार संकलन र सम्प्रेषण गरेको थिएँ । यसबाट

> श्रमिक भिसामा कतारमा रहेको म, सामान्य एक पत्रकारलाई फिफामा मिडिया पर्सनको हैसियतमा आवेदन दिऊँ कि नदिऊँ भन्ने निर्णय गर्नै समय लाग्यो । तोकिएको समय सीमाको अन्त्यतिर चुपचाप आवेदन दिएँ ।




नेपाली समाजमा योगदान पुगेको भनी एनआरएनए कतारले नवौं राष्ट्रिय महाधिवेशनको अवसरमा २०१९-२१ कार्यकालको उत्कृष्ट पत्रकारिता पुरस्कार मलाई प्रदान गर्‍यो । तत्कालीन राजदूत नारद भारद्वाज वाग्ले र एनआरएनए कतारका अध्यक्ष मोहम्मद मुक्तदा मुसलमानको हातबाट दूतावासको हलमा आयोजित कार्यक्रमबाट नगद राशि सहितको उक्त सम्मान प्राप्त गरं ।

त्यो पुरस्कारले थप जिम्मेवारीको भारी मात्र बोकाएन निष्पक्ष र अडानयुक्त पत्रकारिता गर्न हौसला दियो । त्यसपछि मैले समाचार लेख्न कहिल्यै हतार गरिनँ, जे हो त्यही मात्र समाचार लेख्ने शैलीले मलाई पत्रकार भनेर चिनिन बाध्य बनायो र चिनायो । तर म आफैलाई भने पत्रकार भन्दा पनि स्टोरी टेलर हूँ जस्तो लाग्छ । कार्यक्रममा भएका सबै गतिविधिलाई छोटकरीमा लेख्ने र मिडिया मार्फत प्रचारप्रसार, सूचना तथा जानकारी दिनु स्टोरी टेलरको काम हो ।

म्याग्दी जिल्लाको राखु भगवतीको एक अति विपन्न परिवारमा जन्मिएको मैले पत्रकारिता सम्बन्धी २ दिने तालिम बाहेक अन्य कहीँबाट केही सिक्ने, अवसर पाएको छैन । केही पुस्तक स्वअध्ययन गरे पनि मेरो लागि पत्रकारिताको पाठशाला नै नेपाली मिडिया हुन् । कतारबाट प्रकाशित हुने विभिन्न मिडियाका समाचार नेपालीमा उल्था गरेर लेख्नु, नेपालीका गतिविधि लेख्नु र कहीँ कति श्रमिकका समस्या बाहेक मेरो पत्रकारिताले छलाङ मार्न नसकेको बेला कतारमा हुन लागेको फिफा वर्ल्डकपमा मिडियाको लागि आवेदन खुल्यो ।

श्रमिक भिसामा कतारमा रहेको म, सामान्य एक पत्रकारलाई फिफामा मिडिया पर्सनको हैसियतमा आवेदन दिऊँ कि नदिऊँ भन्ने निर्णय गर्नै समय लाग्यो । तोकिएको समय सीमाको अन्त्यतिर चुपचाप आवेदन दिएँ । आवेदन दिनुअघि केही व्यक्तिसँग के कसो होला भनी राय सल्लाह लिएँ तर १/२ जना बाहेकले श्रमिक भएका कारण पछि श्रमिकले पत्रकारिता गरेको भनी ट्रेस हुन सक्ने र कानुनी अड्चनमा फस्न सक्ने भनी आवेदन नदिन सुझाए । तर पनि मन बलियो बनाएर आवेदन दिएँ । नभन्दै केही समयमा स्वीकृत भएर आयो । स्वीकृत भएको खुसी केही नजिककाहरुसँग साटं । प्रेस पासमा सामाजिक सञ्जालमा पोस्ट नगर्नु भनी लेखेको हुँदा पोस्ट गर्न सकिनँ । पछि नेपालबाट आएका एक पत्रकार मित्रसँग सँगै गएर पास प्रिन्ट गरेर लिएपछि मिडिया सेन्टर भित्र नै फोटो खिचेर पोस्ट गर्न सकिने थाहा पाएपछि सञ्जालमा पोस्टिदै खुशी साटें । 'फिफाको २१ औ संस्करणको वर्ल्डकपको अफिसियल छापा मिडियाको पत्रकार' को पास हातमा समात्दा मैले मेरो हैसियत सम्झिएँ । म भकारोमा जन्मेर गुन्द्रीमा हुर्केको मान्छे, कतारमा दैनिक ९ घण्टा श्रम गर्ने श्रमिक र त्यो फिफाको प्रेस कार्ड, मेरो दिमागमा शून्यता छायो खुसीले ।

आफैलाई पत्रकार नमान्ने मलाई त्यो दिन मलाई फिफाले गरेको विश्वासले नतमस्तक बनायो । त्यसका लागि कतार सरकार, आयोजक र मलाई माया साथ दिएका सबैलाई मनैबाट धन्यवाद दिएँ । निरन्तर र निष्पक्ष कर्म गर्ने हो भने नचिताएको उचाइमा पनि पुग्न सकिदो रहेछ भन्ने मेरो जीवनमै प्रमाणित भएको छ । मानिसले चाहना राखेर मात्र हुँदैन, लगनशीलता नतोड्ने हो भने सफलता अवश्य पाइन्छ भन्ने महसुस गरेको छु । ३ लाख ७० हजार नेपाली रहेको कतारमा करिब ४ दर्जन नेपाली पत्रकार सक्रिय छन् । तर फिफाको प्रेस पास प्राप्त गर्ने म पहिलो र एक मात्र श्रमिक पत्रकार बनें ।

फिफाले उपलब्ध गराएको प्रेस पासको मैले कहीँ दुरुपयोग गरिनँ । फिफाले दिने 'जर्नालिष्ट किट' पनि लिन गइनँ । मनले भन्यो तैँले एक खालको सफलता पाइस् सुविधा सामग्रीको पछि नलाग् । फिफाले कतारमा पत्रकारलाई नेपालका मन्त्री सरहको सेवा सुविधा दिएको थियो । निःशुल्क यातायात, भ्रमण, मिडिया सेन्टर भित्र बसेर काम गर्न कम्प्युटर, हेर्न टेलिभिजन, अफिसियल्ली नन कपीराइट फोटा र हरेक मिनेट सेकेन्डमा अपडेट, विश्वभरबाट आएका चौध सय पत्रकारलाई साङ्गीतिक माहौलमा मनोरञ्जन मात्र गराएन, कतारका विभिन्न स्थान घुम्ने र हरेक स्टेडियमका मिडिया सेन्टरसम्म पुग्ने सुविधा निःशुल्क दियो । फोटोग्राफर र टेलिभिजन पत्रकारलाई ग्राउन्ड छेउका रोस्टमै दिइएको थियो । समग्रमा पत्रकारको स्थान र इज्जत कहाँ हुन्छ भन्ने कुरा कतारले व्यवहारिक रूपमा प्रमाणित गरेको छ । दुख लाग्दो कुरा के भने नेपालबाट आधा दर्जन पनि पत्रकार कतार आउन सकेनन् । आवेदन नै दिएनन् या आवेदन अनुमोदन भएन त्यो खोजीको विषय होला तर विश्वभरका चौध सय पत्रकार कतारमा उत्रँदा चौध जना नेपाली पत्रकार फिफामा अफिसियल्ली नदेखिनु निकै दुखःद लाग्यो मलाई ।

अन्त्यमा फिफाको त्यो तहसम्म पुग्न आँट, साथ, हौसला र मेरा शब्दहरूलाई स्थान दिएर पत्रकार हूँ भन्ने हैसियत दिलाउने विगत २० वर्षदेखि निर्वाध प्रकाशित हुदै आएको मध्यान्ह दैनिकका सम्पादक मदनकुमार श्रेष्ठ र सहकर्मीहरुप्रति कृतज्ञ छु र रहिरहनेछु ।

*(पत्रकार पौडेल मध्यान्ह राष्ट्रिय दैनिकका कतार संवाददाता हुन् ।)*

SHANGRI-LA CUSTOMER CARE
01-5970052
Call or message us for any queries
9863589000
shangrilabank
customercare@shangrilabank.com
Time: 9:30 AM - 5:30 PM*
* Time is applicable during work days and Friday Timing will be 9:30AM to 3:30PM
सांग्रिला डेभलपमेन्ट बैंक लि.
स्थानीय विकासको आधार
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजत प्राप्त संस्था)

भूकम्प प्रतिरोधी भवन बनाउन
राष्ट्रिय संहिताको पालना गरौं ।
दक्ष प्राविधिक र भूकम्प प्रतिरोधी
तालिम प्राप्त कालिगढको संलग्नतामा
मात्र भवनका निर्माण गरौं ।
नेपाल सरकार
शहरी विकास मन्त्रालय
शहरी विकास तथा भवन निर्माण विभाग
संघीय सचिवालय निर्माण तथा व्यवस्थापन कार्यालय
सानो गौचरण, काठमाडौं ।

हार्दिक
बधाई तथा शुभकामना
मध्यान्ह राष्ट्रिय दैनिक
२० वर्ष पुरा गरी २१ औं
वर्षमा प्रवेश गरेको अवसरमा बधाई तथा उत्तरोत्तर
प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।
२० औं वार्षिकोत्सव
मध्यान्ह
विष्णु के.सी.
प्रवन्ध निर्देशक
तथा
आकर्षण इण्टरनेशनल प्रा. लि., परिवार
शम्भु मार्ग, आकर्षण भवन (एयरपोर्ट नजिक), काठमाडौं, फोन नं.: ०१-४४५८७०१

हार्दिक बधाई तथा शुभकामना
२० औं वार्षिकोत्सव
मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकाले विभिन्न आरोह अवरोह
पार गर्दै निरन्तररूपमा आफ्नो प्रकाशनको
२० औं वर्ष पूरा गरी २१ औं वर्षमा
प्रवेश गरेको सुखद अवसरमा यस मध्यान्ह राष्ट्रिय दैनिक
परिवारको उत्तरोत्तर प्रगतिको कामनासहित
हार्दिक मंगलमय शुभकामना
व्यक्त गर्दछौं ।
दिपक थापा
प्रबन्ध निर्देशक
सदिक्षा ओभरसिज प्रा. लि.
परिवार
सामाखुसी टाउन प्लानिङ्ग (स्वीमिङ पुलसँगै), काठमाडौं, फोन: ४३८०१८१, ४३८८२००

Virtual Currency/Cryptocurrency,
Network Marketing तथा Hyper Fund
कारोबार गैरकानूनी रहेको सम्बन्धी सूचना
यस बैंकले Bitcoin कारोबार, Cryptocurrency कारोबार र Virtual Currency/Cryptocurrency तथा Network Marketing अन्तर्गतको कारोबार/व्यवसाय गैरकानूनी रहेकोबारे क्रमशः मिति २०७४/०४/२९, २०७८/०५/२४ र २०७८/१०/०९ मा सार्वजनिक सूचनाहरु प्रकाशन गरेको व्यहोरा पुनः अवगत गराइएको छ । नेपालमा विदेशी विनिमय वा मुद्राको रूपमा Virtual Currency/Cryptocurrency (Stablecoins समेत) ले कानूनी मान्यता नपाएको, नेपालमा कानूनी ग्राह्य (Legal Tender) नभएको, नेपाल सरकारका जमानत प्राप्त नभएको र यस बैंकले निष्कासन नगरेको तथा कुनै पनि किसिमको सुरक्षण नभएको हुँदा Virtual Currency/Cryptocurrency (Stablecoins समेत) को कारोबार गैरकानूनी रहेको छ । Virtual Currency/Cryptocurrency (Stablecoins समेत), पिरामिडमा आधारित Network Marketing तथा Hyper Fund मा सम्पत्ति शुद्धीकरण तथा आतंककारी क्रियाकलापमा लगानी, ठगी तथा कर छली, लगानीको असुरक्षा, पुँजी पलायन, मूल्यमा अस्थिरता एवं उतार-चढाव, सट्टेबाजी आदि सम्बन्धी जोखिमहरु अन्तरनिहित हुने विषयसमेत स्मरण गराइएको छ । अतः नेपालभित्र बसोबास गर्ने नागरिक/फर्म/कम्पनी/संस्था (विदेशीसमेत) र नेपाल बाहिर बसोबास गर्ने सबै नेपाली नागरिक तथा नेपालमा दर्ता भई नेपाल बाहिर रहेका, फर्म, कम्पनी, संस्था तथा त्यस्ता कम्पनी वा संस्थाका शाखा कार्यालय तथा एजेन्सीहरुले कुनै पनि प्रकारका Virtual Currency/Cryptocurrency (Stablecoins समेत), पिरामिडमा आधारित Network Marketing तथा Hyper Fund कारोबार गरे/गराएको पाइएमा तथा सोको प्रयोग/संलग्नता/सदस्यता/लगानी/स्वामित्वग्रहण/स्थानान्तरण/विप्रेषण/विनिमय/Mining सम्बन्धी कार्य गर्ने/गराएको पाइएमा प्रचलित कानून बमोजिम कारबाही हुने व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १२ ले दिएको अधिकार प्रयोग गरी यो सूचना प्रकाशन गरिएको छ ।
नेपाल राष्ट्र बैंक

# पोर्चुगल सपनाको संकट



जनक बराल

६ यतिबेला युरोप छिर्ने नाउँमा सयौं दलालले हजारौं युवाहरुको अरबौं रूपैयाँ लुटेर फरार छन् । ती युवाहरु मानसिक तनाव बोकेर न्यायको लागि छटपटाई रहेका छन् । उजुरी र गुनासाहरु यति छन् कि सुनिदिने र न्याय दिलाइदिने को ? अन्योल छ । आज पैसा, समय, पासपोर्ट र आफन्त र समाजको विश्वास गुमाएर कतिपय त डिप्रेसनसम्म पनि पुगेका छन् ।

अहिले मुलुकमा नयाँ सरकार गठन भएर विश्वासको मत पनि लिइसकेको अवस्थामा छ । तर, आम जनता भने सरकार र व्यवस्थालाई अझै पनि निर्धक्कसँग विश्वास गर्न सकिरहेका छैनन् । युवा पलायनको अवस्था कहालीलाग्दो छ । यस्तो लाग्छ, देशमा बस्न कोही चाहँदैन । चाहे पासपोर्टमा उमेर बढाएर होस्, चाहे पचास वर्ष पुग्नै लाग्दा होस्, विदेशिनै पर्ने सबैको साझा बाध्यता बनेको छ ।

विदेश त जाने तर, कहाँ जाने ? कुन देश जाने ? कति कमाईमा जाने ? त्यहाँ पुगेपछि भविष्य कस्तो हुने ? धेरै पक्षले वैदेशिक गन्तव्य निर्क्योल गर्ने गर्दछ । बदलिँदो परिस्थितिमा धेरै जना खाडी मुलुकभन्दा पनि युरोप, अमेरिका, अस्ट्रेलिया, जापानजस्ता मुलुक छिर्न कोशिस गर्न थालेका छन् ।

विद्यार्थी भिसामा विदेश छिर्न पनि धेरै गाह्रो छ । मेहनत धेरै गर्नुपर्ने र लागत पनि धेरै खर्च गर्नुपर्ने बाध्यता एकातिर छ भने पढाई राम्रो हुनुपर्ने, धेरै ग्याप हुन नहुने र अन्य कागजी प्रक्रिया पनि झन्झटिला हुने कारण धेरै जनाको रोजाइमा 'वर्क पर्मिट'मा जान पाइने मुलुक पर्ने गरेका छन् ।

युरोपका माल्ट्रा, पोल्यान्ड, हङ्गेरीलगायतका मुलुकमा धेरै नेपालीहरु वर्किङ्ग भिसामा आउने गर्दछन् । अहिले पोर्चुगलमा पनि थोरै मात्रामा भए पनि नेपाली वर्क पर्मिटमा आउने गर्दछन् । पोर्चुगल आप्रवासीहरुको लागि सहज र उदार नीति लिएको कारण पनि यहाँ आर्कषण छ । उमेर, शैक्षिक योग्यतालगायत अन्य कुनै पनि न्यूनतम मापदण्ड नतोकिएका कारण पनि पोर्चुगल आप्रवासी कामदारहरुका लागि पहिलो रोजाइ बनेको छ ।

विदेश त जानेनै हो, सके अलिक आकर्षक आम्दानी होस्, नभए भविष्यमा उतै बस्न मिल्ने र जहान परिवार पनि उतै लान मिल्ने होस् भन्ने सबैको चाहना हुन्छ । सबै जना र सबै समूहलाई समेट्न सक्ने निर्विकल्प विकल्प पोर्चुगल बनेको देखिन्छ । त्यस कारण पनि पछिल्ला वर्षहरुमा हजारौं नेपाली पोर्चुगल आएका छन् । जहाँ अवसर छ, जहाँ भविष्य छ, त्यहाँ जान चाहनु मानवीय स्वभाव पनि हो । एकै पटक धेरै जनाले युरोप आउने, अझ पोर्चुगल छिर्ने चाहना राखेपछि तिनलाई गन्तव्यमा पुऱ्याउन माध्यम त चाहिने नै भयो । ती माध्यम भनेका विद्यार्थी पढ्न पठाउने कन्सल्टेन्सीदेखि कामदार भिसामा पठाउने एजेन्टसम्म पर्दछन् भने कति त विभिन्न कार्यक्रम बनाएर, स्पोन्सर खोजेर कानुनीरूपमा छिराइदिने व्यक्ति पनि हुन्छन् । यसरी पठाउनेमा कति गलत र गैरकानुनी बाटोबाट मानव तस्करी गर्ने गिरोह पनि हुने गर्दछन् । पोर्चुगल मात्रै होइन, संसारको कुनै पनि देशमा जानको लागि भरपर्दो बाटो र माध्यम छान्नु पनि एउटा चुनौतिपूर्ण कार्य हो ।

पोर्चुगल पठाइदिने भनेर विभिन्न छापा माध्यम, फेसबुक, ह्वाट्स्प एप जस्ता माध्यममा आकर्षक विज्ञापनहरु प्रशस्त मात्रामा देख्न सकिन्छ । ती अधिकांश झुटा र ठग्ने मनसायद्वारा प्रेरित हुन्छन् । किनभने पोर्चुगल पठाउन सक्ने एजेन्टलाई सस्ता खालका प्रचारबाजी गर्न आवश्यक नै पर्दैन ।

विदेश आउने भनेपछि कोही न कोही एक जनालाई त विश्वास गरिएन भने कसरी विदेश जान सकिन्छ त ? गरौँ कसलाई गरौँ ? यो सही नियत भएको व्यक्ति हो भनेर छुट्टाउने आधार के ? यी जटिल विषय हुन् ।



'२५ दिनमा भिसा ग्यारेन्टी, एक महिनाभित्रमै पोर्चुगल पुगिने' ! 'पोर्चुगलमा वर्क पर्मिट', 'पोर्चुगलमा स्टाफ नर्सको माग', 'पोर्चुगलमा कृषि कामदारको माग', 'पोर्चुगलमा निर्माण मजदुर वा होटेल तथा रेस्टुरेन्ट क्षेत्रमा रोजगारको अवसर' भनेर यदाकदा देखिने विज्ञापन झुटा हुन्छन् । दलालहरुले सिधासाधा व्यक्तिलाई ठग्ने अभिप्रायले यस्ता विज्ञापन गरेका हुन्छन् । अनि सोझा तथा युरोप कुनै पनि हालतमा छिर्ने उद्देश्य बोकेका युवाहरु सजिलै दलालको चङ्गुलमा फस्न पुग्दछन् ।

जाने कम्पनी, प्रक्रिया, डिमाण्ड लेटर, अफर लेटर, वोर्क कन्ट्र्याक, भिएफएसमा अन्तवार्ता दिने प्रक्रिया, अन्तवार्ता दिने मिति अनि पासपोर्टमा टाँसिएको भिसालगायत यति धेरै प्राविधिक र झन्झटिला पक्ष हुन्छन् कि ती सक्कली हुन् कि नक्कली भनेर पोर्चुगलमा कार्ड बनाइसकेका त के पत्रकार तथा कानुन विद्ले पनि सहजै छुट्याउन सक्दैनन् । त्यसकारण दलालले पासपोर्टमा नक्कली भिसा लगाएर ठगेका पनि कयौं घटनाहरु छन् ।

अरब वा मलेसिया जाने सिलसिलामा पहिला काठमाडौं जानु पऱ्यो । होटेलमा बस्ने खाने खर्च, यातायात खर्च, फोटोकपीदेखि लिएर फोटो खिच्ने खर्च, मेडिकल खर्च र अन्य नदेखिने खर्च गरेर भिसा नै लागेनछ भने पनि अहिलेको महँगीमा कमसेकम १५ हजार रूपैयाँ खर्च हुने गर्दछ । युरोप अमेरिका, अस्ट्रेलिया जाने सिलसिलामा कागज पत्र बनाउनेदेखि भीएफएससम्मका खर्च, नयाँ दिल्ली जाने आउने गर्दा भिसा नलागेको खण्डमा पनि दुई लाख रूपैयाँ त थोरैमा पनि खर्च हुन जान्छ । दुई लाख भनेको सानो रकम होइन । नेपालमा दुई लाख बचत गर्न दुई वर्ष लाग्दछ भने झन् बेरोजगार युवाको लागि त कत्रो रकम होला ?

भिसाको प्रक्रिया गरेर भिसा लागेन भने मानसिक र आर्थिक तनावका साथै समयको पनि बर्बादी हुन जान्छ । पैसा जाने, समय जाने र आफन्तबाट पनि दबाब खेप्न पर्ने त झन् पीडादायी पाटो हो । छ महिनादेखि एक वर्ष समय खेर जाने र ठूलै आर्थिक भार पर्ने हुनाले फेरि अर्को पटक कोशिस गर्न हिम्मत जुटाउन पनि गाह्रो पर्दछ भनेर आफन्त पनि मान्दैनन् । अनि मानिस झन् निराश बन्न पुग्दछ ।

यदि कुनै पनि युवा युरोप छिर्ने शिलशिलामा नियतबस ठग्ने दलालको चङ्गुलमा पऱ्यो भने त्यो दलालले फकाइ फुलाई, गुलिया सपना देखाएर ठूलै रकम कुम्लाइदिन्छ । बिरालोले मुसा खेलाए जसरी दलालले यो वा त्यो शीर्षकमा पैसा मागि नै रहन्छ भने विभिन्न ठाउँमा पठाएर दुःख पनि दिइनै रहन्छ । उसले यसरी घुमाइ दिन्छ की त्यो पीडितलाई अनुभव हुनै पाउँदैन कि म फसिँन जादै छु, म गलत व्यक्तिको पासोमा परिसके भनेर । उसलाई युरोप सपनाको भुत यसरी सवार भइसकेको हुन्छ कि उ के गलत, के सही छुट्याउनै नसक्ने अवस्थामा पुगिसकेको हुन्छ । उ एक पटक युरोप छिर्ने सपनामा सबथोक गुमाउन तयार भइसकेको हुन्छ । अनि जब ऊ होसमा आउँदछ त्यतीबेला दलाल फरार भइसकेको हुन्छ भने उसको युरोप सपना सिसाको महल जस्तै टुटिसकेको हुन्छ ।

### ठगिनबाट कसरी जोगिने ?

- कुनै पनि व्यक्तिले पोर्चुगल पठाइदिन्छु भनेर भन्छ भने त्यो व्यक्ति को हो ? उसको स्थायी ठेगाना कता हो ? अफिस दर्ता गरेको छ कि छैन ? राम्ररी बुझ्ने ।
- अफिस नभएको एजेन्ट हो भने उसको घर, ठेगाना सबै पत्तो गरेर मात्र प्रक्रिया सुरु गर्ने । आफुले पनि नचिनेको र उसलाई चिन्ने आफ्ना साथीभाइ छैनन् भने कामै सुरु नगर्ने ।
- पहिल्यै पैसा नबुझाउने, बुझाउनै परे बैंकमार्फत कारोबार गर्ने, त्यो पनि नभए लेनदेनको तमसुक गरेर मात्र कारोबार गर्ने ।
- एजेन्टसँग आफुसँगै बसेर फोटो खिच्ने वा उसको फोटो आफुसँग सुरक्षित राख्ने । नागरिकता, पासपोर्ट वा सवारी चालक अनुमती पत्रको फोटोकपी माग्ने, यदि उसले दिन इन्कार गर्दछ भने त्यो व्यक्ति ठग हो भन्ने बुझेर काम सुरु नै नगर्ने ।

### ठगी हालेमा के गर्ने ?

- सकेसम्म आफु नठगिने निश्चित गरेर मात्र काम गर्ने । ठगीमा परियो भने फेसबुक र फेसबुक समूहमा हार गुहार गर्ने होइन कि आफुले सुरु गरेको प्रोसेस, पैसा तिरेका रसिद, भौचर, सामाजिक सञ्जालमा भएका कुराकानी स्क्रिनसट सबै प्रिन्ट गरेर प्रहरी, अदालत वा राष्ट्रिय अनुसन्धान विभागमा उजुरी गरी हाल्ने ।
- यदि ठगी गर्ने व्यक्ति पोर्चुगलमा बस्दछ र उसलाई पोर्चुगलको बैंक खातामा पैसा जम्मा गरेको छ भने उसको रेसिडेन्सी कार्ड र पैसा तिरेको प्रमाणसहित कानुन व्यवसायीमार्फत अदालतमा मुद्दा दाएर गर्न सकिन्छ । तर, त्यो अति झन्झटिलो र लामो प्रक्रिया हुन्छ । अर्को कुरा, मुद्दा दायर गरिदिन पोर्चुगलमा आफन्त पनि हुनु पऱ्यो । ठग पोर्चुगलमा बस्दछ र पीडित नेपालमा छन् भने यहाँको सरकारलाई त्यस्ता विषय धेरै चासोका विषय नहुन पनि सक्दछन् । त्यसकारण न्याय पाउन गाह्रो हुन्छ ।

यतिबेला युरोप छिर्ने नाउँमा सयौं दलालले हजारौँ युवाहरुको अरबौं रूपैयाँ लुटेर फरार छन् । ती युवाहरु मानसिक तनाव बोकेर न्यायको लागि छटपटाई रहेका छन् । उजुरी र गुनासाहरु यति छन् कि सुनिदिने र न्याय दिलाइदिने को ? अन्योल छ । आज पैसा, समय, पासपोर्ट र आफन्त र समाजको विश्वास गुमाएर कतिपय त डिप्रेसनसम्म पनि पुगेका छन् । सपना देख्नु पर्दछ, पुरा गर्न कोशिस पनि गर्नु पर्दछ तर, लहै लहैमा र आवेशमा गलत व्यक्ति र बाटो चुन्दा कतिले त पैसा मात्र होइन ज्यान पनि गुमाएका छन् ।

पछिल्लो एक वर्षमा पोर्चुगल जाने सपनामा धेरै युवाहरुले हण्डर र सास्ती व्यहोरिरहेका छन् । गुनासो र उजुरीका यति चाङ्ग छन् कि ती सबै गुनासा सुनेर साध्य नै छैन, न लेखेर साध्य छ । दलालहरुले यतिसम्मको ठगी गरेका छन् कि पासपोर्टमा नक्कली भिसा लगाएर नक्कली टिकेट भिडाएर १५ लाख रूपैयाँसम्म उठाएर फरार छन् । सरकारले कतिलाई न्याय दिलाउने ? प्रहरीले कति जनालाई खोजी गर्ने ? पत्रकारहरुले कति लेख्ने ? जति लेखे पनि जति पटक सचेत गराए पनि समस्या घट्नु र मानिसहरु सचेत बन्नुको सट्टा एउटै प्रकृतिका घटना झन् बढ्नु आफैँमा दुःखद छ ।

सबै बेलैमा सचेत बनौं । युरोप अझ पोर्चुगल छिर्ने महत्वकांक्षाले विवेक नगुमाऔं । प्रक्रिया सुरु गर्नुपूर्व सचेत बनौं । चाहे अमेरिका वा अस्ट्रेलिया होस्, चाहे खाडी होस्, सतप्रतिशत भिसा लाग्ने निश्चित त दुनियाँको कुनै पनि मुलुकमा हुँदैन । काम गर्दा असफल हुन सकिन्छ, त्यो स्वाभाविक प्रक्रिया हो तर, भिसा नलाग्नु र ठगिनु फरक विषय हुन् । बरु केही समय ज्यादा लागोस्, केही लागत बेसी लागोस् केही फरक पर्दैन तर, विदेश पठाइदिने व्यक्ति र माध्यम सही छनोट गर्नुहोस् ताकि भविष्यमा पछुताउनु नपरोस् ।

*(लेखक हाल बराल पोर्चुगलमा छन् ।)*

हार्दिक बधाई तथा शुभकामना

मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकाले विभिन्न आरोह अवरोह पार गर्दै आफ्नो प्रकाशनको २० औं वर्ष पूरा गरी २१ औं वर्षमा प्रवेश गरेको सुखद अवसरमा यस मध्यान्ह राष्ट्रिय दैनिक परिवारको उत्तरोत्तर प्रगतिको कामनासहित हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

हेम गुरुङ
अध्यक्ष, तथा
एस ओ एस ग्रुप, परिवार
धापासी, काठमाडौं, नेपाल, फोन: ४३५५७४५

हाम्रो बागमती हाम्रो सभ्यता ।
कायम राखौं यसको पर्यावरणीय स्वच्छता ।
जोगाई राख्न सके यसको पवित्रता ।
बढ्ने छ आत्मसम्मान आत्मियता ।
सदा बचाई राख्न यसको सौन्दर्यता ।
सबै मिली गरौं प्रयास र प्रतिवद्धता ।

- नदी क्षेत्रमा हुने अव्यवस्थित ढल निकासलाई नियन्त्रण गर्न सहयोग पुऱ्याऔं ।
- बागमती नदी र यसको सहायक नदीनालाहरूलार्य स्वच्छ र सफा राखौं ।
- नदी किनाराको जग्गाहरूको संरक्षण गरौं ।
- नदी किनारामा वृक्षारोपन गरी नदीको सौन्दर्य बढाऔं ।
- नदी किनाराको दायाँ बायाँ निर्धारित मापदण्ड भित्र नयाँ संरचना नबनाऔं ।
- बागमती सभ्यताको विकास र सम्बर्द्धन गरौं ।
- बागमती नदी संरक्षण तथा सरसफाई अभियानमा सहभागी बनौं ।

प्रत्येक शनिबार विहान ७:00 बजे हुने बागमती नदी सरसफाई महाअभियानमा रहभागी बनौं ।

नेपाल सरकार
शहरी विकास मन्त्रालय
अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत विकास समिति
गुहेश्वरीफाँट, काठमाडौं
सम्पर्क नं.: ०१-४१११४१३

# सत्ताका नयाँ तुरुपहरु !



डिल्ली बसेल

> रवि लामिछानेको राष्ट्रिय स्वतन्त्र पार्टीको राजनीतिक भिजन अझै प्रष्ट भएको छैन । लामिछानेले चुनाव अघि आफूहरुको सिद्धान्त मध्यदक्षिणपन्थ भन्ने बाहेक उनीहरुको प्रष्ट धारणा छैन । हतार हतारमा प्रदेशतर्फको उम्मेदवारी दिन नमिलेका कारण मात्रै उनीहरु संघीयता विरोधी जस्तो देखिएका हुन् ।

नेपालको राजनीतिमा झन् अस्थिरता बढ्ने संकेतहरु देखिएका छन् । पुराना राजनीतिक दल र नेताहरुप्रतिको चरम आक्रोशले केही नयाँ शुरुवात हुने अपेक्षा गरिएको बेला एकाएक निराशाको बादल मडारिन थालेको छ । कांग्रेस र एमालेको तीस वर्षदेखिको राइँदाइँ तथा माओवादी र मधेशवादी दलहरु समेत मिसिएर विगत डेढ दशकमा गरेको ब्रह्मलुटबाट मुक्ति खोजेको देश अर्को चक्रब्युहमा फस्ने खतरा बढेको हो ।

पुराना शक्ति र व्यक्तिबाट वाक्क दिक्क भएकै कारण नेपाली जनताले राष्ट्रिय स्वतन्त्र पार्टी रास्वपालाई एकाएक अघि ल्याईदिएका हुन् । टेलिभिजनको पर्दामा कार्यक्रम सञ्चालन गर्दा गर्दै पार्टी घोषणा गरेका रवि लामिछानेको एकल अनुहारबाट रास्वपा २० सिटको पार्टी बन्न सफल भएको हो । रवि बाहेक ज-जसले चुनाव जिते वा समानुपातिकमा सांसद हुन पाए ती सवैको भाग्य खुलेको मात्रै हो भन्दा अतियुक्ति हुदैन । गत स्थानीय चुनावमा काठमाडौंमा बालेन साहको विजयले एक खालको माहौल सिर्जना गरिदिएको थियो । त्यही माहौललाई भजाउन रवि लामिछाने जत्तिको परिचित अनुहार राजनीतिमा हाम्फाल्दा एकाएक माहौल तात्यो र रवि आफैंले अपेक्षा नगरेको परिणाम प्राप्त भयो । रविको ठाउँमा अर्को कुनै कवि नाम गरेको व्यक्ति आएको भए यो तहको भोट विद्रोह संभव हुन्थ्यो हुन्नथ्यो भन्ने वहसको विषय हो । तर राष्ट्रिय स्वतन्त्र पार्टी नखुलेकै भए पनि अरु कुनै समूहले जनतामा व्याप्त आक्रोशलाई भजाउन पाउने थिए । त्यसको पहिलो हकदार राष्ट्रिय प्रजातन्त्र पार्टी हुन सक्थ्यो भन्न सकिन्छ । यद्यपी राप्रपाले समानुपातिकमा पाएको मत हेर्दा राप्रपाले भयंकर ठूलो छलाङ मार्थ्यो भन्न चाहिँ मुश्किल पर्छ । राप्रपामा पनि अध्यक्ष राजेन्द्र लिङ्देन नयाँ अनुहार भएकाले मानिसहरुमा आशा पलाएको हो । पुराना पञ्चे अनुहारले भोट तानेको हुँदै होइन, कोही भ्रममा नपरे हुन्छ ।

तर नेपाली राजनीतिमा जे नहुनुपर्ने थियो, त्यही भयो चुनावपछि । अर्थात रास्वपा र राप्रपालाई जनताको म्याण्डेट सत्तामा गएर दुई चार वटा मन्त्रालय लिएर टिकटक बनाउनका लागि थिएन । राजसंस्था र हिन्दूराज्य पुनस्थापनाको मुद्दा लिएर चुनावमा गएको राप्रपा गणतन्त्रका मूख्य योजनाकार प्रचण्ड नेतृत्वको सरकारमा जानु आत्मघाती निर्णय हो । राप्रपा अध्यक्ष लिङ्देन र राप्रपाका अन्य नेताहरुले जनमत नै मिलेर जाऊ भन्ने खालको छ, त्यही भएर सरकारमा गएको भन्नु जस्तो हाँस्यास्पद कुरा केही हुन सक्दैन । त्यो लाज छोप्ने कुतर्क भन्दा अरु केही होइन । हिन्दू अधिराज्य पुनर्स्थापनाको नारा लगाएर चुनावमा जाने र गणतन्त्रवादी संविधान बनाउन सहयोग गर्ने कमल थापाकै अर्को रुप हो लिङ्देनको राप्रपा भन्दा पूर्वाग्रही भईदैन । आफ्नो सिद्धान्तमा सम्झौताहीन राजनीति गर्न नसक्नेहरुले आमूल परिवर्तन गर्न सक्दैनन् ।

अर्कोतर्फ रवि लामिछानेको राष्ट्रिय स्वतन्त्र पार्टीको राजनीतिक भिजन अझै प्रष्ट भएको छैन । लामिछानेले चुनाव अघि आफूहरुको सिद्धान्त मध्यदक्षिणपन्थ भन्ने बाहेक उनीहरुको प्रष्ट धारणा छैन ।



हतार हतारमा प्रदेशतर्फको उम्मेदवारी दिन नमिलेका कारण मात्रै उनीहरु संघीयता विरोधी जस्तो देखिएका हुन् । नत्र अहिलेको संविधानले अंगीकार गरेको व्यवस्थाकै पृष्ठपोषक हो, रास्वपा पनि । रास्वपाको उदय र उसको चुनाव चिन्हलाई लिएर पनि ठूलै आशंका गर्नेहरु पनि छन् । चर्चको घण्टीलाई चुनाव चिन्ह बनाएको र पश्चिमाहरुले शेरबहादुर देउवाबाट अब पार लाग्दैन भनेर रविलाई अघि ल्याएको भनेर आरोप लगाउनेहरु पनि प्रशस्तै छन् । सो पार्टीले यी विषयमा कुनै जवाफ दिएको छैन । सायद आफैं नागरिकता विवादमा परेकाले र अपर्झट गृहमन्त्रीको जिम्मेवारी सम्हाल्नु परेकाले लामिछाने यी विषयमा तत्काल बोल्न चाहेका छैनन् । तर रविको पार्टीलाई पनि सत्तामा गएर हालिमुहाली गर्ने जनादेश चाहिँ पक्कै होइन । विपक्षमा बसेर संसदलाई जीवन्त राख्नुपर्ने नै थियो ।

आशा गरिएका नयाँ अनुहारहरुमा पनि सत्ताभोगको प्यास देखिँदा नेपाली जनतामा फेरि निराशा बढेको छ । त्यसमाथि मन्त्री बनेर परिवर्तनको आभाष दिन्छु भन्नु ठूलो भ्रम हो । दुई तिहाइको बहुमतसहित प्रधानमन्त्री बन्दा पनि केपी शर्मा ओली निरीह देखिएका हुन् । आलीले पनि कुनै पनि नीतिगत परिवर्तन गर्न सकेका होइनन् । र, अहिलेका प्रधानमन्त्री प्रचण्डले पनि कुनै देखिने गरी परिवर्तन अर्थात जनताको पक्षमा काम गर्न सक्छन् भनेर आशा गर्नु बेकार छ ।

अर्कोतर्फ विदेशी शक्तिको क्रिडाभूमि बनिसकेको नेपालमा कति बेला कुन शक्तिले कसरी खेल्छ भन्ने टुंगो छैन । त्यसको पछिल्लो उदाहरण हो, नेपाली कांग्रेसले राष्ट्रपतिका लागि ऱ्याल चुहाउनु । आफ्नै कुवुद्धिले विपक्षमा पुग्दा पनि कांग्रेसलाई अझै पनि सत्ताको कुनै छेउमा ठाउँ पाइन्छ कि भन्ने लालच बाँकी नै छ । अरु त अरु कांग्रेसका युवा नेता भन्नेहरु पनि शीतलनिवासमा कांग्रेसको राष्ट्रपति पुग्छ भन्ने सपना बुनेर बसेका छन् । उनीहरुलाई यस्तो अवस्थामा पुर्याउने पहिलो त उनीहरुभित्रकै लोभी सोंच हो भने अर्को विदेशी शक्तिको चलखेल हो । राष्ट्रपतिको चुनावसम्म नेपालको राजनीतिमा के के हुन्छ भन्न सकिने अवस्था छैन । सत्ताका तुरुपहरु कसरी फ्याँकिन्छन् ? को को कसको मोहोरा बन्छन् वा विदेशीहरुले कता हुत्याउँछन् भन्न सकिने अवस्था छैन । जेसुकै भए पनि नेपालको राजनीति अब झन् ठूलो अस्थिरताको भूमरीमा फसेको छ । ठूलै क्षतिविना यो भूमरीबाट देश मुक्त होला भन्ने आशा गर्न पनि सकिदैन ।


## सुनकोशी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय, सिन्धुली

**सूचना सूचना सूचना**

१. बाल विवाहलाई निरुत्साहित गरौं र विवाह गर्ने उमेर २० बर्ष पछि मात्र गरौं/गराउन पहल गरौं ।
२. सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
३. निर्माण सामाग्री र चौपाया सार्वजनिक राजमार्गमा नराखौं/नछोडौं ।
४. सार्वजनिक जग्गामा घर टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
५. कर तिर्नु सबै नागरिकको कर्तव्य हो । " कर तिरौं सभ्य नागरिकको परिचय दिऊँ " ।
६. व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततीको भविष्य सुनिश्चित गरौं ।
७. अपाङ्ग, जेष्ठ नागरिक र एकल महिलाको परिचय-पत्र समयमै लियौं अधिकारको पुर्ण उपभोग गरौं ।
८. खुल्ला ठाउँमा दिसा पिसाब नगरौं र खुल्ला दिसा पिसाब मुक्त नगर अभियानमा सहयोग गरौं ।
९. साबुन पानीले हात धुने बानी बसालौं र अरुलाई पनि सिकाऔं ।
१०. कुपोषण न्युनिकरण गर्न "हरेक बार खाना चार" लाई प्रर्वधन गरौं ।
११. सार्वजनिक स्थलमा धुम्रपान, मद्यपान नगरौं/नगराऊँ ।
१२. हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरुलाई पनि सावधानी गराऊँ ।
१३. लैङ्गिक हिंसा विरुद्धको आवाज बुलन्द पारौं र त्यसको अन्त्य गरौं ।
१४. वैदेशिक रोजगारिमा जाँदा आवश्यक सूचना प्राप्त गरेर मात्र जाऊँ ।
१५. वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रुपमा स्वास्थ्य पक्षिण गराऊँ ।
१६. अपरिचित व्यक्तिले दिएका खानेकुरा नखाऊँ/खान नदिऊँ ।
१७. सद्भाव, भाइचारा, सहिष्णुता र स्वच्छ नैतिक सामाजिक सम्बन्धको विकासमा ध्यान दिऊँ ।
१८. ध्वनी प्रदुषणलाई नियन्त्रण गरौं कसैलाई पनि असर नपर्ने हिसाबबाट ध्वनी सन्तुलन कायम गरौं ।
१९. शहरी यातायातलाई व्यवस्थित र संरक्षित बनाउन ट्राफिक नियमको पालना गरौं ।
















# विज्ञापन व्यवसाय र विज्ञापन बोर्ड

**विज्ञापन बजारलाई पारदर्शी बनाउन विज्ञापन आचारसंहिताले पत्रपत्रिकाको वैज्ञानिक वर्गिकरणमा जोड दिएको छ । सञ्चारमाध्यमको अहिलेको वर्गिकरणले विज्ञापन योजना बनाउन सहयोग गर्दैन ।**



लक्ष्मण हुमागाईं

> पत्रपत्रिकाको वितरण, टेलिभजनको दर्शक विवरण (TRP), अनलाईन सञ्चारमाध्यमको भिजिटरका साथै सञ्चार माध्यमको प्रभाव, पहुँच र लोकप्रियताका साथै राजश्वमा गरेको योगदान, सिर्जना गरेको रोजगारी, लगानी लगायतका विषयमा वर्गिकरण गर्नु आवश्यक छ ।




## विषय प्रवेश :

नेपालमा विज्ञापन बजारले व्यवसायिक रुप लिएको २०४६ सालको परिवर्तन पछि हो । सञ्चारमाध्यममा भएको तीव्र विकाससँगै विज्ञापन बजारमापनि बढोत्तरी भयो । प्राय: सरकारी विज्ञापनमा मात्र सिमित त्यसअघिको विज्ञापन बजारमा निजी क्षेत्रपनि आकर्षित हुन पुग्यो । सामान विक्री गर्न वा जानकारी दिने प्रयोजनमा मात्र सिमित विज्ञापन बजार ब्राण्डिङ्ग तर्फ आकर्षित भयो । विक्नु ठूलो कुरा होइन टिक्नुपर्छ भन्ने अवधारणाको विकास भयो । त्यसैले पनि भ्रमपूर्ण विज्ञापनबाट तत्काल फाइदा उठाउनेहरु भन्दा ब्राण्ड निर्माण गर्ने तर्फ नेपाली उत्पादकहरु आकर्षित हुन थाले ।

कुनै समय यस्तो थियो विज्ञापनलाई खर्च ठानिन्थ्यो । समयको परिवर्तनले विज्ञापन खर्च होईन लगानी हो भन्ने विन्दुमा हामीलाई पुऱ्याएको छ र यो अवधारणाको विकास भएको छ । वास्तावमा विज्ञापन बजारमा भएको यो अभुतपूर्व परिवर्तनले विश्व विज्ञापन बजारको साथ साथ नेपाली विज्ञापन बजारलाई पनि बढोत्तरी गर्न मद्दत गरेको छ । विश्वमा यस्ता उत्पादन छन् जुन विश्वभर उपभोग गरिन्छन् । व्यापक विक्री हुन्छ, तैपनि अरबौंमा विज्ञापन खर्च छुट्याइन्छ । कोकाकोला जस्ता उत्पादनले आफ्नो ब्राण्ड निर्माण गर्न विज्ञापनमा खर्च नगरेको भए अन्य पेय पदार्थले त्यो स्थान लिन सक्थ्यो र विश्व बजारमा एकछत्र राज गर्न सक्दैनथ्यो । उसले गर्ने विज्ञापन विक्न होइन टिक्न हो । त्यसैले पनि त्यो खर्च होईन लगानी हो ।

## नेपालको विज्ञापन बजारका समस्या :

नेपाल विश्व बजारको तुलनामा सानो विज्ञापन बजार भएको मुलुक हो । वस्तु वा सेवा उत्पादनको दृष्टिले वा जनसंख्याको दृष्टिले पनि नेपाल अन्य देशको तुलनामा सानो हो । त्यसैलेपनि नेपालमा विज्ञापनका क्षेत्रमा खासै काम हुन सकेन । जसको कारण विज्ञापन बजार अत्यन्त अव्यवस्थित, अपारदर्शी तथा अनुत्तरदायी बन्न पुग्यो । विज्ञापन प्राप्त गर्न अनेकौं पापड बेल्ने र प्राप्त भएको विज्ञापन सञ्चारमाध्यममा पठाउन समेत घटाघट गर्ने प्रवृत्तिको विकास हुन पुग्यो । अवस्था यहाँसम्म पुग्यो आमसञ्चारका माध्यमहरु आफ्नो लागत भन्दा पनि तल झरेर विज्ञापन प्रकाशन तथा प्रसारण गर्न गराउन वाध्य हुन पुगे । सञ्चार तथा राजनीतिक क्षेत्रमा २०४६ सालको परिवर्तनले आमूल परिवर्तन ल्यायो । प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतालाई संवैधानमै सुनिश्चित गरियो । परिणामस्वरुप सञ्चार क्षेत्रको तीव्र विकास भयो । त्यसले विज्ञापन बजारमा बृद्दि त गरायो तर विज्ञापन बजारले धान्नै नसक्ने गरी सञ्चारमाध्यम खोल्ने र खोल्न दिने प्रवृत्तिले विज्ञापन पाउनै अनेकौ तानावाना बुन्ने चलनको विकास हुन पुग्यो । एउटा सञ्चारमाध्यममा विज्ञापन प्रकाशन तथा प्रसारण गर्नासाथ अन्य सञ्चारमाध्यमको लाईन लाग्न थालेपछि विज्ञापनदाता विज्ञापन दिन होइन रोक्न बाध्य हुने अवस्थामा पुगे ।

आमसञ्चार माध्यममा मात्र होइन स्थलगत विज्ञापन वा वाह्य विज्ञापनको बजार झन खराव अवस्थामा पुग्यो । माईतिघर चलचित्रको २०२६ सालमा राखिएको होर्डिङ्ग बोर्डदेखि यहाँ सम्म आईपुग्दा त्यस क्षेत्रलाई नियमन गर्ने कुनै कानून बन्न सकेन । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले विज्ञापन कर उठाउने प्रावधानलाई टेकेर पालिकभित्र कर उठाउने जिम्मा ठेक्कामा लगाउने प्रवृत्तिको विकास भयो । निश्चित रकम कवोल गर्ने र बढिभन्दा बढी उठाउने गर्नाले विज्ञापनदाता स्थलगत विज्ञापन गर्नबाट निरुत्साहित हुन पुगे । परिणाम स्वरुप विगत ७/१० बर्ष यता वहुराष्ट्रिय कम्पनिहरुले स्थलगत विज्ञापन गर्न रोकिदिँदा नेपालको एउटा ठूलो बजारमात्र खुम्चिएन स्थानीय तहले आम्दानीको स्रोत गुमाउन पुगे भने सरकारले राजश्व गुमायो । विज्ञापनदाताहरु सामाजिक सञ्जालतर्फ आकर्षित हुन पुगे । स्वदेशमा हुने विज्ञापन विदेशी मुद्रा तिरेर विदेशिन थाले ।

एकातिर स्वदेशी विज्ञापन बजार समस्या ग्रस्त छँदैथियो अर्कोतर्फ नेपालमा प्रसारण हुने विदेशी टेलिभजनहरुले निर्वाधरुपमा विज्ञापन प्रसारण गरिरहेका थिए । जसको कारण वहुराष्ट्रिय कम्पनिहरु नेपाली टेलिभिजनहरुमा विज्ञापन दिन आकर्षित हुन सकिरहेका थिएनन् । दर्शकहरु विदेशी च्यानल हेरेवापत रकम तिर्न र विज्ञापन हेर्न समेत वाध्य थिए । यो समस्याको निराकरणको लागि विज्ञापनरहित नीति २०७३ साल श्रावण ६ गते मन्त्रीपरिषद्‌बाट जारी भयो । नीतिले २०७४ साल श्रावण १ गतेदेखि नेपालमा प्रसारण हुने टेलिभजनहरु विज्ञापनरहित हुनुपर्ने व्यवस्था गरेको थियो । सरोकारवालाको विरोध र सरकारकै उदासिनताले उक्त नीति कार्यान्वयनमा आउन सकेन । फलस्वरुप विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ संसदले पारित गरी २०७६ साल कार्तिक ८ गते मात्र जारी भयो ।

## समस्या समाधानमा भएको पहल:

समस्याग्रस्त विज्ञापन बजारमा नियमनको पहल उक्त ऐन जारी भएसँगै प्रारम्भ भएको छ । बग्रेल्ती समस्या रहेको बजारमा जादुको छडिको जस्तो गरी समस्या समाधान गर्न भने कठिन थियो र छ । विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ ले नियमक निकायको रुपमा विज्ञापन बोर्डको गठन गर्ने व्यवस्था गरेपनि बोर्ड गठन हुन र पूर्णता पाउन झण्डै दुई वर्ष कुर्नु पऱ्यो । बोर्ड गठनको करिव डेढ बर्षको अवधिमा विज्ञापन आचारसंहिता जारी भएको छ भने विज्ञापनको राष्ट्रिय नीति ल्याउने तयारी भइरहेको छ । बोर्डले स्थलगत विज्ञापनका क्षेत्रमा देखिएका समस्याको अध्ययन सम्पन्न गरी समाधानको उपाय निकालेको छ । त्यसकालागि विज्ञापनको नियमावली संशोधन गर्ने तयारी बोर्डले गरेको छ । बोर्डले विज्ञापनको अनुगमनको काम गरिरहेको छ । विदेशी च्यानलबाट प्रसारण हुने विज्ञापनलाई रोक लगाईएको छ भने डविङ्ग गरिएका विज्ञापन प्रसारणमा समेत रोक लगाइएको छ । विज्ञापन व्यवसायमा संलग्न व्यक्तिहरुको क्षमता विकास तथा उपभोक्ता सचेतना कार्यक्रम सञ्चालन गरिएको छ । विज्ञापन कारोवार गर्ने सञ्चारमाध्यम तथा विज्ञापन एजेन्सीलाई बोर्डमा सूचीकरण गराई नियमनको दायरामा ल्याउने काम भएको छ ।

विज्ञापन बजारको विकास र विस्तारकालागि विज्ञापनदातालाई विज्ञापनप्रति आकर्षित गराउने काम थालिएको छ । विज्ञापनदाताले भोगेका समस्या सुन्ने र तिनको निराकरण गर्ने काममा बोर्ड लागेको छ । सरकारी विज्ञापनमा देखिएको अनियमिततालाई कम गर्न सञ्चारमाध्यमको विजकको आधारमा एजेन्सी कमिशन खुल्नेगरि जारी भएको विलमा मात्र भुक्तानी गर्न निर्देशन जारी गरिएको छ । स्थानीय विज्ञापनलाई सकेसम्म स्थानीय सञ्चारमाध्यममै प्रकाशन तथा प्रसारण गर्न गराउन पहल थालिएको छ ।

## विज्ञापन आचारसंहिता र पारदर्शिता :

नेपालको विज्ञापन बजारको मूख्य समस्या पारदर्शिता हो । जबसम्म विज्ञापन बजार पारदर्शिता हुँदैन, यस पेशा व्यवसायमा संलग्न व्यक्ति वा संस्थाको मर्यादा बढ्‌न सक्दैन । एक अर्कामा अविश्वास गरेर हुने कारोबार दीर्घकालसम्म चल्न सक्दैन । विज्ञापनलाई पेशा वा व्यवसाय बनाउने विज्ञापनदाता वा तिनमा कार्यरत ब्राण्ड मेनेजर वा पब्लिक रिलेशन अफिसर, सञ्चारमाध्यम वा तिनमा कार्यरत मार्केटिङ्ग अफिसर तथा विज्ञापन एजेन्सीका लगानीकर्ता वा त्यहाँ कार्यरत व्यक्तिले छोटो समयका लागि लाभ लिन सक्लान् तर त्यो दिगो भने हुँदैन । त्यसैले विज्ञापन बजारलाई पारदर्शी बनाउन विज्ञापनको आचारसंहिता जारी गरिएको हो । विज्ञापन व्यवसायलाई स्वच्छ, मर्यादित, पारदर्शी एवं उत्तरदायी बनाउन विज्ञापन बोर्डले विज्ञापन उत्पादन, वितरण, प्रकाशन तथा प्रसारण सम्वन्धी आचारसंहिता, २०७९ जारी गरेको छ । २०७९ जेठ ३० गते बोर्डको निर्णयले जारी गरेको यो आचारसंहिता कार्यान्वयनमा आइसकेको छ । विज्ञापन बजारलाई तथ्यमा आधारित बनाउन र भ्रमपूर्ण विज्ञापन हुन नदिन यो आचारसंहिता कार्यान्वयनमा ल्याईएको हो ।

विज्ञापन बजारलाई पारदर्शी बनाउन विज्ञापन आचारसंहिताले पत्रपत्रिकाको वैज्ञानिक वर्गिकरणमा जोड दिएको छ । सञ्चारमाध्यमको अहिलेको वर्गिकरणले विज्ञापन योजना बनाउन सहयोग गर्दैन । पत्रपत्रिकाको वितरण, टेलिभिजनको दर्शक विवरण (त्व्ए), अनलाईन सञ्चारमाध्यमको भिजिटरका साथै सञ्चार माध्यमको प्रभाव, पहुँच र लोकप्रियताका साथै राजश्वमा गरेको योगदान, सिर्जना गरेको रोजगारी, लगानी लगायतका विषयमा वर्गिकरण गर्नु आवश्यक छ । वर्गिकरणको आधारमा दररेट कायम गर्ने तथा निर्धारित दररेटमा कारोबार गराउन बोर्डले पहल गरिरहेको छ ।

आचारसंहिताको अर्को महत्वपूर्ण पक्ष भुक्तानीमा नियमितता हो । विज्ञापन बजारमा विज्ञापनदाता, विज्ञापन एजेन्सी तथा सञ्चारमाध्यम बीच दुई वा त्रिपक्षीय सम्झौताको आधारमा कारोबार भएको भए सम्झौतामा उल्लेखित समयावधिमा र कार्यादेशका आधारमा कारोबार भएको भए विज्ञापनदाताले विज्ञापन एजेन्सीलाई एक महिनाभित्र र विज्ञापन एजेन्सीले सञ्चारमाध्यमलाई दुई महिना भित्र भुक्तानी गर्नुपर्ने व्यवस्था गरेको छ । समयमा भुक्तानी नगर्ने विज्ञापनदाता वा विज्ञापन एजेन्सीको कारोबार रोक्का सम्म गर्नसक्ने व्यवस्था आचारसंहितामा गरिएको छ ।

यी सवै कार्यका लागि बोर्डले सञ्चारमाध्यम र विज्ञापन एजेन्सीलाई सूचीकरणको काम गरिसकेको छ भने बोर्डमा सूचीकरण नभएका सञ्चारमाध्यम तथा विज्ञापन एजेन्सीसँग कारोबार नगर्न विज्ञापन व्यवसायमा संलग्न व्यक्ति तथा संस्थालाई निर्देशन दिइएको छ । बोर्डले अनलाईन सञ्चारमाध्यमलाई समेत सूचीकरण गर्न आह्वान गरिसकेको छ । बोर्डले छिट्टैनै टेलिभजनको त्व्ए पत्रपत्रिकाको वर्गिकरणका साथै दर्शक तथा भिजिटरको तथ्यंक संकलन गर्ने प्रविधि जडान गरी नियमित तथ्याङ्क प्रकाशन गर्ने तयारी गरेको छ । यसबाट विज्ञापन योजना निर्माण गर्नमात्र होइन निश्चित भूगोल तथा जनसंख्यामा पुग्ने सञ्चारमाध्यम पत्तालगाउन सकिनेछ ।

## विज्ञापनको राष्ट्रिय नीति र विज्ञापन बजारको विकास र विस्तार :

नेपालमा विज्ञापनको राष्ट्रिय नीति अहिले सम्म बन्न सकेको छैन । आमसञ्चार सम्वन्धी नीति २०४९ देखि आमसञ्चार नीतिको एक अंगको रुपमा विज्ञापन सम्वन्धी विषय उल्लेख हुदै आएको छ । यसले आमसञ्चार माध्यममा हुने विज्ञापनलाई मात्र समेटेपनि समग्र विज्ञापन बजारलाई समेट्‌न नसक्दा अन्य प्रकारका विज्ञापन ओझेलमा परेका छन् । आमसञ्चार जतिकै रकममा कारोबार हुने स्थलगत विज्ञापनको क्षेत्रलाई समेट्‌न नसक्दा स्थानीय तहले अरबौंको आम्दानी गुमाएका छन् भने राज्यले करोडौको राजश्व गुमाएको छ । विज्ञापनको राष्ट्रिय नीतिले आमसञ्चार माध्यममा हुने विज्ञापनको अतिरिक्त स्थलगत विज्ञापन, डिजिटल माध्यम तथा सामाजिक सञ्जालमा हुने विज्ञापनको साथै चलचित्र गृह, नाट्यशाला लगाएतका स्थानमा हुने विज्ञापनलाई समेत समेट्‌ने छ ।

विज्ञापनको राष्ट्रिय नीतिले विज्ञापनको नियमनलाई थप प्रभावकारी बनाउने, विज्ञापन बजारलाई विकास र विस्तार गर्न दिशा निर्देश गर्ने तथा विधमान ऐन तथा नियमावलीमा समेट्‌न नसकिएका क्षेत्र तथा विषयलाई समेट्‌नेछ । विज्ञापनको राष्ट्रिय नीतिले विज्ञापनचक्रमा सहभागी विज्ञापनदाता, विज्ञापन एजेन्सी, सञ्चारमाध्यम, उपभोक्ताका साथै सरकारलाई समेत समेट्‌ने छ । विज्ञापनको राष्ट्रिय नीति निर्माणमा विज्ञापन बोर्डले सरोकारवालाहरुसंग छलफल गरिरहेको र त्यसलाई अन्तिम रुपदिने तयारीमा रहेको छ ।

## अन्त्यमा :

विज्ञापनका क्षेत्रमा केही वर्षयता कामहरु अघि बढेका छन् । नियमनकै दायरामा नरहेको र आधिकारिक निकायको अभावमा अव्यवस्थित भएको विज्ञापन क्षेत्र नियमनको दायरामा आएको छ । विदेशी च्यानलबाट निर्वाध प्रसारण हुने विज्ञापन रोकिएका छन् । नियमक निकाय गठन भई नियमनको काम प्रारम्भ गरेको छ । विज्ञापनको आचारसंहिता जारी भई अनुगमन हुन थालेको छ । सरकारी विज्ञापनलाई व्यवस्थित र पारदर्शी बनाउने कार्य प्रारम्भ भई पत्राचार गरिएको छ । सरकारी विज्ञापनलाई विज्ञापन बोर्डमार्फत समानुपातिक वितरण गर्ने प्रयास जारी छ ।

विज्ञापन व्यवसायमा संलग्न सवै पक्षको सहभागीतामा राष्ट्रिय नीति ल्याउने काम अन्तिम चरणमा पुऱ्याईएको छ । स्थलगत विज्ञापनलाई व्यवस्थित बनाउन नियमावलीको मस्यौदा तयार भएको छ । विज्ञापनलाई लैङ्गिकमैत्री बनाउन विज्ञापन उत्पादनमा संलग्न व्यक्तिहरुसँगको छलफल अघि बढेको छ । विज्ञापन व्यवसायमा संलग्न व्यक्तिको क्षमता विकासको काम थालिएको छ । प्रदेश तथा स्थानीय स्तरमा विज्ञापनको अनुगमन संयन्त्र निर्माण गरी अनुगमनको काम तिनै सम्यन्त्र मार्फत गराउने तयारी गरिएको छ । लोककल्याणकारी विज्ञापनको भुक्तानी सम्वन्धित जिल्लाबाटै हुने व्यवस्था मिलाइएको छ । विज्ञापन बोर्डका सबैकाम अनलाईन प्रणाली मार्फत गर्ने व्यवस्था मिलाईएको छ ।

छोटो अवधिमा सम्पन्न भएका यी कामले बोर्डलाई काम गर्ने उत्साह थपेको छ । भविश्यमा पनि सबै सरोकारवालाको सहयोग र सल्लाहबाट विज्ञापन बोर्ड थप उपलव्धी हासिल गर्ने तथा यस क्षेत्रमा प्रत्यक्ष रुपमा संलग्न करिव पाँच हजार र अप्रत्यक्ष रुपमा यस व्यवसायमा आवद्द सबैको हितमा बोर्डले काम गर्नेछ । सबै माध्यम गरी करिव ५० अर्बको यो बजारको व्यवस्थित सञ्चालमा विज्ञापन बोर्ड निरन्तर सक्रिय रहने छ ।

*(लेखक हुमागाईं विज्ञापन बोर्डका कार्यकारी अध्यक्ष हुन्)*

शारदा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
खलंगा, सल्यान
कर्णाली प्रदेश, नेपाल

सूचना सूचना सूचना

१. बाल विवाहलाई निरुत्साहित गरौं र विवाह गर्ने उमेर २० बर्ष पछि मात्र गरौं/गराउन पहल गरौं ।
२. सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
३. निर्माण सामाग्री र चौपाया सार्वजनिक राजमार्गमा नराखौं/नछोढौं ।
४. सार्वजनिक जग्गामा घर टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
५. कर तिर्नु सबै नागरिकको कर्तव्य हो । "कर तिरौं सभ्य नागरिकको परिचय दिऊँ" ।
६. व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततीको भविष्य सुनिश्चित गरौं ।
७. सबै बालबालिकालाई विद्यालय पठाऊँ, कुनै बालबालिकालाई शिक्षाबाट वञ्चित नगराउ साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
८. खुल्ला ठाउँमा दिसा पिसाब नगरौं र खुल्ला दिसा पिसाब मुक्त नगर अभियानमा सहयोग गरौं ।
९. साबुन पानीले हात धुने बानी बसालौं र अरुलाई पनि सिकाऔं ।
१०. कुपोषण न्युनिकरण गर्न "हरेक बार खाना चार" लाई प्रर्वधन गरौं ।
११. सार्वजनिक स्थलमा धुम्रपान, मद्यपान नगरौं/नगराऊँ ।
१२. हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरुलाई पनि सावधानी गराऊँ ।
१३. लैङ्गिक हिंसा विरुद्धको आवाज बुलन्द पारौं र त्यसको अन्त्य गरौं ।
१४. वैदेशिक रोजगारिमा जाँदा आवश्यक सूचना प्राप्त गरेर मात्र जाऊँ ।
१५. वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रुपमा स्वास्थ्य पक्षिण गराऊँ ।
१६. अपरिचित व्यक्तिले दिएका खानेकुरा नखाऊँ/खान नदिऊँ ।
१७. सद्भाव, भाइचारा, सहिष्णुता र स्वच्छ नैतिक सामाजिक सम्बन्धको विकासमा ध्यान दिऊँ ।
१८. ध्वनी प्रदुषणलाई नियन्त्रण गरौं कसैलाई पनि असर नपर्ने हिसाबबाट ध्वनी सन्तुलन कायम गरौं ।
१९. शहरी यातायातलाई व्यवस्थित र संरक्षित बनाउन ट्राफिक नियमको पालना गरौं ।
२०. बसोबास स्थल, छर छिमेकमा बाधा पर्ने गरी कुखुरा, बंगुर र सुंगुर नपालौं ।
२१. अपाङ्ग, जेष्ठ नागरिक र एकल महिलाको परिचय-पत्र समयमै लियौं अधिकारको पुर्ण उपभोग गरौं ।
२२. ऐतिहासिक पहिचान बनाऔं । पुरातात्विक बस्तुहरुको संरक्षण गरौं ।

गोकर्णेश्वर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
जोरपाटी, काठमाडौं
बागमती प्रदेश, नेपाल

उपभोक्ता हित संरक्षणमा जारी सूचना

उद्योग तथा व्यवसायका लागि :

१. बिक्रेताले बिक्री वितरण हुने समानको मुल्यसूची स्पष्टरुपमा देखिने गरी बिक्री कक्षमा राख्नुपर्नेछ ।
२. नापतौल यन्त्र खरिद गरेको ३५ दिन भित्र अनिवार्य रुपमा नापतौल कार्यालयबाट अनुमतिपत्र लिई मात्र प्रयोग गर्ने ।
३. आफुले प्रयोग गरेको नापतौल तथा नाप्ने, तौलने यन्त्रहरु (ढग, काँटा, लिटर, मिटर) तोकिएको समयमा जाँच तथा नवीकरण गराउने ।
४. नापतौल तथा नाप्ने तौलने यन्त्रहरु बिक्री गर्नु परेमा अनिवार्य रुपमा सम्बन्धीत नापतौल कार्यालयबाट इजाजत पत्र लिएर मात्र बिक्री वितरण गर्ने ।
५. खरिद गरेको सामानको नाप वा तौल शंका लागेमा पुन: तौल गर्न लगाउने ।
६. नापतौल सम्बन्धी कुनै शंका वा गुनासो भए गुणस्तर तथा नापतौल कार्यालयमा जानकारी/उजुरी दिने ।
७. होटल व्यवसायमा खानेकुराको सम्पर्कमा आउने सम्पूर्ण उपकरण, भाँडा, वर्तन तथा सतहलाई खानामा प्रयोग गर्ने सकिने जीवाणुनासक वस्तु (सेनिटाईजर) र तातोपानी प्रयोग गरी सरसफाई गर्नुपर्ने छ ।
८. किट (हानिकारक जीव)हरुको नियन्त्रण गर्ने पर्याप्त व्यवस्था हुनुपर्ने छ ।
९. बिमारी परेका वा झाडापखाला लागेका भनिएका कामदारहरुलाई पछिल्लो पटक त्यस्तो लक्षण देखिएको दिन देखि ४८ घण्टासम्म काममा नलगाउने ।
१०. खाने (पकाउने) तेल एउटा पदार्थ पकाईसकेपछी नियमितरुपमा फेरवदल गर्नुपर्नेछ ।
११. खानेकुरालाई कम्तिमा ७५ डिग्री सेल्सियस तापक्रममा पुग्ने गरि राम्ररी पकाउनु पर्नेछ ।
१२. बासी सडेगलेका, अस्वाभाविक गन्ध, रंग तथा स्वाद भएका खाद्यपदार्थ उपभोग नगरौं ।
१३. मासु, दुग्ध पदार्थ, माछा तथा अण्डा लगायत छिटो सडीगली जाने खानेकुराहरुलाई ५ डिग्री सेल्सियस वा सो भन्दा तलको तापक्रममा रेफ्रिजेनेरेटरमा भण्डारण गर्ने र त्यसमा भण्डारण मिति तथा समय ठिकसँग लेवल लगाउनु पर्नेछ ।
१४. पकाएको खानेकुरालाई छोपेर जतिसक्दो चाडो २ घण्टा भित्र ५ डिग्री सेल्सियसको तापक्रममा राख्नु पर्नेछ ।
१५. तोकिएको परिधिभित्र मात्र खाद्य रंग तथा अन्य प्रयोग गर्ने स्वीकृत योगशील प्रयोग गर्ने ।
१६. स्वच्छ पानी र स्वच्छ कच्चा पदार्थको प्रयोग गर्ने ।
१७. ढाँटी झुक्काइ कम गुणस्तरको खाद्य वस्तु बिक्री वितरण नगर्नु र अभिलेख व्यवस्थित तवरले राख्ने ।
१८. दुग्ध उत्पादक संकलनकर्ता, प्रशोधनकर्ता, उद्योगी र बिक्रेताले दुध तथा दुग्धपदार्थको स्वच्छता एवं गुणस्तर सम्बन्धी निर्देशिका, २०७५ मा व्यवस्था भएका स्वच्छता एवं गुणस्तर सम्बन्धी मापदण्डहरु पालना गरेर मात्र दुध तथा दुग्ध पदार्थको उत्पादन, संकलन, प्रशोधन र बिक्री वितरण गरौं ।
१९. उद्योग व्यवसाय सञ्चालनका लागि अनिवार्य सरकारी निकायबाट अनुमति लिनुपर्ने छ र अनुमति ग्राहक तथा उपभोक्ताले देख्नेगरी राख्नु पर्नेछ ।

वस्तु तथा सेवामा समान पहुच, गुणस्तरीय वस्तुको छनौट, मुल्य परिणाम, परिणाम शुद्धता र गुणस्तर स्वस्थ्यमा हानि पुऱ्याउने वस्तु तथा सेवाको बिक्री वितरणबाट सुरक्षा अनुचित व्यापारिक तथा व्यवसायजन्य क्रियाकलाप विरुद्ध उजुरी प्रयोग गरिएका वस्तुबाट भएको हानि नोक्सानी विरुद्ध क्षतिपूर्ती अधिकार प्राप्त अधिकारीबाट सुनुवाई र उपभोक्ता शिक्षा पाउने तपाईको अधिकार हो । आफ्नो कर्तव्य र अधिकारप्रति सचेत रहौं ।

# बुद्ध शिक्षाको अपरिहार्यता

मनबाट उत्पन्न हुने तृष्णा मानिसको जन्म पछि उत्पन्न हुने सबैभन्दा ठूलो सत्रु हो । जसका कारण मानिस अनेक सोचिरहन्छ र सधै दुःख बोकिरहन्छ । एक पछि अर्को दुःखको उत्पत्ति गराई रहन्छ । तृष्णाले भोग गर्ने इच्छा राख्दछ । यो कहिल्यै पूर्ण हुँदैन ।



डा. उद्धव पुरी



मानिस आफूले नबिर्सने र सधैं सम्झने जन्मदिन हो । तर उसले त्यो दिन अरुले सम्झाइ दिएपछि मात्र थाहा पाउछ । जन्मदैको समय वा सोहीपलदेखि स्मरणमा हुदैन । त्यसैले यो मानिसले मान्ने पहिलो मिथ्या हो । यता मृत्यु मिथ्या संसारमा रमाउने कसैले पनि जान्न सक्दैन । जुन सत्य अकाट्य छ । कसैले त्यसलाई आफ्नो बहसमा राख्न सक्दैन । जन्मले नै मृत्यु पछ्याएर आएको हुन्छ । बुद्धको बचन छ कि सुनेको र देखेको सत्य भएपनि तथ्यपरक नहुन सक्छ । जस्तो कि कुनै घटना भैरहदा हामीले देखेको वा देख्नेबाट सुनेको त घटना विवरण मात्र हो । जुन हुनुपूर्व के भएको थियो वा त्यो हुनुमा के कारक तत्व थियो, त्यो भैसकेको हुन्छ । त्यसको कारण, कारक वा परिणाम सबैले चाल नपाउन पनि सक्दछन् । वास्तवमा सत्य के पनि हो भने जन्म दुःखको सुरुवात हो । जुन मानिसले मृत्युको नजिकसम्म भोगिरहन्छ । यो चक्रलाई फल धर्म भनिन्छ । यो फल धर्म मिथ्या हो र फल धर्मद्धारा बनेको संसार नासवान छ । यी सबको आयु हुन्छ र सकिन्छ । कार्य कारण र परिणाम चाहे सुखद होस् वा दुःखद् त्यो फरक फरक समयमा बेग्ला बेग्लै हुन सक्दछ । तर प्रज्ञा वा ज्ञान कहिल्यै मिथ्या हुदैन । बुद्धले आफू महापरिनिर्वाण हुनुपूर्व दुःख भएिको संसारको जन्म र मृत्युबाट मुक्त हुन शीलवान र शुशिल बन्न सुझाएका छन् र यो मनलाई बहसमा राख्न सक्नेलेमात्र गर्न सक्दछ भनेका छन् । अर्थात उनले मानिसको मन नीच छ, पतन छ र भड्कने गर्दछ भन्दै र दुःखबाट मुक्त हुन आफ्नो मनको सुरक्षा र रक्षा गर्न सक्नु पर्दछ भनेका छन् । त्यसैसे शील र समाधिको कुशल अनुसरणबाट प्राप्त प्रज्ञा नै मानिसको जीवनको मृत्यु अगाडिको मार्ग हुनुपर्दछ । जसवाट अरुको मुक्तिको लागि मार्ग निर्देश हुन्छ भने आफू पनि भय रहित मृत्युमा जानसक्दछ । तर हामीले यो मार्ग अपनाउन सकिरहेका छैनौं । हामी जन्म पछिको शील, समाधि र प्रज्ञाको मार्गमा भन्दा जन्ममा गौरव गरिरहेका छौं । जन्मको खुसी र मृत्युको दुःख प्रज्ञावान मानिसको लागि उल्टो सस्मरण हो । सत्यले खुसी र दुःख दुबै समान देख्छ । जुन भएपछि हुन्छ नै ।

बुद्धको बुद्ध जीवन र महापरिनिर्वार्णसँग एउटा रोचक पक्ष रहेको छ । जसलाई बुद्धले सहज रुपमा स्वीकारेका छन् । भोजन जुन उनको ज्ञान प्राप्तिको र मृत्युको पनि कारण बन्यो । दुबै भोजन थियो । दुबै उनले दानबाट प्राप्त गरेका हुन् । बुद्धगयमा तपस्यात रहदा सुजाताले दान गरेका क्षीर सेवन गरेको रातमा उनले ज्ञान प्राप्त गरे भने कुशीनग मार्गको पावा गाउको चुन्द सुनारको भोजन दान सेवन गरे पछि महापरिनिर्वाण हुन पुगे । सुजाता खुसीपात्र बनिन् । उनले तयार गरेको भोजन बुद्धले खाए र गौतम सिद्धार्थले बुद्धत्व प्राप्त गरे । उनी सधैका लागि बुद्धको नामसँग जोडिन पुगिन् । उता बुद्धको अन्तिम समयमा जोडिन पुगेका सुनारको भोजन दान स्वीकारे पछि बुद्धको शारीरिक अवस्था निकै खराब भयो र सुनार दुःखी मात्र भएनन् डर र त्रासमा पनि रहे । उनले आफूमाथि ठूलो दोष वा अपजस आउने देखे । तर बुद्धले उक्त कुरा चाल पाएपछि उनलाई सम्झाउन पठाए र सुनारको मन बुझाए । उनी पनि बुद्धसँग सधैका लागि जोडिए । बुद्धलाई थाहा थियो कि एक समय पुगेपछि आयु पूर्ण हुन्छ । जुन उनको लागि हुदैछ । बुद्धले सुजातालाई पहिलो कुशल उपासिका र सुनारलाई अन्तिम कुशल उपासकका रुपमामात्र लिए । बुद्धका लागि दुबै समान रहे ।

त्यसैले मनबाट उत्पन्न हुने तृष्णा मानिसको जन्म पछि उत्पन्न हुने सबैभन्दा ठूलो सत्रु हो । जसका कारण मानिस अनेक सोचिरहन्छ र सधै दुःख बोकिरहन्छ । एक पछि अर्को दुःखको उत्पत्ति गराई रहन्छ । तृष्णाले भोग गर्ने इच्छा राख्दछ, यो कहिल्यै पूर्ण हुँदैन । संसारिक विषयवस्तुहरु असीमित छन् । तृष्णाबाट उत्पन्न आफूले सोचेको जस्तो यो जन्ममा भोग्न नपाएको कुराहरु अर्को जन्ममा भोग्ने इच्छा राख्दछ । जुन चाहना क्लेश मुक्त नभएको अवस्था हो । र, फेरिपनि दुःखकै मार्गको खोजी हो । दुःख निरोघ वा सत्य मार्ग भनेको आर्य अष्टाक्तिक मार्ग हो । जसले जन्म र मृत्यु बीचको सही वा सत्य बाटो देखाउदछ । जहाँ जन्ममा अत्याधिक खुसी र मृत्युमा अत्याधिक दुःख पीडा हुँदैन । बौद्ध शिक्षा अनुसार मानिसले सम्यक् दृष्टिबाट आफ्नो सोंच र कार्यको थालनी गर्नुपर्दछ । अर्थात आफूले गर्ने कर्म र त्यसपछिको परिणाम वा फलप्रति ठीक विचारधारा हुनु पर्दछ । त्यसैगरी मानिसले कार्य थालनी गर्दा सम्यक् संकल्प गर्नु पर्दछ । यसलाई बहुजन हितायको रुपमा हेरिन्छ । क्लेश, द्वेष र हिंसा नभएको संकल्प । जसले न अरुलाई दुःख दिन्छ न त आफूलाई दुःख बढाउछ । सम्यक् वचन र सम्यक् कर्मान्त अर्को महत्वपूर्ण पक्ष हो । जुन आजका मानिसहरुका लागि पूर्णतः असम्भव जस्तै देखिन्छ । हामीले बोल्ने वचन र गरिने आचरण अरुलाई तनाव दिने, झुक्क्याउने र व्यभिचारी बनाउने खालको हुने गर्दछ । त्यसको ठीक विपरित झूटो नबोल्नु, कठोर वचन नगर्नु र कुकर्म नगर्नु नै सत्य मार्ग हो । माथिका व्यवहारहरुले सम्यक् जीवन बनाउदछ र सम्यक् व्यायम गराउदछ । सम्यक् जीवनले मिथ्या आजीवनबाट टाढा गराउदछ । अर्थात आफूलाई क्षणिक फाइदा हुन्छ भनेर अरुको नाशको कारक नबन्न सघाउदछ । त्यसैले बुद्ध निकायहरुमा शस्त्र अस्त्रको, मानिस र पशुको, प्राणीको मासुको, मदिरा र विषको व्यापार नगर्नु भनिएको छ । जुन व्यवहारले मानिसमा जीवन जीउन ठीक प्रयत्नको चेतना बढाउदछ । यो विश्व शान्ति र प्राणी हीतको यथार्थ मार्ग पनि हो । यो अहिले अधिक मानिसमा हुन सकिरहेको छैन । मानिसमा यी गुणहरु आवद्ध नहुँदा होस् गुमाईराखेका छन् अर्थात सम्यक् स्मृतिमा छैनन् । जुन कुरामा होसियार र जागरुक हुनुपर्ने हो, उल्टो भैरहेको छ । फलस्वरुप सम्यक् समाधिमा लीन हुन सकिरहेका छैनन् । यी आठ मार्गहरु जन्म र मृत्यु पर्यान्त हुनुपर्ने मार्गहरु हुन् । बौद्ध परम्परामा सम्यक् दृष्टि र सम्यक् संकल्प प्रज्ञा, सम्कयक् वचन, सम्यक् कर्मान्त र सम्यक् जीवन शील तथा सम्यक् व्यायाम, सम्यक स्मृति र सम्यक् समाधिलाई समाधिका रुपमा विभक्त गरी पनि हेरिन्छ । प्रज्ञा, शील र समाधिमा पूर्ण हुन सक्नु त बुद्ध हो । त्यसका केही कुशल कार्यमा लाग्नु नि दुःख निरोध मार्ग हो । जुन मानिसको स्मरण क्षमता बनेपछि देखिन्छ र गर्न थाल्नु पर्दछ ।

धम्मपदमा भनिएको छ कि फल प्राप्तिको लागि समय लाग्छ । त्यो धेर-थोर हुनसक्छ । मानिस अकुशल कर्मको फल भोग गर्न नपरुञ्जेलसम्म आफ्नो खराव कामलाई पनि मह जस्तो ठान्दछ, जुन आफैंले भोग्नु पर्छ अनि दुःखी बन्छ । धम्मपदमै अर्को एउटा प्रसँग पनि छ, जसमा भनिएको छ कि प्रेमी र अप्रेमी दुबैको संगत नगर । किनभने प्रेमीलाई नदेख्दा र अप्रेमीलाई देख्दा दुःख हुन्छ । जसलाई मानिसहरु सहज रुपमा बुझ्दैनन् र त्यसलाई नमान्नुनै व्यवहारिक ठान्दछन् । जुन हामी गरिरहेका र भोगिरहेका छौं । यो दुःखको बन्धन हो । जसले सत्यलाई बुझेको हुन्छ उसका लागि प्रिय र अप्रिय नै हुदैन । वास्तवमा पुण्यमात्र स्वागतयोग्य कुरा हो । यो मैत्री र करुणासँग आवद्ध हुन्छ । जसलाई सहज रुपमा लिन सक्नु पर्दछ ।

प्रकृति नै यो संसारमा सत्य थियो, सत्य छ र सत्य रहिरहन्छ । त्यस्तै जन्म र मृत्यु पनि । जस्तो कि कुनै पनि वस्तुको गुण हुन्छ । जबसम्म त्यसमा मिसावट हुदैन त्यो सत्य रहन्छ । मिसावट दीर्घ हुँदैन र छुटिएर फेरि सत्य हुन्छ । यो पनि सत्य हो कि जन्मने बित्तिकै र मृत्यु अवधिमा मानिसले केही गर्न सक्दैन । सूर्य रहुञ्जेल ताप दिन्छ र चन्द्रमा रहुञ्जेल शितल दिन्छ । प्रकृतिको निरन्तरतामा कुनै दोष हुदैन । एउटा तथ्य हामी बिनाशकारी भूकम्प भन्छौं । यो गलत शब्दको प्रयोग हो । बिनाश ती कुराहरुको हुन्छन् जुन प्रकृतिका नियम बिपरीत मानिसले गरेका छन् । त्यसैले अनुमान गर्नु असत्य हो । जुन सधै सत्य हुदैन । हामी धेरै मिथ्या र थोरै सत्यतामा अल्झेका छौं । बुद्धले फल धर्मबाट बनेको संसार नाशवान छ भनेका छन् । मानिसको शरीर पनि त्यही हो र जन्म पछिको तृष्णाले उब्जाएको दुःखबाट मुक्ति पाउने मार्ग बेलैमा किन नअँगाल्ने यो एकान्तमा सोच्ने बिषय हो । खराब मानिसहरुको भीडमा क्षणिक रमाइलो हुन्छ तर एकान्तमा सत्य भेटिन्छ र खुशी होइन्छ । बुद्धले बरु एक्लै हिंड खराब साथीको संगत नगर भनेका छन् । त्यसैले बुद्ध शिक्षा जन्म र मृत्युको सुख र दुःखको मिथ्यामा भन्दा अमूल्य जीवनलाई सार्थक बनाउन उपयोगी मार्ग हो । जुन बुद्ध, धर्म र संघको माध्यमले पूर्ण हुन्छ ।

" बौद्ध परम्परामा सम्यक् दृष्टि र सम्यक् संकल्प प्रज्ञा, सम्कयक् वचन, सम्यक् कर्मान्त र सम्यक् जीवन शील तथा सम्यक् व्यायाम, सम्यक स्मृति र सम्यक् समाधिलाई समाधिका रुपमा विभक्त गरी पनि हेरिन्छ ।












# उत्साही युवा मन

एकोहोरो राज्य व्यवस्थाको सत्तोसराप गर्ने तर आफूले सिन्को भाँच्न जाँगर नचलाउने धेरै छन् । तिनीहरु नै देशमा केही छैन, वातावरण बनाउन सकिएन, राजनीतिक किचलोले देश वर्वाद भयो भन्ने कोकोहोलो मच्चाएर नेगेटिभ ब्राण्डिङ गर्न माहिर छन् ।



अस्मिता बम

पछिल्लो समय फेरिदो देशको राजनीतिक डिस्कोर्सले युवा पंक्तिलाई उत्साही बनाएको छ । मंसिर ४ को आम निर्वाचन मार्फत नेपालको मुलधारको राजनीतिमा उदाएका युवा अनुहारमा आफ्नो छवि देखेका नेपाली युवाहरु अब देशले सही दिशा र गति लिनेमा विश्वस्त छन् । त्यसो त देशको हरेक परिवर्तनकारी मोर्चामा अग्रपंक्तिमा युवाहरु नै उभिदै आएका छन् । तर तिनै मोर्चाहरुको राप र तापको बलमा स्थापित राज्य व्यवस्थाको आँकलनमा युवाको उपस्थिति र भूमिका कम भएपछि युवा पंक्ति विचलित हुनुलाई स्वभाविक मान्नुपर्छ ।

देश विकाससँगै हरेक क्षेत्रमा परिवर्तनको क्रममै छ । परिवर्तनसँग नेपाली जनता, यहाँका युवा पंक्तिले धेरै सपना पालेका छन् । देशको आमूल परिवर्तन हेर्ने उनीहरुमा बेग्लै हुटहुटी छ ।

राजनीतिक अस्थिरताले गर्दा कुनै पनि विकासका कार्य वा पूर्वाधार निर्माणका कार्य समयमा हुन नसक्नु यहाँको परम्परागत रोग नै बनिसकेको छ । अरु त अरु विश्वविद्यालय समेतले विद्यार्थीसँग मजाक गरिरहेको जस्तो लाग्छ । परीक्षाफल समेत समयमा प्रकाशन नगर्दा शिक्षाप्रतिको दृष्टिकोण नै नकरात्मक बन्दै गएको छ । यस विषयमा सरकार समेत मूक दर्शक बनिरहेको देखिन्छ । देशको यस्तो स्थितिले युवामा निरासापन देखिनु जायज हो । विकल्प खोज्ने क्रममा देशको ठूलो युवा जमात रोजगारी, अध्ययन र विभिन्न नाममा विदेशिन बाध्य भइरहेका छन् ।

सरकारको स्पष्ट नीतिको अभाव र भएका केही नीतिको पनि सही कार्यान्वयन नह्दा युवाले प्राप्त गरेको सीप, ज्ञान र अनभुव खेर गइरहेको छ । त्यसलाई सही ठाउँमा परिचालन गर्न मात्र सके पनि देशको कायापलट हुन समय लाग्दैनथ्यो । तर यहाँको परिदृश्य भने ठीक विपरित छ । रोजगारी नपाएर दिनहूँ दक्ष युवा जनशक्ति विदेश पलायन भइरहेको छ । प्रत्येक नेपाली युवा यही सोचेर चिन्तित छ कि, मैले आर्जन गरेको शिक्षालाई र मसँग भएको ज्ञान र अनुभवलाई आफ्नै देशमा खर्चिन पाउँछु कि पाउँदिन ? नेपाली युवाको दुर्भाग्य-आफ्नो ज्ञान र क्षमता देखाउन विदेशी पासपार्टमा भर पर्नुपर्ने बाध्यता छ । डिग्रीको सर्टिफिकेट पोको पारेर घरको एक कुनामा मिल्काएर कोही खाडी, जापान-कोरिया त कोही युरोप अमेरिका पुगेका नेपाली युवा उमेर रहुन्जेल विदेशी भूमिमा श्रमसँग सपना साट्न बाध्य छन् । उमेर ढल्किएपछि स्वदेश फर्किनेको मुहारमा पनि खुशीको कान्ति विरलै देख्न पाइन्छ ।

यदि देशभित्रै गुणस्तरीय शिक्षा, ज्ञान र सीप अनुसारको रोजगारीको अवसरको व्यवस्था भएको भए ती युवा शक्तिले देशलाई जुरुक्कै बोक्नेसम्मको सामर्थ्य राख्न सक्थे होलान् । तर विडम्बना पासपार्ट बनाएर विदेशिने युवाको रेकर्ड राख्न सक्ने नेपाल सरकारले युवाको क्षमता र योग्यतालाई भने देख्दैनन् ।

सरकारले आफ्नो देशको शक्तिलाई पहिचान र सञ्चय गर्न नसक्नु कमजोरी हो । परिकल्पनाले मात्र देश र समाज परिवर्तन हुन सक्दैन । मूल समस्या त यहाँ परिवर्तनको परिकल्पना गर्ने जमातलाई नै पासपोर्ट र एनओसी भिराएर बाहिरिने वातावरण सरकार आफैंले गरिरहेको छ ।

तर राज्य र यसको व्यवस्थालाई मात्र सरापेर पार पाउँछु भन्ने पनि होइन । किनभने एकोहोरो राज्य

> राज्य र यसको व्यवस्थालाई मात्र सरापेर पार पाउँछु भन्ने पनि होइन । किनभने एकोहोरो राज्य व्यवस्थाको सत्तोसराप गर्ने तर आफूले सिन्को भाँच्न पनि जाँगर नचलाउने धेरै छन् ।

व्यवस्थाको सत्तोसराप गर्ने तर आफूले सिन्को भाँच्न पनि जाँगर नचलाउने धेरै छन् । तिनीहरु नै देशमा केही



छैन, वातावरण बनाउन सकिएन, राजनीतिक किचलोले देश वर्वाद भयो भन्ने कोकोहोलो मच्चाएर नेगेटिभ ब्राण्डिङ गर्न माहिर छन् । यस्तो प्रवृत्ति अझ बढी घातक हुन्छ ।


सत्ता गलत मान्छेको हातमा पर्यो भनिरहँदा लोकतान्त्रिक अभ्यासमा त्यही सत्ता निर्माणमा आफ्नो पनि भूमिका निर्णायक छ भन्ने बिर्सिनु हुँदैन । त्यसैले पहिले आफैमा सकारात्मक परिवर्तन ल्याउन सक्नुपर्छ । अनि समाज र विस्तारै देशले गति फेर्छ । परिवर्तनका विविध कालखण्ड पार गरेर नेपाल अहिलेको अवस्थामा आइपुगेको छ । यो युवाकै देन हो । यसलाई कम मूल्यांकन गर्नु भूल हुन्छ ।

अब प्रत्येक युवाले देशले मलाई केही दिन सकेन भन्न छोड्नुपर्छ । मैले देशलाई केही त दिनुपर्छ भन्ने सोंच मात्र राख्न सके पनि परिवर्तनका बाछिटा त्यहीदिनबाट देखिन शुरु हुन्छ । तर त्यसका लागि हरेकले जिम्मेवार नागरिक हुनुको कर्तव्यबोध गर्नुपर्छ । अनि राज्यले पनि युवाको शक्ति र सामर्थ्यको उचित पहिचान गर्न अबेर गर्नुहुँदैन । युवा शक्तिलाई वाह्य देश जान छोड्ने होइन अवसर र सम्भावनाका ढोका खोलेर देशभित्रै छेकेर राख्नसक्नुपर्छ ।















२० औं वार्षिकोत्सव
यात्रा २१ औं वर्षमा
मध्यान्ह
१२ माघ २०७९, बिहीबार । 26 January 2022, Thursday

# हार्दिक बधाई तथा शुभकामना

**मध्यान्ह राष्ट्रिय दैनिक** पत्रिकाले विभिन्न आरोह अवरोह पार गर्दै निरन्तररूपमा आफ्नो प्रकाशनको **२० औं वर्ष पूरा गरी २१ औं वर्षमा** प्रवेश गरेको सुखद अवसरमा यस **मध्यान्ह राष्ट्रिय दैनिक** परिवारको उत्तरोत्तर प्रगतिको कामनासहित हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

RIVER ADVERTISING
ADVERTISING BRANDING PRINTING

ENZO Media Services Pvt. Ltd
Putalisadak, Kathmandu (opp. to Nepal Share Market)
+977-1-4419938
SERVICES
PAPER ADVERTISEMENT, ALL KINDS OF PRINTING JOB, DESIGNING, EVENT MANAGEMENT
Email: enzomediaservice143@gmail.com

AdCircle
Ad Circle Pvt. Ltd.
Anamnagar, Kathmandu, Nepal, Tel: 01-5900268, 9851088112
adcircle.marketing@gmail.com, www.adcircle.com.np

Herald Media & Advertising Agency (P) Ltd.
हेराल्ड मिडिया एण्ड एडभरटाइजिङ एजेन्सी प्रा.लि.
बागबजार, काठमाडौं ।
फोन नं. ०१-५३४५३४४
Email : heraldadagency@gmail.com

Raj Media & Marketing
Maitidevi Shastrimarga Kathmandu
Ghar No. 64 Ground Floor
Phone: 4529906 | E-mail: raj.adv2@gmail.com
A complete solution of media and marketing ...

डायल अप मिडिया प्रा. लि.
Dial Up Media Pvt. Ltd.
Authorized Agency for Advertisement
Tinkune, Kathmandu, Nepal.
Tel.: 01-4111541, 9851071408, 9802071408, 9851210895
Email : dialupmedia@gmail.com

Sabi Bajracharya, Proprietor, 9866402482
Satyaraj Chaulagain, Managing Director, 9851091605
Simple Ad Media
★ For all kinds of advertisement.
★ Serial & tele serial direction.
Anamnagar, Kathmandu, Nepal
activemediahouse@gmail.com

Rainbow Media Pvt. Ltd
Anamnagar, Kathmandu, Nepal
rainbowmedia55@gmail.com
+977-01-4102510

Grand Media House Pvt. Ltd
An Advertising Agency
Madhav Khanal, Managing Director
Cell : 9851045388, 9813642208,
Grand Media House Pvt. Ltd. Bagbazar, Kathmandu
Email : ad.grandmedia@gmail.com
We provide all kinds of Advertising and Printing Service.

नेपालको जुनसुकै पत्रपत्रिका, टेलिभिजन, एफ.एम. अनलाईनहरूमा सर्व सुलभ रूपमा विज्ञापन गर्नको लागि हामिलाई सम्झनुहोस ।
SUNMOON Media Pvt. Ltd.
Lazimpat - 2, Kathmandu, Nepal
Phone: 4441775, 4002032
Mob.: 9851036249, 9851196549, 9841681970
Email : mediaforadvt@gmail.com
Web: www.sunmoonmedia.com.np
"call us for effective and innovative advertising and designing"

QUE MEDIA & MARKETING PVT. LTD.
All kinds of paper advertising
Contract us:
Kathmandu-31, Shankhamul, Kathmandu, Nepal
Contact No: 01-4795404, 9851170394, 9841870394
Email: q.medianepal@gmail.com,
Website: www.quemediamarketing.com.np

Pooja Dahal, Managing Director
Good Impression Media Pvt. Ltd.
Kathmandu-31, Sankhamul
9749340281, 9840003754
goodimpressionmedia@gmail.com

JAYA LALIGURANS
INVESTMENT & TRADING COMPANY PVT. LTD.
Lalitpur-3, Hariharbhawan
+977-01-5010711, 5010610
jayalaligurans@gmail.com
OUR SERVICES: ADVERTISING AGENCY, PRINTING PRESS, PROPERTY VALUATION

Japan Gurung, Executive Director
Palika Advertising and Suppliers Pvt. Ltd.
Bagbazar, Kathmandu, Nepal
Email: palikaadd@gmail.com
We provide all Kind of Advertising and Supply Services for Government and Private Sector.

Managing Director Kamala Dangi
Trilaxmi Advertising Services Pvt. Ltd.
+977 9851324771
Tokha-08, Kathmandu
trilaxmiadvertising14@gmail.com
kushmadangi86@gmail.com
All kinds of advertising publication.

KAP MEDIA PVT. LTD.
Kathmandu-29, Anamnagar, Kathmandu
Email: kapmedia6@gmail.com

विरेन्द्र कुमार शाह
जनक दरवार मिडिया प्रा.लि.
परिवार
लहान, सिराहा
सम्पर्क नं.: ९८६०३१२५७५, ९८१७८५१४६३
इमेल: biruazad66@gmail.com

OUTREACH NEPAL
OUTREACH NEPAL PVT. LTD.

SMD Smart Media
Services
Advertising Services
Design & Illustration
Printing Services
T-shirt, Cap, Hat, Keyring, Bags etc.
SMD Smart Media Pvt. Ltd.
Dillibazar, Kathmandu, Nepal
Email: smdsmartmedia@gmail.com

KAROBAR MEDIA
KAROBARMEDIA Pvt.Ltd.
Kamaladi, Kathmandu, Nepal
977-1-4232329 | 4232045 karobarmedia@gmail.com

9851325488
Media With Technology
Rajbiraj, Saptari

Akshaya Publication & G Media Pvt. Ltd.
PHONE 01-5554815, 5549880 G.P.BOX 8450
EMAIL gmedia07@gmail.com
ADDRESS Kopundole, Lalitpur, Nepal

बिपिन अधिकारी 9855014707
सगरमाथा मिडिया हाउस
भरतपुर-९, चितवन
सेवाहरू:
विभिन्न राष्ट्रिय दैनिक पत्रपत्रिकामा सूचना तथा विज्ञापन प्रकाशन गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।
E-mail: sagarmathamediahouse12@gmail.com

Newspaper Ad Design & Print, Radio Jingle Compose and Release, TVC Ad Production and Broadcast
Ram Bajracharya, Managing Director
Creative Media Print
Advertise Design Print
Putalisadak, Kathmandu, Nepal
Call: 9851156711
Email: creativemedia2071@gmail.com

राजेन्द्र प्रजापति, अध्यक्ष
राकेश प्रजापति, प्रबन्ध निर्देशक
MR ADVERTISING AGENCY PVT. LTD.
Tokha-1, KTM, Tel.: 9846700291, 9826172438
E-mail: mradvtagency@gmail.com
पत्र-पत्रिका तथा विभिन्न सञ्चार माध्यमहरुमा विज्ञापन गर्न विश्वासिलो एजेन्सीको लागि हामिलाई सम्झनु होला ।

किरण पौडेल, प्रोप्राइटर
मो.: ९८५५०६३४०७
chitwanadvertising@gmail.com
चितवन एडभरटाइजिङ्ग तथा मिडिया सर्भिस
सम्पर्क कार्यालय: जिल्ला प्रशासन ठिक अगाडि, ☎: ०५६-५३१००८, ९८५५०८०७०७, ९८५५०८३७०७
राजधानी सञ्चारपत्र चितवन पोष्ट गोरखापत्र मध्यान्ह कान्तिपुर नयाँ पत्रिका नागरिक

जेनी शाक्य, अध्यक्ष
त्रिरत्न सञ्चार गृह प्रा.लि.
खाँदबारी, सखुवासभा

श्याम खतिवडा
अध्यक्ष
गौरी शंकर मिडिया प्रा.लि.
चरिकोट, दोलखा
सम्पर्क नं.: ९८५११५४२५२
विभिन्न पत्रपत्रिकामा विज्ञापन गर्न परेमा हामीलाई सम्झनुहोस ।

# वैदेशिक रोजगारदेखि समाजसेवासम्म

## भिजन एण्ड भ्यालु ओभरसिज प्रा.लि.

वैदेशिक रोजगार क्षेत्रको अग्रणी संस्था **भिजन एण्ड भ्यालु ओभरसिज प्रा.लि.**ले वैदेशिक रोजगारमा कामदार पठाउने व्यावसायिक कार्यसँगै सामाजिक क्षेत्रका विभिन्न माध्यमबाट मानव सेवाका कार्यलाई निरन्तर अगाडि बढाइरहेको छ । देशका बेरोजगार युवायुवतीलाई वैदेशिक रोजगारमा कामदार पठाएर सीप तथा रोजगारसँग जोड्ने उद्देश्यले आर्थिक वर्ष ०६६/०६७ मा स्थापित **भिजन एण्ड भ्यालु ओभरसिज प्रा.लि.**ले कम्पनीको कर्पोरेट सामाजिक उत्तरदायित्व अन्तर्गत यी सामाजिक कार्यहरु गरेको हो । उक्त कम्पनीका सञ्चालक **पद्मराज पौडेल** नेपालजस्तो साधन र श्रोतको कमी भएको मुलुकमा निजी क्षेत्रका उद्यमी व्यवसायीहरुले कम्पनीको कर्पोरेट सामाजिक उत्तरदायित्व अन्तर्गत समाजसेवी काम गरेमा न्यूनतम मानवीय सेवा प्रवाहमा तिव्रता आई दैवी प्रकोप, महामारीजस्ता प्रतिकूल विपत्तिको अवस्थामा जनजीवनमा केही सहजता ल्याउन मद्दत पुग्ने मानवसेवा भावले मुलुकका विभिन्न भागमा पुगेर कम्पनीको तर्फबाट साधन श्रोत जुटाएर सामाजिक कार्य गरेको बताउँछन् । समाज सेवाका कार्यले व्यक्तिगतरुपमा आफूलाई आत्मिक सन्तोष मिल्ने पनि सञ्चालक पौडेलको भनाइ छ ।

## भिजन एण्ड भ्यालु ओभरसिज प्रा.लि.द्वारा सम्पन्न गरिएका प्रमुख समाजसेवी कार्यहरु

- २०७१ सालदेखि हरेक वर्ष कम्तीमा एक पटक रक्तदान ।
- विनाशकारी भूकम्प २०७२ का बेला भूकम्प पीडित परिवारहरूलाई उद्धार सेवा तथा राहत वितरण ।
- कोभिड महामारीको बेला लमजुङको राइनास नगरपालिका- ७, धमिलिकुवास्थित सहोदर सामुदायिक अस्पताललाई दुई अक्सिजन कन्सन्टेटरसहित स्वास्थ्य सामग्रीहरू सहयोग प्रदान ।
- अमेरिकाको कार्टर पिलर फाउण्डेशन र एसिष्ट इन्टरनेशनलको सहयोगमा कास्कीको पोखरास्थित पश्चिमाञ्चल स्वास्थ्य विज्ञान प्रतिष्ठान, लेखनाथको संक्रामक तथा सरुवा रोग अस्पताल तथा विभिन्न स्वास्थ्य चौकीहरूमा कोरोना संक्रमण नियन्त्रण तथा रोकथामसम्बन्धी विभिन्न स्वास्थ्य सामग्री सहयोग प्रदान ।
- पश्चिमाञ्चल स्वास्थ्य विज्ञान प्रतिष्ठानलाई एक थान भेण्टिलेटर, सक्सेन मेशिन, प्यासेण्ट मेसिनसहित करिब १५ लाख बराबरको विभिन्न स्वास्थ्य सामग्री हस्तान्तरण ।
- लेखनाथकै रुपा स्वास्थ्य चौकी र पोखरा-३१ स्थित बेगनास स्वास्थ्य चौकीलाई अक्सिजन कन्सन्टेटर, नेबुलाइजर, मास्क, स्यानिटाइजर, पञ्जालगायतका सामग्री हस्तान्तरण ।
- काठमाडौंको बीर अस्पताल, कान्ति बाल अस्पताल र बनेपाको सिर मेमोरियल अस्पताललाई पनि स्वास्थ्य सामग्री सहयोग ।
- कान्ति बाल अस्पताललाई २५ थान व्यक्तिगत सुरक्षाका सामान (पीपीई) उपलब्ध ।
- पूर्वस्वास्थ्यमन्त्री खगराज अधिकारीद्वारा अस्पतालका निर्देशक डा. कृष्ण पौडेललाई उक्त सामग्री हस्तान्तरण ।
- सहयोग सामग्री हस्तान्तरणका अवसरमा भिजन एण्ड भ्यालु ओभरसिजका सञ्चालक पदमराज पौडेलद्वारा कान्ति बाल अस्पतालमा कोरोना उपचारका लागि अत्यावश्यक पीपीई कम भएको भन्ने थाहा पाएर आफ्नो संस्थाकातर्फबाट तत्काल २५ थान पीपीई उपलब्ध ।
- मानव सेवा आश्रमलाई निरन्तर सहयोग ।
- ११ विद्यालयलाई कम्प्यूटर र शैक्षिक सामग्री सहयोग ।
- पोखरा स्पोर्टस् अवार्डलाई सहयोग ।
- कम्पनी स्थापनाको १२ वर्षमा करिब १०,००० जना बेरोजगार नेपाली दिदीबहिनी तथा दाजुभाइहरूलाई विश्वका प्रतिष्ठित रोजगारदाता कम्पनीहरुमा रोजगारी प्रदान ।









**VISION & VALUE**

**सेवा नै धर्म**

# महँगो ब्याजदरको तरंग



रोयल आचार्य

" सबैले बुझ्न् पर्ने कुरा भनेको बैंकमा देखिएका समस्याहरु कुनै व्यक्ति वा संस्थाले सिर्जना गरेको समस्या भने होइन । कोरोना महामारीका कारण विस्व अर्थतन्त्र निकै अप्ठेरो अवस्थामा पर्यो । यसले नेपाली अर्थतन्त्र अछुतो रहने कुरा भएन ।

नेपाल उद्योग वाणिज्य महासंघ, अर्थात निजी क्षेत्रको सबैभन्दा ठूलो संगठन । यो संस्थाको देशभर सञ्जाल फैलिएका छन् । जिल्ला-नगर संघको रुपमा महासंघको अतित्व पालिकास्तरसम्म छ । अहिले बैंक र व्यवसायीबीचको सम्बन्ध चिसिएको छ । सम्बन्ध चिसिनुको कारण हो, बैंकको ब्याजदर । यसको असर आगामी चैतमा हुने महासंघको चुनावसम्म नै पुग्दैछ । बैंक सञ्चालक रहेका महासंघको नेताहरुलाई चुनाव हराउने अभियानमा धेरै जिल्लानगर उद्योग वाणिज्य संघका अध्यक्षहरु देखिन्छन् । 'बैंकका कारण धेरै मर्कामा परेका छौं, बैंक सञ्चालकलाई नै त कसरी भोट हाल्न सकिएला र ?' कोहलपुर उद्योग वाणिज्य महासंघका अध्यक्ष लक्ष्मणराज पौडेलले एक छलफलमा स्तम्भकारलाई सुनाएका थिए । सुर्खेत उद्योग वाणिज्य संघका अध्यक्ष लक्ष्मण कँडेल पनि बैंकको सञ्चालक रहेका व्यक्तिले वास्तविक व्यवसायीहरुको पीडा सुन्न नसक्ने बताउछन् ।

महासंघको भूमिकालाई लिएर पनि पछिल्लो समय निकै चर्चा भयो । महासंघका उपाध्यक्षत्रयहरु दिनेश श्रेष्ठ, अञ्जन श्रेष्ठ श्रेष्ठ र रामचन्द्र संघई नै बैंकविरुद्धको आन्दोलनमा सहभागी भए । माइतिघरमा निस्किएको जुलुसमा महासंघकै वर्तमान तथा पूर्व पदाधिकारीहरु सम्मिलित थिए । यद्यपि, यो आन्दोलन रोक्न महासंघको नेतृत्वले निर्देशन दिएको थियो । महासंघले विज्ञप्ति जारी गरेर महासंघले मंसिर ४ गते हुने चुनावलाई मध्यनजर गरेर आन्दोलनका कार्यक्रम स्थगित गरिएको जानकारी दिएको थियो । चुनाव सकियो, माओवादी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड नेतृत्वमा सरकार गठन बनेको छ । नयाँ सरकार बनिसके पछि पनि व्यवसायीका समस्याहरु समाधान हुन सकेका छैनन् ।

पछिल्लो समय महासंघले बजारमा देखिएको तरलता अभावका कारण निरन्तर बढिरहेको कर्जाको ब्याजदर स्थायित्व र चालु पुँजी कर्जा मार्गदर्शन स्थगित गर्न माग गर्दै आन्दोलन गरिरहेको छ । 'महासंघले नेपाल सरकार तथा नेपाल राष्ट्र बैंकसँग जोडदार माग गर्दछ । बजारको न्युन मागका कारण व्यापार व्यवसाय प्रभावित भैरहेका बेला बढेको ब्याजदर र यही कात्तिकबाट केन्द्रीय बैंकले लागू गरेको मार्गदर्शनका कारण निजी क्षेत्र मर्माहत भएको छ,' विज्ञप्तिमा उल्लेख गरिएको छ । त्यस्तै तरलता व्यवस्थापन, ब्याजदर स्थायित्व र चालु पुँजी कर्जा मार्गदर्शन स्थगनका लागि महासंघका सदस्य जिल्ला/नगर उद्योग वाणिज्य संघहरु एवं वस्तुगत संघहरूले राखेका मागप्रति महासंघ ऐक्यवद्धता रहेको जनाइएको छ । उद्योगी व्यवसायीहरुको अहिले आत्तिनुको प्रमुख एक कारण भनेको बैंकको ब्याजदर हो ।



### ब्याजदर र व्यवसायी

बैंकको ब्याजदर बढेको भन्दै व्यापारीहरु सडकमै उत्रिएका छन् । बैंक तथा वित्तीय संस्थाहरुलाई गाली गलौज समेत भइरहेका छन् । अझ छोटोमा भनौं, बैंक माथि व्यवसायीहरु क्रुर बन्दै गइरहेका छन् । चर्चित बैंकर उपेन्द्र पौड्यालको बुझाइमा व्यवसायीहरुले बैंकको समस्या बुझेका छैनन् । बैंकमा रकमको पर्याप्तता हुँदा व्यवसायीहरु घुर्काउछन् । थोरै प्रतिशत अर्को बैंकले ब्याजदर सस्तो गर्न लागेको भन्दै उनीहरुले बैंकलाई घुर्काउछन् । ब्याजदर नघटाए अर्को बैंकमा ऋण सारिदिने धम्की दिदै वा घुर्काउदै व्यवसायीहरुले फाइदा लिन्छन् ।

बैंकको ब्याजदर केही घट्ने स्पष्ट संकेतहरु भने पछिल्लो समय देखिएको छ । २०७८ मंसिरमा ९१-दिने ट्रेजरी बीलको भारित औसत ब्याजदर ५.०४ प्रतिशत रहेकोमा २०७९ मंसिरमा १०.६७ प्रतिशत रहेको छ । वाणिज्य बैंकहरुबीचको अन्तर-बैंक कारोबारको भारित औसत ब्याजदर २०७८ मंसिरमा ४.९६ प्रतिशत रहेकोमा २०७९ मंसिरमा ७.९६ प्रतिशत रहेको छ । मौद्रिक नीतिको संचालन लक्ष्यको रुपमा लिइने औसत अन्तर-बैंक ब्याजदर २०७९ मंसिरमा ८.०० प्रतिशत रहेको छ । अघिल्लो बर्षको सोही महिनामा यस्तो ब्याजदर ४.९७ प्रतिशत रहेको थियो । वाणिज्य बैंकहरुको औसत आधारदर २०७८ मंसिरमा ८.२५ प्रतिशत रहेकोमा २०७९ मंसिरमा १०.६९ प्रतिशत कायम भएको छ । २०७९ मंसिरमा वाणिज्य बैंकहरुको निक्षेपको भारित औसत ब्याजदर ८.४६ प्रतिशत र कर्जाको भारित औसत ब्याजदर १२.७४ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही महिनामा यस्ता दरहरु क्रमशः ६.२४ प्रतिशत र ९.२९ प्रतिशत रहेका थिए ।

बैंकको ब्याजदर अत्यधिक बढेको छ । यसले उपभोगीय मूल्यको वस्तु बढाएको छ । सर्वसाधारण जनताहरु महंगीको मारमा थिचिएका छन् । सामान्य नागरिकले महंगीका कारण जीवन यापन गर्न समेत तनाव झेल्नु परेको छ । केही नयाँ काम गरौं भन्नेहरुले पनि बैंक तथा वित्तीय संस्थाहरुबाट सहजै रुपमा ऋण पाउन सकेका छैनन् । पुरानो ऋण पनि चुक्ता गर्नका लागि हम्मेहम्मे परेको छ । एकातिर बैंकले ऋण तिर्न ताकेता गर्ने र अर्को तर्फ व्यापार व्यवसाय ठप्प हुँदा सबै क्षेत्र अप्ठेरो अवस्थामा परेको छ ।

विदेशबाट भित्रिने रेमिट्यान्स पनि घटेको छ भने स्वदेशी उत्पादन पनि बढ्न सकेको छैन । विदेशबाट आउने पर्यटकहरुको संख्या पनि पुरानै अवस्था फर्किन अझै समय लाग्ने त्यस क्षेत्रका जानकारहरु बताउछन् । यसले मुलुकको अर्थतन्त्र समस्यामा परेको स्पष्ट देखाउछ । व्यवसायीहरुको नजरमा सबैभन्दा महत्वपूर्ण कुरा भनेको अहिले बैंकको ब्याजदर नै हो । अहिले ब्याजदर बढ्नुको कारण भनेको बैंकमा लगानी योग्य रकम तरलता अभाव प्रमुख कारण हो । तर यहाँ सबैले बुझ्न् पर्ने कुरा भनेको बैंकमा देखिएका समस्याहरु कुनै व्यक्ति वा संस्थाले सिर्जना गरेको समस्या भने होइन । कोरोना महामारीका कारण विस्व अर्थतन्त्र निकै अप्ठेरो अवस्थामा पर्यो । यसले नेपाली अर्थतन्त्र अछुतो रहने कुरा भएन । कोभिडको त्रास कम भएपछि पनि दुई ठूलो देशहरु रुस र युक्रेनबीच जारी युद्धका कारण पनि महंगी बढेको छ । निर्यात गर्न नसक्ने र आयात अत्यधिक हुँदा विदेशी मुद्राको सञ्चिति पनि खस्कदो अवस्थामा छ । बैंक तथा वित्तीय संस्थाहरु भनेको निक्षेप राख्न र ऋण दिनकै लागि हुन् । तर लगानी योग्य रकम नहुँदा बैंकहरुले महंगो ब्याजदरमा निक्षेप लिनु परेको छ । महंगोमा निक्षेप लिए पछि ऋण पनि सोही अनुसार लगानी गर्नैपर्ने हुन्छ ।

*(आर्थिक पत्रकारितामा क्रियाशील लेखक आचार्य आर्थिक मिडिया सञ्चालक संघका अध्यक्ष हुन् ।)*












# बजेट अनुशासन



तुलबहादुर मगर

> खर्च प्रणालीलाई सुधार नगर्ने र आर्थिक वर्षको अन्त्यमा मात्रै विभिन्न ढंगले अधिक खर्च गरेर पुँजीगत खर्च धेरै देखाउने प्रवृत्तिमा सुधार हुन सकेको छैन । जसले गर्दा पूर्वाधार क्षेत्रमा दीगो र प्रभावकारी विकासमा समस्या देखिने गरेको छ ।

पछिल्ला वर्षहरुमा सरकारको पुँजीगत खर्च गर्ने क्षमतामा निरन्तर ह्रास आइरहेको छ । वर्षेनी रुपमा बजेटको आकारमा वृद्धि भइरहने तर पुँजीगत खर्च क्षमता भने उक्त अनुपातमा बढ्न नसकेको देखिन्छ । महालेखा नियन्त्रक कार्यालयको तथ्यांकअनुसार पुस मसान्तसम्ममा सरकारले पाँच खर्ब ७६ अर्ब ३४ करोड ७६ बराबर खर्च गरेको छ । चालु आर्थिक वर्षका लागि सरकारले कूल १७ खर्ब ९३ अर्ब ८३ करोड ७३ लाख बराबर विनियोजन गरेको थियो । बजेटको अर्धवार्षिक समीक्षा अवधिमा १४ प्रतिशत बराबर मात्रै पुँजीगत खर्च भएको छ । चालु आवका लागि सरकारले पुँजीगत शीर्षकमा तीन खर्ब ८० अर्ब ३८ करोड ४५ लाख बराबर बजेट छुट्याएको थियो । पुस मसान्तसम्ममा पुँजीगत खर्च ५३ अर्ब ४५ करोड ५२ लाख बराबर खर्च भएको हो ।

आथिक वर्ष २०७८/८९ को पुस मसान्तसम्मको अवधिमा पनि सरकार पुँजीगत खर्चमा निकै कमजोर थियो । सो समयमा सरकारले ५० अर्ब ८० करोड अर्थात् पुँजीगततर्फ विनियोजित बजेटको १३.४४ प्रतिशत मात्रै खर्च गरेको थियो । आर्थिक वर्ष २०७७/७८ को बजेटको अर्धवार्षिक मूल्याङकन प्रतिवेदन २०७७/७८ मा सो वर्ष सरकारले पुँजीगत खर्चतर्फ भने ५० अर्ब ८१ करोड ७० लाख रूपैयाँ अर्थात् १४.४ प्रतिशत खर्च भएको थियो । २०७७/७८ लाई कोभिड १९ को कारणले सबैभन्दा धेरै अर्थतन्त्र प्रभावित भएको वर्षको रूपमा पनि लिइन्छ ।

खर्च प्रणालीलाई सुधार नगर्ने र आर्थिक वर्षको अन्त्यमा मात्रै विभिन्न ढंगले अधिक खर्च गरेर पुँजीगत खर्च धेरै देखाउने प्रवृत्तिमा सुधार हुन सकेको छैन । जसले गर्दा पूर्वाधार क्षेत्रमा दीगो र प्रभावकारी विकासमा समस्या देखिने गरेको छ । गत आर्थिक वर्षका ११ महिना औसतमा मासिक १२ अर्ब रुपैयाँको विकास बजेट खर्च भएको र अन्तिम महिनामा मात्र ७९ अर्ब रुपैयाँ खर्च भएको तथ्यांकले देखाउँछ । मुलुकमा विकास खर्चको प्रवृत्ति कति डरलाग्दो छ भन्ने कुरा सोही तथ्यांकले प्रस्ट पार्छ ।

अर्थमन्त्रालयको तथ्यांकअनुसार २०७४ असारमा १ खर्ब ८ करोड ४१ लाख रुपैयाँ पुँजीगत खर्च भएको थियो । २०७५ को असारमा ९० अर्ब ९ करोड रुपैयाँ, २०७६ को असारमा ६५ अर्ब ७१ करोड रुपैयाँ, २०७७ असारमा ८५ अर्ब २१ करोड र २०७८ असारमा ८६ अर्ब रुपैयाँ खर्च भएको थियो ।

आर्थिक वर्ष २०७५/७६ मा ९० अर्ब रुपैयाँ रकमान्तर भएको थियो । त्यस्तै, महालेखा परीक्षक कार्यालयको प्रतिवेदनअनुसार आर्थिक वर्ष ०७६/७७ मा ३ खर्ब ३३ अर्ब ९७ करोड रुपैयाँ (कूल बजेटको २१.७८ प्रतिशत) रकमान्तर भएको थियो । महालेखा परीक्षकको आर्थिक वर्ष २०७७/७८ को लेखापरीक्षण प्रतिवेदन अनुसार सो आर्थिक वर्षमा विनियोजित बजेटको खर्च गर्दा ४० दशमलव ५ प्रतिशत रकमान्तर गरेर खर्च गरिएको थियो ।

१० प्रतिशतभन्दा बढी रकमान्तर गर्नु आर्थिक ऐन विपरित हुन्छ । संसद्ले पारित गरेको बजेटबाट आफूखुशी खर्च शीर्षक बदल्दै एउटा कार्यक्रमको पैसा अर्को कार्यक्रममा खर्च गर्नुलाई बजेट अनुशासनको दृष्टिमा 'अपराध' को कोटीमा गनिन्छ । तर, सो प्रवृत्ति संघीय तहमा सबैभन्दा धेरै जकडिएको तथ्यांकहरुले देखाउँछन् ।

आगामी दिनमा मुलुकलाई दिगो, प्रभावकारी र सुशासित विकास प्रदान गर्ने हो भने राजनीतिक तहमा पहिला आर्थिक सुशासन कायम गर्ने गरी एकतापूर्ण सहमति हुन जरुरी छ । राजनीतिक रुपमा सत्ताको नेतृत्वमा हुने वा पहुँचमा हुने राजनीतिक शक्तिले प्रत्येक वर्ष आफ्नो प्रभाव विस्तारको गलत मनसाय विपरित प्रशासन संयन्त्रलाई प्रयोग गरेर रकमान्तर गराउने प्रवृत्ति अन्त्य हुन जरुरी छ । संघीय शासन अनुरुप आर्थिक खर्च अनुशासन र गुरुयोजनाको प्रभावकारी कार्यान्वयनमा सबै राजनीतिक दलहरु एक ठाउँमा आउन सकेमा मात्रै सरकारको खर्चलाई प्रभावकारी र अनुशासित बनाउन सकिन्छ ।









# गृहिणीले धानेको समाज

गृहिणी पूरै परिवारको मियो हुन् । सानोतिनो झै/झमेला व्यवस्थापन गर्न कति धेरै सास्ती भइरहेको हुन्छ । गृहिणीहरु आफ्नो परवाह नगरि पति, सासुससुरा र बच्चाहरुको रेखदेखमा लागि रहन्छन् । बिहानदेखि बेलुका सम्म मेसिनले जस्तै घरको सारा काम सक्ने र सबैको ध्यान राख्ने गृहिणीको लागि आफ्नो लागि भने समय धेरै कम हुन्छ ।




विमला ढकाल


गृहिणीको आवश्यकता त पर्छ नै त्यो महिला नै हुनुपर्छ भन्ने मान्यता बदल्नु मात्रै चुनौती हो । यसका लागि मानसिकता बदल्नुपर्छ ।



नेपाली वृहत शब्दकोशमा गृहिणीको दुइटा अर्थ छ । एउटा- घरकी मालिक्नी, गृहस्वामिनी । अर्को पत्नी, स्वास्नी । अर्थात, शब्दकोषले नै गृहिणी भनेको महिला हुन्छन् भनी परिभाषित गरेको छ ।

आम बुझाईमा पनि गृहिणी भनेको भात/भान्सा तयार गर्ने, छोराछोरीलाई ख्वाउने, जुठो भाँडा माझ्ने, घर सफा गर्ने, सागसब्जीको व्यवस्था गर्ने, लुगाफाटो मिलाउने व्यक्ति हुन् । समग्रमा घरभान्सामा काम गर्नेलाई महिलालाई गृहिणी भन्छौं । पितृसतात्मक सोंच र आवरणमा पनि महिलालाई गृहिणीको जिम्मेवारी सुम्पन्छौं । श्रीमती पाल्न सक्ने वा नसक्ने भनी पुरुषको मुल्यांकन गर्ने आम प्रवृति त संस्कारकै रुपमा छ । जबसम्म यस्तो दम्भ र भ्रम समाजमा मेटिदैन, तबसम्म घर/गृहस्थीमा सुख भित्रिदैन । घरमा सुख तब भित्रिन्छ, जब गृहणीको रुपमा महिलालाई मात्र खुम्चाइदैन । र, पनि परिवार, समाज हुँदै सिंगै मुलुकलाई गृहिणीकै रुपमा भएपनि एकतावद्ध बनाइराख्न गृहिणीको ठूलो भूमिका छ ।

गृहिणी पूरै परिवारको मियो हुन् । सानोतिनो झै/झमेला व्यवस्थापन गर्न कति धेरै सास्ती भइरहेको हुन्छ । गृहिणीहरु आफ्नो परवाह नगरि पति, सासुससुरा र बच्चाहरुको रेखदेखमा लागि रहन्छन् । बिहानदेखि बेलुका सम्म मेसिनले जस्तै घरको सारा काम सक्ने र सबैको ध्यान राख्ने गृहिणीको लागि आफ्नो लागि भने समय धेरै कम हुन्छ । गृहिणीहरुलाई थोरै समय निकालेर आफूलाई मनपरेको काम गर्ने फुर्सद कहिल्यै हुँदैन । सारा परिवारको अपेक्षाहरु पुरा गर्दागर्दै उनीहरुको सारा जिन्दगी बित्छ ।

अफिसबाट घर आउँदा आफ्नी पत्नीले सबैकुराको ख्याल राखुन् भन्ने हरेक पतिको चाहना हुन्छ तर, उनीहरुलाई पत्नीले घरका अन्य सदस्यहरुको पनि हेरचार गर्नुपर्छ भन्ने कुराको मतलब हुँदैन । उनीहरु आफ्नो पत्नीको समस्या बुझ्न नै चाँहदैनन । आफूले गर्न सक्नेससाना काम पनि पत्नीले नै गरिदेओस् भन्ने चाहन्छन् । यस्तोमा पत्नीले, 'मेरो पनि अरु धेरै काम छ, म थाकेको हुन्छु, मेरो पनि केही रहर र इच्छाहरु छन्' भनेर भनिन् भने उनीहरु पत्नीसँग रिसाउन थाल्छन् । यही सानो कुराले पतिपत्नी बीचमा झगडा सुरु हुन्छ । यस्तो झगडालाई नबढाउन र परिवारलाई एकाकार राखिराख्न महिलाहरुले नै सम्झौता गर्दै आएका छन् ।

बच्चाहरुको स्याहार र उनीहरुले भनेका हरेक कुराहरु पुरा गर्दा गर्दै आमा थाकिसकेकी हुन्छिन् । बच्चालाई खाना खुवाउने, उनीहरुको कपडा धोइदिने, नुहाइदिने, स्कूलको लागि तयार गरिदिने र पढ्न र होमवर्कको लागि सघाउने सबै काम आमाले नै गर्नपर्छ । जब पति र बच्चा घरमा हुन्छन् गृहिणीहरुलाई फुर्सद नै हुँदैन । गृहिणीको कुरा कसैले सुन्दैनन् । गृहिणीले आफ्नो पति र बच्चाहरुको लागि सबै खुसी त्यागिदिन्छिन् ।

जस्तैः कुनै गृहिणीलाई घरमा काम गर्दा पुराना लोकगीत सुनेर काम गर्न मन लाग्छ तर, बच्चाहरुलाई लोकगीत मन पर्दैन र उनीहरुले गीत बन्द गरिदिन्छन् । उनको मन दुख्छ तर, आफ्नो बच्चाको खुसीको लागि उनी केही भन्न सक्दिनन् । यस्तोमा पति र बच्चा घरमा नभएको बेलामा गृहिणीले आफूलाई मनपर्ने गीत सुन्ने र मनपर्ने काम गर्छिन् ।

अहिले प्रतिस्पर्धाको जमाना छ । सबै अभिभावकले आफ्नो बच्चालाई अरु भन्दा अगाडि देख्न चाहन्छन् । यस्तोमा बच्चाको पढाई राम्रो बनाउने जिम्मा पनि गृहिणीकै वा आमाकै काँधमा हुन्छ ।

बच्चाको राम्रो वा खराब नतिजा दुवैमा गृहिणीलाई जिम्मेवार मानिन्छ । त्यसैले गृहिणीलाई बच्चाको पढाईमा ध्यान दिनुपर्ने र उनीहरुलाई होमवर्क गराउने पढाउने काम गर्नुपर्छ । यदि बच्चा बिरामी भए भने यसलाई गृहिणीकै गल्ती मानिन्छ र उनीहरुले ध्यान दिएनन् भनिन्छ । त्यस्तै गृहिणीहरुले सासुससुराको पनि ख्याल राख्नुपर्ने हुन्छ ।

त्यस्तै यदि उनले सँधै सादा खाना बनाइन् भने कसैलाई पनि मन पर्दैन । यदि उनले कहिले केही विशेष परिकार बनाइन भने खानेबेलामा सबैले मिठो मानेर खान्छ । तर, कसैको पेट अलि खराब भयो भने उनीहरुलाई यस्तो चिल्लो पिरो, मसालेदार परिकार बनाउने किन बनाएको भनेर समेत गालि गरिन्छ ।

एक त उनीहरुलाई बिहान देखि बेलुकासम्म सास फेर्ने पनि फुर्सद हुँदैन त्यसमाथि पनि सबैले उनैलाई अपजस दिन्छन् । तर, पनि परिवारका लागि गृहिणीले सम्झौता गरिरहेका हुन्छन् । यदि पतिलाई आफ्नो साथीहरुसँग घुमफिर गर्ने स्वतन्त्रता छ, बच्चाहरुलाई मनपरेको कुरा गर्ने स्वतन्त्रता छन भने गृहिणीलाई किन छैन ? गृहिणीलाई पनि आफूलाई मनपर्ने कुरा गर्ने हक छ । उनीहरुलाई पनि अवसर चाहिन्छ । संविधानत पुरुष र महिलालाई समान हक छ । राजनीतिक अधिकार अन्तर्गत संविधानतः महिलालाई स्पेस छ । सरकारी स्तरमा मात्रै नभएर कानून निर्माण गर्ने थलो संसदमा पनि ३३ प्रतिशत सहभागिता सुनिश्चित छ । राष्ट्रपति, सभामुख, उपसभामुख, प्रधानन्यायाधीश जस्ता जस्ता पदहरुमा महिलाहरु पुगिसकेका छन् । जो विगतमा गृहिणी थिए । वर्तमान राष्ट्रपति विद्यादेवी भण्डारीले एक टेलिभिजन अन्तर्वार्तामा मदन भण्डारी रहँदासम्म आफूले घरको जिम्मेवारी सम्हालेको बताएकी थिइन् । मदन भण्डारीले नै दुबैजना पार्टीको काम (राजनीति) मा लागे घर कसले सम्हाल्छ भनी भनेको उनले सुनाएकी छन् । अर्थात, पितृसतात्मक सोंच वा गलत परम्परा नै सही गृहिणीले परिवार, समाज र पूरै राष्ट्रका लागि योगदान गर्दै आएको तथ्य सत्य हो । सूचना प्रविधिको विकास, शिक्षा र जनचेताको विस्तारसँगै अब पुरुषले पनि गृहणीको भूमिका निर्वाह गर्न सक्छन् । गृहिणीको आवश्यकता त पर्छ नै त्यो महिला नै हुनुपर्छ भन्ने मान्यता बदल्नु मात्रै चुनौती हो । यसका लागि मानसिकता बदल्नुपर्छ । त्यो भन्दा अगाडि गृहिणी शब्दको अर्थ नेपाली बृहत शब्दकोशमा सच्याइनुपर्छ ।

***(लेखक ढकाल समाजशास्त्र र अंग्रेजी साहित्यमा स्नातक तहमा अध्ययनरत विद्यार्थी हुन् ।)***


२०औं वार्षिकोत्सव यात्रा २१ औं वर्षको

हार्दिक बधाई तथा शुभकामना

मध्यान्ह

मध्यान्ह राष्ट्रिय दैनिक २०औं वर्ष पुरा गरी २१औं वर्षमा प्रवेश गरेको अवसरमा बधाई तथा उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

रविन गुरुङ
प्रवन्ध निर्देशक तथा

Trust Nepal Overseas (P.) Ltd.
ट्रष्ट नेपाल ओभरसिज प्रा. लि.
परिवार

चप्पल कारखानाचोक, महाराजगंज, काठमाडौं, फोन: ४३७७१९०, ४३७७१९६



लेकवेशी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कल्याण, सुर्खेत, कर्णाली प्रदेश, नेपाल

लेकवेशी नगरपालिकाको जनहितमा जारी सन्देश

- घर निर्माण गर्नु अगाडि अनिवार्य रूपमा नगरपालिकाबाट नक्सा पास गरौं ।
- घर निर्माण गर्दा भूकम्प प्रतिरोधी गराउने सम्बन्धमा कुनै सम्झौता नगरौं ।
- घर निर्माण गर्नु अघि बस्ती विकास, सहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत मापदण्डको बारेमा जानकारी राखौं र सोको पालना गरौं ।
- सार्वजनिक जग्गा, पोखरी, वन आदि व्यक्तिगत प्रयोजनका लागि प्रयोग नगरौं, त्यस्ता क्षेत्रहरू अतिक्रमण हैन, संरक्षणको लागि पहल गरौं ।
- व्यक्तिगत घटना घटेको ३५ दिनभित्र संयुक्त वडा कार्यालयमा घटना दर्ता गरौं ।
- कर तिर्न भनेको तपाई हामीले चाहेको विकास गर्ने अवसर प्राप्त गर्नु हो । तसर्थ विकासका खातिर समयमै तोकिएको कर दस्तुर नगरपालिकामा बुझाउने गरौं ।
- नगरपालिकाबाट प्राप्त हुने सेवाका सम्बन्धमा सदैव चासो राखौं । तपाईले जति बढी चासो देखाउनु हुन्छ, नगरपालिका त्यति धेरै जनउत्तरदायी बन्दछ ।
- सडक छेउ किनारामा निर्माण सामग्रीहर नराखौं ।
- घर निर्माण गर्दा घर नक्सा पास गरेर मात्र निर्माण कार्य शुरू गरौं ।
- कर समयमै तिरौं ।
- आफ्नो घर परिसरमा कम्तिमा २ वटा बहुवर्षीय बिरूवा रोपौं ।
- हरेक किसिमका हिंसा अन्त्यका लागि आफ्नो ठाउँबाट काम गरौं ।
- जथाभावी फोहोर नगरौं । फोहोर बोक्ने गाडी आएको बखत मात्र फोहोर बाहिर निकालौं ।
- महिला हिंसारहित बनाउने अभियानमा सबै जना सहभागी बनौं ।
- व्यक्तिगत घटना दर्ता अन्तर्गत जन्म, विवाह, बसाईसराई, सम्बन्धविच्छेद, मृत्यु दर्ता समयमा नै गरौं । सभ्य नागरिकको भूमिका निर्वाह गरौं ।
- आफ्नो गाउँटोलमा सञ्चालन हुने विकास निर्माणमा सहभागी बनी विकासको हरेक काम कारबाही जानकारी राखौं । विकास निर्माण कार्यक्रममा जनसहभागिता जुटाऔं ।
- स्वस्थ रहन सरसफाईमा ध्यान दिऔं । आफ्नो घर आँगनबाट उत्पन्न हुने फोहोरमैलालाई उचित व्यवस्थापन गरी सफा, सुन्दर बनाउन सहयोग गरौं ।
- शौचालयमा दिसा, पिसाव गरेपछि साबुन पानीले हात धुने बानी बसालौं, जसबाट महामारीका रूपमा आउने रोगबाट बचौं ।